सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ असोज २०८२, शनिबार (27 Sep 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १६७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पूर्वराष्ट्रपतिदेखि
पूर्वकर्मचारीसम्मका
कानुनविपरीतका
सुविधा फिर्ता हुने



कतिपय पूर्वप्रधानमन्त्रीले गाडी र स्वकीय सचिवको सुविधासमेत कानुनविपरीत राख्दै आएका छन्। त्यस्तै, पिएसओको सुविधा पनि नेता र प्रहरीकै कतिपय पूर्वअधिकारीले नियमविपरीत प्रयोग गर्दै आएका छन्। पूर्वप्रधानन्यायाधीशहरूले पनि कानुनबिनै गाडी सुविधा लिएका छन्।

यस्तो सुविधा फिर्ता गर्न अर्थ मन्त्रालयले शुक्रबार गृह र रक्षा मन्त्रालयलाई पत्राचार गरेको छ

(विस्तृत पृष्ठ २)

दसैं विशेष
झ्रङ्नयाँ

दसैंले जोडेको
नेपाली मन



दसैं केवल पर्व मात्र होइन,
यो विश्वभर छरिएका नेपाली हृदयलाई
एउटै सूत्रमा गाँस्ने सांस्कृतिक सेतु हो

लैंगिक तथा
यौनिक अल्पसंख्यक
जसलाई छुँदैन
दसैंको खुसियालीले

दसहरा अर्थात्
मधेशको दसैं

कर्णालीमा गोर्खाली
फौजले भित्र्याएको दसैं

सुदूरपश्चिमको
पहाडमा रामलीला



दसैं टीका : रंगको अर्थ

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अब के गर्छिन् विद्या ?

पार्टी पुनर्गठनको मुद्दा उठाउँदै केन्द्रीय समितिबाट आफ्नो सदस्यता नवीकरण नगर्ने निर्णय पनि उल्ट्याउने र नेतृत्वका लागि मैदानमा उत्रिने रणनीति

तर, पार्टी उपाध्यक्ष, मन्त्री र दुईपटक राष्ट्रपति भइसकेकी विद्यालाई 'ओलीको विकल्प म किन' भन्ने औचित्य पुष्टि गर्न चुनौती

राजनीतिक विश्लेषक कृष्ण पोखरेल भन्छन्–

भण्डारीले नेतृत्व लिने होइन, हस्तान्तरण र पुस्तान्तरणका लागि अभिभावकको भूमिका खेल्नुपर्छ



जेन-जी आन्दोलनको भावनालाई बुझेर उहाँ (विद्या भण्डारी)ले अब आफूले नेतृत्व लिनेभन्दा पनि जडतालाई चिर्नका लागि अभिभावकीय भूमिका खेलेर योगदान गर्नु उपयुक्त हुन्छ। उहाँले पार्टी र नेतृत्वलाई जडताबाट नेतृत्व हस्तान्तरण र पुस्तान्तरणमा भूमिका खेल्न सक्नुपर्छ। अहिलेको सन्दर्भमा यी काम गर्न पार्टी सदस्यता लिएर पार्टीमै फर्किएर गर्ने कि बाहिर बसेर गर्ने त्यो उहाँको व्यक्तिगत निर्णयको कुरा भयो।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि पार्टीभित्र र सार्वजनिक रूपमा एमाले अध्यक्ष केपी ओलीले नेतृत्व छाड्नुपर्ने आवाज उठिरहेका बेला पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पनि पार्टी पुनर्गठन र रूपान्तरण गर्नुपर्ने भन्दै थप सक्रिय बनेकी छिन्। आन्दोलनमा गरिएको दमनसहित पार्टीभित्र भएका कमी-कमजोरीको आत्मसात् गर्दै ओलीले मार्गप्रशस्त गर्नुपर्ने पक्षमा उनी छिन्।

आगामी महाधिवेशनमा नेतृत्वका लागि प्रतिस्पर्धा गर्ने रणनीतिसहित अघि बढिरहेका बेला अध्यक्ष ओलीले पार्टीबाट भण्डारीको सदस्यता नवीकरण नगर्ने निर्णय गराएर 'झड्का' दिएका थिए। बदलिएको परिस्थितिमा केन्द्रीय समितिबाट आफ्नो सदस्यतासम्बन्धी निर्णय गराएर नेतृत्व लिन मैदानमा उत्रिने भण्डारीको योजना छ।

अध्यक्ष ओली आफैंले कमजोरी आत्मसात् गर्दै मार्गप्रशस्त गरेर बदलिएको परिस्थितिमा पार्टी पुनर्गठनको सन्देश दिँदै वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई कार्यवाहक अध्यक्ष दिनुपर्ने भण्डारी समूहको माग छ। यसो हुँदा सदस्यता नवीकरण नगर्ने

» पृष्ठ २ मा क्रमशः



शुक्रबार बुद्धिजीवीहरूसँग अन्तर्क्रियामा विद्या भण्डारी

ईश्वरलाई कार्यवाहक बनाएर पार्टीमा फर्किने या बहुमतबाट महाधिवेशन फेस गर्ने रणनीति

अध्यक्ष ओली आफैंले कमजोरी आत्मसात् गर्दै मार्गप्रशस्त गरेर बदलिएको परिस्थितिमा पार्टी पुनर्गठनको सन्देश दिँदै वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई कार्यवाहक अध्यक्ष दिनुपर्ने भण्डारी समूहको मत छ। यसो हुँदा सदस्यता नवीकरण नगर्ने पार्टीको निर्णय उल्ट्याएर राजनीतिमा फर्किन सहज हुने भण्डारीको बुझाइ छ।



भण्डारीनिकट नेता विनोद ढकालले अध्यक्षले जेन-जी आन्दोलनको मर्मअनुसार पुनर्गठनको प्रक्रियाका लागि योगदान नगरे पार्टीले सचिवालय र केन्द्रीय कमिटी बैठकमार्फत त्यो काम सम्पन्न गर्नुपर्ने बताए। 'हामी पछिल्लो परिस्थितिलाई आत्मसात् गरेर पार्टी पुनर्गठनको पक्षमा उभिएका छौं। त्यसैले अब अध्यक्षले स्वाभाविक प्रक्रियाबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई कार्यवाहक दिनुपर्छ। यस विषयमा अध्यक्षले सोच्नुपर्छ,' उनले नयाँ पत्रिकासँग भने, 'नभए दसैंआसपास या दसैंलगत्तै सचिवालयको बैठकबाट छलफल गरेर पार्टीलाई पुनर्गठनको दिशातिर लैजानुपर्छ।' वरिष्ठ उपाध्यक्ष पोखरेलबाट पनि तल आउने विकल्पमा सोचेर छलफल गर्दा सहमतिको सम्भावना नदेखिएको भण्डारी र उनीनिकट नेताहरूको बुझाइ छ।

माओवादी केन्द्रीय समिति भंग
मंसिरमा विशेष महाधिवेशन

प्रचण्डको संयोजकत्वमा महाधिवेशन आयोजक समिति, पूर्वपदाधिकारीको सचिवालय बन्यो



पार्टी नेताको सम्पत्ति छानबिन गर्न आयोग गठन गर्ने निर्णय

माओवादीले पार्टी नेताको सम्पत्ति विवरण छानबिनका लागि आयोग गठन गर्ने निर्णय गरेको छ। सम्पत्ति छानबिन पदाधिकारीबाटै सुरु गर्ने निर्णय पनि भएको छ। 'विगतमा पनि हामी सबैले पहिला सम्पत्ति विवरण प्रस्तुत गरौं भन्यौं। तर, कोहीले पनि प्रस्तुत गर्ने रुचि राखिएन। अब त्यस्तो हुन सक्दैन, त्यसैले सम्पत्ति छानबिन आयोग बन्छ र त्यसले गम्भीर रूपले काम गर्नेछ,' प्रचण्डले बैठकमा भने। तर, आयोग कहिले बन्छ भनेर निर्णय भएको छैन। माओवादीले केन्द्रीय कार्यालय, नेताहरूको सचिवालय र परिवारको व्यवस्थापनमा नयाँ कार्यविधि र नयाँ कार्यशैलीतर्फ जाने निर्णय गरेको छ। 'जेन-जी आन्दोलनको प्रभावले हामीलाई जीवनशैली, कार्यशैली, कार्यालय व्यवस्थापन, हेडक्वार्टर र विभिन्न स्तरका कार्यालयमा स्टाफ व्यवस्थापनबारे नयाँ सोच्न बाध्य पारेको छ,' प्रचण्डले बैठकमा भने, 'यसको ठोस र व्यावहारिक रूप निर्धारण गर्नुपर्छ र यो प्रक्रिया यो बैठक सकिएपछि नै सुरु गर्नुपर्नेछ।' पार्टी नेतृत्व, पदाधिकारीको जीवनशैली र खानपान कस्तो हुने भन्नेबारे लिखित सुझाव दिन प्रचण्डले सबैलाई आग्रह गरेका छन्।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

माओवादीले मंसिरमा विशेष महाधिवेशन आयोजना गर्ने निर्णयसहित केन्द्रीय समिति भंग गरेको छ। काठमाडौंको प्रज्ञा भवनमा बसेको केन्द्रीय समितिको दुईदिने बैठकले शुक्रबार अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को संयोजकत्वमा केन्द्रीय समितिलाई महाधिवेशन आयोजक समितिमा रूपान्तरण गरेको हो। विशेष महाधिवेशनको मिति पार्टीको सचिवालयले तोक्नेछ। प्रचण्डले विधिसम्मत तरिकाबाट आफू नेतृत्व छाड्न तयार रहेको बैठकमा बताए।

पार्टीपंक्ति निर्वाचनकेन्द्रित भएर अघि बढ्नुपर्छ : प्रचण्ड

माओवादीले सबै तहमा जेन-जी (युवा)लाई अधिकतम प्रतिनिधित्व गराउने पनि निर्णय गरेको छ। 'म अब पार्टी अध्यक्ष छैन, संयोजक भएँ,' प्रचण्डले बैठकपछि सञ्चारकर्मीसँग भने। पार्टीका पूर्वपदाधिकारीको सचिवालयलाई केन्द्रीय समितिले आपत्कालीन अवस्थामा निर्णय लिने अधिकार दिएको छ।

बैठकमा कृष्णबहादुर महराबाहेक निवर्तमान पदाधिकारी र समूहका नेताहरूले पाँच-पाँच

» पृष्ठ २ मा क्रमशः

धनराजको सहकारी प्रकरणदेखि नक्कली भुटानी शरणार्थी प्रकरणका फाइल ब्युँतिएलान् ?

गृहमन्त्री ओमप्रकाश अर्याल भन्छन्-

राजनीतिक कनेक्सनमा रोकिएका अनुसन्धानमा ब्रेकथु हुन्छ



शुक्रबार प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) पुगेर ब्रिफिङ लिँदै गृहमन्त्री ओमप्रकाश अर्याललले अनुसन्धान गर्ने निकायले आफ्नो व्यावसायिकता प्रदर्शन गरेर कामलाई अगाडि बढाउनुपर्ने र रोकिएका कुनै विषयवस्तु छन् भन्ने त्यसलाई तुरुन्त अघि बढाउन सिआइबीलाई निर्देशन दिएका छन्। नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान गरेका एआइजी मनोज केसीलाई सिआइबीमा ल्याएपछि त्यो प्रकरणको फाइल फेरि खुल्छ ? भन्ने पत्रकारको जिज्ञासामा गृहमन्त्री अर्याललले रोकिएका सबै फाइलको 'ब्रेकथ्रु' हुने जवाफ दिए।

नयाँ पत्रिका

गृहमन्त्री ओमप्रकाश अर्यालले हाई प्रोफाइल जोडिएका कतिपय अपराधको पुनः अनुसन्धान हुने संकेत गरेका छन्। शुक्रबार प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) पुगेर ब्रिफिङ लिँदै राजनीतिक कनेक्सनका आधारमा सुशासनमा भएको अवरोध खुलाइने बताएका छन्।

■ यी हुन् **सत्ताको आडमा दबाइएका हाई प्रोफाइल अपराध**

(विस्तृत पृष्ठ २)

विगतमा राजनीतिक कनेक्सनकै आधारमा सुशासनमा अवरोध आउँदा युवाहरूको विद्रोह भएकाले अहिलेको सरकारले त्यस्ता अवरोध हटाएर अनुसन्धान गर्ने उनको भनाइ छ। 'राजनीतिक कनेक्सनका आधारमा विगतमा सुशासनमा जसरी अवरोध आयो, कतिपय वित्तीय तथा आर्थिक

» पृष्ठ २ मा क्रमशः

दसैंमा चार लाख ६० हजारले छाडे उपत्यका

नयाँ पत्रिका

दसैं नजिकिएसँगै काठमाडौं उपत्यका छाड्ने बढेका छन्। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार १ असोजदेखि १० असोज साँझसम्म चार लाख ६० हजार पाँच सयले सडकमार्ग भएर उपत्यका छाडेका छन्। ६ असोजदेखि उपत्यका छाड्ने यात्रुको संख्या बढ्न थालेको हो। बिहीबार ५६ हजार

» पृष्ठ २ मा क्रमशः



कमजोर मनस्थितिबिच ट्राफिक व्यवस्थापनमा प्रहरी

उपत्यकामा ट्राफिक लयमा फर्कंदै गरे पनि प्रहरीलाई गाँसबासकै समस्या, प्रविधि प्रयोगमा अवरोध हुँदा ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण

शिवहरि घिमिरे/नयाँ पत्रिका

जेन-जी प्रदर्शनका कारण अस्तव्यस्त बनेको उपत्यकाको ट्राफिक व्यवस्थापन बिस्तारै सामान्य बन्दै गएको छ। तर, प्रतिकूल परिस्थिति र कमजोर मनस्थितिबिच सडकमा खटिएका ट्राफिक प्रहरी आफैं भने गाँसबासको गम्भीर समस्यामा छन्।

यति वेला उनीहरूसँग न वाकी-टकी छ, न सञ्चार सेट नै। भोक लाग्दा खान पाउने निश्चित स्थान छैन, थाक्दा आराम गर्ने ठाउँ छैन। दिनभर सडकमा हात हल्लाउँदै ट्राफिक व्यवस्थापनमा खटिएका प्रहरीको दैनिकी दयनीय बनेको छ।

जेन-जी आन्दोलनताका ट्राफिक प्रहरी कार्यालय, मेस र आवाससमेतमा तोडफोड र आगजनी भएपछि करिब १५ सय ट्राफिक प्रहरी तत्कालै बासविहीन भएका थिए। कोही साथीभाइ वा आफन्तकोमा टेकेर बसेका छन्

» पृष्ठ २ मा क्रमशः



सिंहदरबारमा ट्राफिक व्यवस्थापन गर्दै प्रहरी। तस्बिर : **अमुल थापा**

उपत्यकाका तीन जिल्लामा १६ सय २३ ट्राफिक प्रहरी छन्। त्यसमध्ये १५ सय ट्राफिक काममा फर्किसकेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। तर, जनशक्ति भए पनि उपकरण नहुँदा ट्राफिक व्यवस्थापनको काम कठिन छ।

अहिले प्रहरीलाई खाने र बस्ने ठाउँको समस्या छ



● **नरेशराज सुवेदी** (एसपी)
प्रवक्ता, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय

उपत्यकाका अधिकांश ट्राफिक प्रहरी कार्यालय जलेका थिए, त्यहाँ मर्मतसम्भार गर्ने र दिनमा त्यहींबाट ड्युटी गर्ने क्रम पनि सुरु भइसकेको छ, अहिले प्रहरीलाई खाने र बस्ने ठाउँको समेत समस्या छ। पार्टी प्यालेसमा केहीलाई राखिएको छ, बिस्तारै कार्यालय मर्मत भएपछि त्यहीं बसोबास र खानपान गर्न सक्ने अवस्था हुन्छ।

कन्ट्रोल रुम आगजनीले नष्ट, अधिकांश सिसिक्यामेरा फुटाइए

करिब दुई सयभन्दा बढी सिसिक्यामेरा मनिटरिङ हुँदै आएकोमा अहिले अधिकांश बन्द छन्। ७२ स्थानमा राखिएका ट्राफिक लाइटमध्ये आन्दोलनअघि ४३ वटा सञ्चालनमा थिए। तर, प्रदर्शनका क्रममा अधिकांश ट्राफिक लाइट तोडफोड भएका छन्।

कमजोर...

पृष्ठ १ बाट क्रमशः

भने कोही डेरामा सरेका छन् । कार्यालय, मेस र आवास जलेपछि उपत्यका ट्राफिक प्रहरी कार्यालयले अस्थायी रूपमा केहीलाई पार्टी प्यालेसमा राखेको छ । तर, त्यहाँ सबैलाई अटाउन नसकेपछि धेरैलाई आफैं व्यवस्था गर्न भनिएको छ ।

'उपत्यकामा अधिकांश ट्राफिक प्रहरी कार्यालय जलेर ध्वस्त भएका छन् । अहिले प्रहरीलाई खाने र बस्ने ठाउँको समेत गम्भीर समस्या छ,' काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसपी दीपक गिरीले नयाँ पत्रिकासँग भने, 'पार्टी प्यालेसमा केहीलाई राखिएको छ, तर सबैलाई लामो समय त्यहाँ राख्न सकिँदैन ।'

उपत्यकाका तीन जिल्लामा एक हजार ६२३ ट्राफिक प्रहरी छन् । त्यसमध्ये एक हजार पाँच सय ट्राफिक काममा फर्किसकेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । तर, जनशक्ति भए पनि उपकरण नहुँदा ट्राफिक व्यवस्थापनको काम कठिन छ ।

आन्दोलनका क्रममा सडकमा राखिएका आइल्यान्ड र डिभाइडर भत्काइएका छन् । सडक चिह्न मेटिएको छ । ट्राफिक लाइट र सिसिक्यामेरामा तोडफोड भएको छ । सवारीसाधन जलेका छन्, सञ्चार सेट र पोसाकसमेत लुटिएका छन् । कन्ट्रोल रुम फुटाइएको छ, त्यहाँ भएका उपकरण चोरी भएका छन् । 'सिसिक्यामेरा कन्ट्रोल र विश्लेषण गर्ने कक्ष तोडफोड हुँदा त्यसको प्रयोग बन्द छ,' एसपी गिरीले भने, 'त्यसमाथि चालकहरू अनुशासनमा नबस्दा ट्राफिक प्रहरी व्यवस्थापन कठिन नै छ ।'

जेन-जी प्रदर्शनका क्रममा ट्राफिक प्रहरीको पोसाकदेखि वाकी-टकीसमेत लुटिएका थिए । पोसाक लुटिएपछि बुधबारसम्म त उपत्यकाका अधिकांश चोकमा सादा पोसाकमा ट्राफिक प्रहरी खटिएका थिए । तर, बिहीबार भने प्रहरी प्रधान कार्यालयले पोसाक वितरण गरेका कारण अधिकांश प्रहरी पोसाकमै देखिए ।

'कतिपयको पोसाक र बुट लुटिएको थियो । प्रहरी प्रधान कार्यालयसँग माग गरेर प्रहरीलाई वितरण भइसकेको छ,' एसपी गिरीले भने, 'सबैजसो चोकमा प्रहरी खटिइसकेका छन्, तर, उपकरण नभएकाले चाहिँ गाह्रो भएको छ । साधनस्रोत पहिलेजस्तो छैन । तर, जनशक्ति भने पुरानै अनुपातमा छ ।'

उनले अहिले ट्राफिक प्रहरीले पूर्ण क्षमतामा काम गर्न नसक्ने भएकाले चालकहरूलाई अनुशासनमा बसेर सवारीसाधन चलाउन अनुरोध पनि गरे । उनका अनुसार सामान्य ट्राफिक नियम मिच्नेलाई चिट काट्ने वा तत्काल कारबाही गर्न सक्ने गरी प्रहरी तयार छैन । सोही कारण पनि यसमा चालक सचेत हुनुपर्ने प्रवक्ता गिरीको भनाइ छ । सिसिक्यामेरा नहुँदा कुनै भवितव्य घटना, दुर्घटना भएमा तत्काल कारबाही गर्न वा घटना विश्लेषण गर्न कठिन हुने अवस्था रहेको कार्यालयले जनाएको छ । तर, सिसिक्यामेरा मर्मत गर्ने, थप गर्ने र छिटोभन्दा छिटो कन्ट्रोल रुम मर्मत गर्ने तयारी कार्यालयले गरिरहेको छ ।

दसैँमा...

पृष्ठ १ बाट क्रमशः

९०६ यात्रुले उपत्यका छाडेकामा शुक्रबार झन्डै ६० हजार यात्रु बाहिरिएका छन् । अहिले काठमाडौं उपत्यकासँग जोडिएका सबै सडकमा सवारीसाधनको चाप बढेको छ । शनिबारबाट संख्या अझ बढ्ने आकलन गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसपी नरेशराज सुवेदीले बताए । उनका अनुसार सडक अस्तव्यस्त हुँदा केही दिन यात्रुहरूले निकै सास्ती खेप्नुपरे पनि बिहीबार साँझदेखि भने राजमार्ग सहज भएका कारण बाहिरिनेको संख्या थप बढ्दो छ ।

हाल उपत्यकाका चारैतिरका नाकाका झोला बोकेर घर फर्कन बस कुर्ने यात्रुको भिडभाड देखिन्छ । अन्य समयमा विभिन्न कामकाजले उपत्यका आउनेहरूको संख्या बढे पनि चाडबाडको बेला भने उपत्यकाबाट बाहिरिनेको संख्या ह्वात्तै बढ्ने गर्छ । उपत्यकाको कलंकी, बल्खु, जडीबुटी, जगाती, चाबहिल, नयाँ बसपार्क, बालाजु, माछापोखरीलगायत स्थानमा घर फर्कने यात्रुहरूको बाक्लो उपस्थिति हुने गरेको छ । दसैँको बेला १५ लाखभन्दा बढी मानिसले उपत्यका छाड्ने गर्छन् । ट्राफिक प्रहरीले बसपार्कसहितका क्षेत्रमा सहायता कक्ष पनि राखेको छ ।

कहिले कति बाहिरिए ?

१ असोजमा ३४ हजार ५५६ यात्रुले उपत्यका छाडेका थिए । त्यस दिन चार हजार ८६४ यात्रुवाहक सवारीसाधन बाहिरिएका थिए । २ असोजमा पाँच हजार ८०२ सवारीसाधनमा ३६ हजार एक सय यात्रुले उपत्यका छाडेकामा ३ असोजमा ४० हजार ५५५ यात्रुले उपत्यका छाडे । तर, मुग्लिन-नारायणगढ र पृथ्वी राजमार्गमा पहिरोका कारण ४ असोजमा बाहिरिनेको संख्या घट्यो । सो दिन ३४ हजार ८७९ यात्रु उपत्यकाबाट बाहिरिएका थिए । ५ असोजमा सो संख्या झन् घट्यो । उक्त दिन २६ हजार ५७८ यात्रु उपत्यकाबाट बाहिरिए ।

घटस्थापनाको दिन ६ असोजमा ६ हजार १०४ सवारीसाधनमा ४० हजार ९२३ यात्रु बाहिरिए । ७ असोजमा ३९ हजार ११४ यात्रु बाहिरिए भने ८ असोजमा ५७ हजार ५५९ यात्रुले उपत्यका छाडे । त्यस्तै, ९ असोजमा ५६ हजार ९०६ यात्रुले उपत्यका छाडेकामा १० असोजमा झन्डै ६० हजारभन्दा बढी यात्रुले उपत्यका छाडेका छन् ।

सहज छैन यात्रा

काठमाडौं उपत्यकासँग जोडिएका प्रमुख मार्ग वेलावेला अवरुद्ध हुँदा यात्रुले सास्ती खेप्नुपरेको छ । मुग्लिन-नारायणगढ सडक पछिल्लोपटक १०५ घण्टा अवरुद्ध भएको छ । पहिरो पन्छाएर बिहीबार रातिबाट सडक खुलाइए पनि पहिरोको जोखिम कायमै छ । त्यस्तै, पोखरालाई काठमाडौंसँग जोड्ने पृथ्वी राजमार्गको मुग्लिन-नागढुंगा खण्ड पनि पहिरोका कारण अवरुद्ध हुँदै आएको छ । पूर्वी नेपालको लाइफलाइन बिपी राजमार्गमा पनि यात्रुले सास्ती खेप्दै आएका छन् । गत वर्षको बाढीले बगाएको क्षेत्रमा अस्थायी ट्रयाक मात्र छ, जसकारण पानी पर्नेबित्तिकै सडक अवरुद्ध हुने गरेको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसपी नरेशराज सुवेदीले पनि पहिरोका कारण सडक अवरुद्ध हुने भएकाले दसैँमा घर फर्कने यात्रुले सास्ती खेप्नुपरेको बताए ।

मोटरसाइकल हरायो

मिति २०८२/६/८ गते अन्दाजी बेलुका १९:३० बजेको समयमा ललितपुर जिल्ला महालक्ष्मी न.पा.-१, बाहुन धारा स्थित गोरखा रेष्टुरेन्ट अगाडी पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको कालो रंगको 200CC NS पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : नरेश बौडेल सार्की
मो.सा.नं.: बा.प्र. ०२-०६० प ४२९३
चेसिस नं.: MD2A36FX9SCA90251
इन्जिन नं.: JLXCSM97548
सम्पर्क नं.: 9764731994

मोटरसाइकल हरायो

मिति २०८२/६/४ गते अन्दाजी बेलुका ७:०० देखि ८:०० बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा.-८, पशुपति शवदाहगृह अगाडी पाकिङबाट मेरो निम्न व्यहोरा भएको कालो रंगको 200CC NS पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : राहुल कुमार गोस्वामी
मो.सा.नं.: म.प्र. ०२-००७ प ४००१
चेसिस नं.: MD2A36FX2PCE91227
इन्जिन नं.: JLXCPE-65197
सम्पर्क नं.: 9817667592

मोटरसाइकल हरायो

मिति २०८२/०६/०९ गते काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं.-८, माकलबारीबाट मेरो निम्न व्यहोरा भएको Stealth Black रंगको Classic 350 CC Royal Enfield मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम: नवराज ढकाल
मो.सा.नं.: बा.प्र. ०२-०५९ प २४८०
चेसिस नं.: ME3J3C5FESN000653
इन्जिन नं.: J3A5FES2017655
सम्पर्क नं.: 9851026212

गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०६/११

यस पञ्चधारा सा.व.उ.स. दुधौली न.पा.०३, सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल गोलिया थान ४३ को ५७४.२७ क्यूफिट काठ र दाउरा १ चट्टा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्ने खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री पञ्चधारा सा.व.उ.स., दुधौली न.पा. ०३, सिन्धुली

गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०६/११

यस स्वप्लीङ सा.व.उ.स. कमलमाई न.पा.०७, सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल गोलिया थान १२३ को १०२८.०१ क्यूफिट काठ र दाउरा २ चट्टा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्ने खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री स्वप्लीङ सा.व.उ.स., कमलामाई न.पा. ०७, सिन्धुली

पूर्वराष्ट्रपतिदेखि पूर्वकर्मचारीसम्मका कानुनविपरीतका सुविधा फिर्ता हुने

नयाँ पत्रिका



पूर्वराजनीतिक तथा प्रशासनिक अधिकारीले लिँदै आएको कानुनविपरीतको सुविधा फिर्ता गर्ने प्रक्रिया सुरु भएको छ । अर्थ मन्त्रालयले यस्तो सुविधा फिर्ता गर्न शुक्रबार गृह र रक्षा मन्त्रालयलाई पत्राचार गरेको छ ।

गत ५ वैशाखमा बसेको मन्त्रिपरिषद्को निर्णयअनुसार कानुनविपरीतको सुविधा फिर्ता गराउन लागिएको हो । यसअनुसार पूर्वराष्ट्रपतिदेखि पूर्वकर्मचारीसम्मका सुविधा फिर्ता हुन सक्छन् । मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'अनुत्पादक खर्च कटौती तथा मितव्ययिता कायम गर्न नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति ०८२/०६/०५ मा भएको निर्णयबमोजिम सेवा निवृत्त भइसकेका पूर्वराजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई प्रचलित कानुनमा उल्लेख भएका र स्वीकृत मापदण्डबमोजिमका सेवा-सुविधा मात्र प्रदान गर्नु-गराउनु हुन र कानुनबमोजिम बाहेक उपलब्ध गराइएका भए त्यस्ता सवारीसाधन, जिन्सी सामान, सहयोगी, सुरक्षाकर्मी फिर्ता गर्ने र अन्य सेवा-सुविधा स्थगन गर्ने कार्य शीघ्र कार्यान्वयन गर्न-गराउन अर्थ मन्त्रालयबाट मिति ०८२/०६/१० मा गृह मन्त्रालय तथा रक्षा मन्त्रालयलाई पत्राचार गरिएको व्यहोरा जानकारी गराइन्छ ।'

गृह मन्त्रालयका एक अधिकारीका अनुसार कतिपय पूर्वप्रधानमन्त्रीले गाडी र स्वकीय सचिवको सुविधासमेत कानुनविपरीत राख्दै आएका छन् । त्यस्तै, पिएसओको सुविधा पनि नेता र प्रहरीकै कतिपय पूर्वअधिकारीले नियमविपरीत प्रयोग गर्दै आएका छन् । सर्वोच्चकै पूर्वप्रधानन्यायाधीशहरूले कानुनबिना गाडी सुविधा प्रयोग गर्दै आएका छन् । जबकि सर्वोच्चले नै कानुन बनाएर मात्र पूर्वविशिष्टलाई सुविधा दिन भनेको थियो । तर, हालसम्म कानुन बनाइएको छैन । पूर्वविशिष्टको हकमा भने सामान्य मापदण्ड बनाएर सुविधा दिने गरिएको छ । त्यस्तै, अवकाशप्राप्त सैनिक तथा प्रहरी अधिकारीले पनि नियमविपरीत पिएसओ सुविधा लिँदै आएको स्रोत बताउँछ ।

मेयर्स फोरमले सिंहदरबार, प्रहरी कार्यालय पुनर्निर्माणमा सघाउने

काठमाडौं/ जेन-जी प्रदर्शनका क्रममा तोडफोड र आगजनी भएका सिंहदरबार र प्रहरी कार्यालय पुनर्निर्माणका लागि काठमाडौं उपत्यका मेयर्स फोरमले आर्थिक सहयोग गर्ने भएको छ । फोरमको बिहीबारको बैठकले सिंहदरबार पुनर्निर्माणमा पाँच करोड र उपत्यका प्रहरी कार्यालय रानीपोखरी पुनर्निर्माण गर्न एक करोड रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरेको हो ।

ललितपुर महानगरका मेयरसमेत रहेका मेयर्स फोरमका अध्यक्ष चिरिबाबु महर्जनले पहिलो चरणमा सिंहदरबार र प्रहरी कार्यालय पुनर्निर्माण गर्न सहयोग गर्ने निर्णय भएको बताए । 'नागरिकलाई शान्तिसुरक्षा प्रत्याभूत गराउने प्रहरी कार्यालयमा आगजनी भएको छ । सिंहदरबार पनि जलेको छ,' उनले भने, 'हामी सिंहदरबार पुनर्निर्माणका लागि पाँच करोड दिन्छौं ।' उनका अनुसार यो रकम फोरमको खातामा मौज्दात रहेको रकमबाट सम्बन्धित निकायलाई हस्तान्तरण गरिनेछ । उपत्यकामा १८ स्थानीय तह फोरममा आबद्ध छन् । अध्यक्ष महर्जनका अनुसार उपत्यकाका प्रहरी वृत्त, प्रभाग र चौकी तथा स्थानीय तहको भवन पुनर्निर्माणका लागि क्षतिको विवरण हेरेर आर्थिक सहयोग गरिनेछ ।

अब के गर्छिन्...

पृष्ठ १ बाट क्रमशः

पार्टीको निर्णय उल्ट्याएर राजनीतिमा फर्किन सहज हुने भण्डारीको बुझाइ छ ।

भण्डारीनिकट नेता विनोद ढकालले अध्यक्षले जेन-जी आन्दोलनको मर्मअनुसार पुनर्गठनको प्रक्रियाका लागि योगदान नगरे पार्टीले सचिवालय र केन्द्रीय कमिटी बैठकमार्फत त्यो काम सम्पन्न गर्नुपर्ने बताए । 'हामी पछिल्लो परिस्थितिलाई आत्मसात् गरेर पार्टी पुनर्गठनको पक्षमा उभिएका छौं । त्यसैले अब अध्यक्षले स्वाभाविक प्रक्रियाबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई कार्यवाहक दिनुपर्छ । यस विषयमा अध्यक्षले सोच्नुपर्छ,' उनले नयाँ पत्रिकासँग भने, 'नभए दसैँआसपास या दसैँलगत्तै सचिवालयको बैठकबाट छलफल गरेर पार्टीलाई पुनर्गठनको दिशातिर लैजानुपर्छ ।'

वरिष्ठ उपाध्यक्ष पोखरेलबाट पनि तल आउने विकल्पमा सोचेर छलफल गर्दा सहमतिको सम्भावना नदेखिएको भण्डारी र उनीनिकट नेताहरूको बुझाइ छ । तर, पार्टी उपाध्यक्ष, मन्त्री र दुई-दुईपटक राष्ट्रपति भइसकेकी भण्डारीले 'ओलीको विकल्प म किन हुँ' भन्ने स्थापित भने गर्न सकेकी छैनन् । यो उनका लागि सबैभन्दा ठुलो चुनौती रहेको विश्लेषकहरू बताउँछन् ।

राजनीतिक विश्लेषक कृष्ण पोखरेलले भने जेन-जी आन्दोलनको भावना बुझेर अबका दिनमा पूर्वराष्ट्रपति भण्डारीले ओलीलाई छोडाएर आफूले नेतृत्व लिनेभन्दा पनि नेतृत्व हस्तान्तरण र पुस्तान्तरणका लागि अभिभावकीय भूमिका खेल्नुपर्ने बताए । 'जेन-जी आन्दोलनको भावनालाई बुझेर उहाँ (विद्या भण्डारी)ले अब आफूले नेतृत्व लिनेभन्दा पनि जडतालाई चिर्नका लागि अभिभावकीय भूमिका खेलेर योगदान गर्नु उपयुक्त हुन्छ,' उनले भने, 'उहाँले पार्टी र नेतृत्वलाई जडताबाट नेतृत्व हस्तान्तरण र पुस्तान्तरणमा भूमिका खेल्न सक्नुपर्छ । अहिलेको सन्दर्भमा यी काम गर्न पार्टी सदस्यता लिएर पार्टीमै फर्किएर गर्ने कि बाहिर बसेर गर्ने त्यो उहाँको व्यक्तिगत निर्णयको कुरा भयो ।'

उता, अध्यक्ष ओली भने नेतृत्व नछाड्ने बरु केन्द्रीय कमिटी र पार्टी महाधिवेशन फेस गर्ने मनस्थितिमा छन् । आफूमाथि घेराबन्दी र षड्यन्त्र भएको भन्दै उनले निकटस्थहरूलाई पुनर्गठनको प्रतिवाद गर्न निर्देशन दिइसकेका छन् । गुण्डुस्थित नयाँ निवासमा नेताहरूसँग नियमित भेटघाट गरेर आफूअनुकूल स्थिति तयार भएपछि मात्रै बैठक बोलाउने पक्षमा उनी छन् । पार्टीमा पूर्ण कमान्ड रहेकोमा विश्वस्त रहेका ओलीले आत्मालोचना गर्नुपर्ने, हट्नुपर्ने कुनै कारण नभएको बताएर पार्टीको सबै संस्थागत प्रक्रिया फेस गरेर प्रतिनिधि र कार्यकर्ताको निर्णय स्विकार्न तयार रहको जनाउ दिँदै आएका छन् ।

यद्यपि, सरकारको नेतृत्व गरेको मात्र होइन, जेन-जी आन्दोलनमा ७४ जना नागरिकको मारिएको मूल जिम्मेवारी प्रधानमन्त्रीको हैसियतमा केपी ओलीले लिनुपर्ने भएकाले कमी-कमजोरीको आत्मालोचना गर्दै उनले नै पार्टी पुनर्गठनका लागि मार्गप्रशस्त गरिनुपर्ने मत एमालेभित्रै बढ्दै छ । बिहीबार मात्रै सचिव योगेश भट्टराईले अध्यक्ष ओली र उनको योगदानलाई सम्मान गर्दै पार्टी पुनर्गठन प्रक्रिया अगाडि बढाउनुपर्ने धारणा सार्वजनिक गरेका थिए ।

१९ सदस्यीय पदाधिकारीमा अहिलेसम्म झन्डै आधा पदाधिकारी पुनर्गठनको पक्षमा छन् भने स्थायी समिति, पोलिटब्युरो र केन्द्रीय कमिटीमा पनि यो मत बढिरहेको आकलन गरिएको छ । पूर्वराष्ट्रपति भण्डारी पनि पुनर्गठनको मुद्दा उठाएर पार्टीभित्र स्थापित बन्ने रणनीतिसहित अगाडि बढिरहेकी छिन् ।

तर, राष्ट्रिय रूपमै संकट बढिरहेका वेला बाहिर हल्ला गरेर, दबाब दिएरभन्दा पनि पार्टीभित्रै गम्भीर ढंगले परामर्श गरेर, धैरै बुद्धिजीवीहरूको पनि सुझाव सुनेर होसियारीपूर्वक ओलीको राम्रा कामको अपनत्व पार्टीले लिँदै उनले सम्मानजनक रूपमा बिदा लिँदा उत्तम विकल्प हुने बुझाइमा भण्डारी छिन् । त्यही भएर उनले सार्वजनिक मञ्चमा आन्तरिक विषयलाई बाहिर पुनर्गठनका रूपमा नचर्काउन नेताहरूलाई सचेत पनि गराएकी छिन् ।

पूर्वराष्ट्रपति भण्डारीले पछिल्लो परिस्थितिबारे आन्तरिक र बाह्य परामर्श पनि थालेकी छिन् । शुक्रबार उनले विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने अगुवा बुद्धिजीवीहरूसँग करिब तीन घण्टा लामो अन्तर्क्रिया गरेर अबको संकटको निकासबारे सुझाव लिएकी छिन् । छलफलमा कूटनीतिज्ञ, नागरिक समाजका अगुवा, संवैधानिक अंग र सुरक्षा निकायका पूर्वप्रमुखहरू, पत्रकार, विभिन्न विश्वविद्यालयका पूर्वपदाधिकारीहरूलगायत सहभागी थिए । यसअघि ३ असोजमा प्रहरी अस्पताल महाराजगन्ज पुगेर उनले आन्दोलनका घाइतेहरूको अवस्थाबारे जानकारी लिएकी थिइन् ।

भण्डारीले आयोजना गरेको छलफलमा उपाध्यक्ष युवराज ज्ञवालीले अहिले पार्टीभन्दा माथि उठेर देश बचाउने वेला भएको भन्दै अन्तर्क्रिया धैरै महत्त्वपूर्ण भएको बताए । उनले पार्टी र देश बचाउन मुख्य नेताहरूले खेल्नुपर्ने भूमिकाबारे समय लिएर भेटेरै महत्त्वपूर्ण सुझाव दिनसमेत आग्रह गरे । 'अहिले यो पार्टी, त्यो पार्टी, यो व्यक्ति, त्यो व्यक्ति भन्ने वेला होइन । किनभने देशमा अझै ठुलो संकट आउन सक्छ । बुद्धि नपुऱ्याउँदा युक्रेन, गाजा नहोला भन्न पनि सकिन्न । त्यसैले अहिलेको आवश्यकता पार्टीभन्दा माथि उठेर राष्ट्रिय एकता हो,' ज्ञवालीले भने, 'पार्टीभित्रको आन्तरिक लोकतन्त्रको आत्मसमीक्षा, आत्मालोचना हो । यो काम सबैले गर्नुपर्छ । यो अन्तर्क्रिया एकदमै राम्रो सुरुवात हो, सबै क्षेत्र समेटिने व्यक्तिको महत्त्वपूर्ण टिम बनाएर समय लिएर मुख्य नेताहरूलाई सुझाव दिनुस् ।'

पूर्वराष्ट्रपतिको सुविधा परित्याग गरेर एमालेमा फर्किएको घोषणा गरेकी भण्डारीलाई अध्यक्ष ओलीले केन्द्रीय कमिटीबाट सदस्यता नवीकरणमै रोक लगाएर राजनीतिक पुनरागमनमै ब्रेक लगाएका छन् ।

तथापि, भण्डारीले सचिवालय, केन्द्रीय कमिटी र विधान महाधिवेशन हुँदै निर्णय उल्ट्याउने प्रयास जारी राखेकी छिन् । त्यस्तै, मदन भण्डारीको ७५औँ हीरकजयन्ती समारोह अभियानमार्फत पार्टीको एघारौँ राष्ट्रिय महाधिवेशनलक्षित समानान्तर गतिविधि बढाएर नेता-कार्यकर्तासँगको बाक्लो संवादमा जोड दिँदै आएकी छिन् । जेन-जी आन्दोलनबाट काग्रेस-एमाले नेतृत्वको सत्ता विघटन भएर अन्तरिम सरकार बनेपछि पूर्वराष्ट्रपति भण्डारी पूर्वलक्ष्यअनुसार अगाडि बढ्न नयाँ रणनीति बनाउनेतिर अग्रसर छिन् । यही क्रममा उनले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, सरकारबाट बाहिरिएका उपाध्यक्ष विष्णु पौडेलसहित केही पदाधिकारी तथा अन्य पार्टी नेताहरूसँग पनि एमालेको आन्तरिक पुनर्गठनबारे परामर्श लिएको जानकार नेताहरू बताउँछन् ।

पछिल्लो समय देशमा अशान्ति तथा अराजकता मच्चाउने गरी चलखेल अघि बढेकाले देश र लोकतन्त्रमाथि देखिएको संकट निवारणका लागि राष्ट्रिय एकता र पार्टीभित्र पनि आन्तरिक एकता बलियो हुनुपर्ने उनले बताउँदै आएकी छिन् । आन्दोलनका क्रममा बुढानीलकण्ठ भंगालस्थित भण्डारीको निजी निवास पनि आगजनी गरिएको थियो । अहिले उनी जेठी छोरी उषाकिरणको बालुवाटारस्थित घरमा बस्दै आएकी छिन् ।

■ मदन भण्डारी फाउन्डेसनको कार्यालयमा आयोजित बुद्धिजीवीहरूसँगको बृहत् अन्तर्क्रियामा भण्डारीले भनिन्-

घटना रहस्यमय छ, सामूहिक सहकार्य र एकताको विकल्प छैन

नवपुस्ताहरूले भ्रष्टाचार नियन्त्रण, सुशासन र सामाजिक सञ्जाललाई निरन्तरता दिनुपर्छ भन्ने माग राखेर आन्दोलन गरे । उनीहरूको माग राम्रो थियो । जेन-जी पुस्ताले शान्तिपूर्ण आन्दोलन गर्ने भनेका थिए । तर, एकैदिन ठुलो संख्यामा युवाहरूले ज्यान गुमाए । भोलिपल्ट ठुलै विध्वंसकारी घटनाहरू भए । सिंहदरबार, संसद् भवन, राष्ट्रपति कार्यालय, सर्वोच्च अदालतलगायत थुप्रै व्यवसायी र निजी भवन, नेताहरूका घर एकैचोटि खरानी भएका छन् । वडा कार्यालयदेखि सिंहदरबारसम्म खरानी भएको छ । एकैदिन पूर्वदेखि पश्चिमसम्म जेन-जीले कसरी गर्न सके होला ? के यसरी आफ्नो माग पूरा होला ? यो रहस्यमय घटनाजस्तो भएको छ । नेपाली नागरिकले गम्भीर समीक्षा, छलफल गरेर कसरी देशमा शान्ति, स्थिरता कायम गर्दै समयानुकूल विकास बढाउने भन्ने संगीन घडीमा छौं । सामूहिक भावना, सहकार्य, सामूहिकता नभई समस्या कसरी समाधान गर्न सक्छौं ?

माओवादी...

पृष्ठ १ बाट क्रमशः

मिनेट बोलेका थिए भने संयोक प्रचण्डले बैठकमा उठेका प्रश्नको जबाफसहित एक घण्टा सम्बोधन गरेका थिए । 'अहिले नै कुनै निश्चित विधिविना प्रचण्डले नेतृत्व छाड्नुहुन्न भन्ने स्पिरिटमा सबैले धारणा राख्नुभयो । अध्यक्षले पनि आगामी विशेष महाधिवेशनबाट कसले छाड्ने, को रहने भन्ने कुराको निर्क्यौल गरौं भन्नुभयो । यसमा सबैको समर्थन रह्यो,' बैठकपछि माओवादी नेता देवेन्द्र पौडेलले भने ।

माओवादी नेता विनोद पहाडीका अनुसार केन्द्रीय समितिले नै विशेष महाधिवेशनको मिति तोक्नुपर्ने माग उठेको थियो । 'पूर्वपदाधिकारी रहने सचिवालयले परिस्थितिको अध्ययन गरेर मंसिर मसान्तभन्दा पर नजाने गरी विशेष महाधिवेशनको मिति तोक्छौं भन्ने अध्यक्षको प्रस्ताव आएपछि सबैबाट समर्थन भयो,' पहाडीले भने ।

बिहीबार बैठक सुरु हुने वेलासम्म पार्टीको विशेष महाधिवेशन गर्ने कि नियमित महाधिवेशन भन्ने टुंगो थिएन । 'महाधिवेशन चुनावअघि गर्ने कि पछि गर्ने पनि टुंगो थिएन । चुनावअघि नै विशेष महाधिवेशन गर्ने र पार्टी वैचारिक रूपमा एक भएर चुनावमा जानुपर्छ भन्नेमा केन्द्रीय समितिमा एक मत कायम भयो,' पहाडीले भने ।

संयोजक प्रचण्डले वामपन्थी, प्रगतिशील तथा माओवादी धारासँग सम्बन्धित समूहहरूसँग एकताका लागि प्रयास हुँदै आएको उल्लेख गर्दै विशेष महाधिवेशनलाई एकता विशेष महाधिवेशनका रूपमा आयोजना पनि गर्न सकिने बताएका थिए ।

नेता नारायणकाजी श्रेष्ठले पार्टीमा लोकतान्त्रिक अभ्यासको बाटो खुला राख्नुपर्नेमा जोड दिएका थिए । उनले नेतृत्वलाई देवत्वकरण नगर्न र युवापुस्तालाई बाटो खोल्न पनि सुझाव दिएका थिए । 'म पार्टीको वरिष्ठ उपाध्यक्ष स्वतः कार्यवाहक भइहाल्छु । मलाई आजै चाहिएको होइन । तर, नयाँ पुस्तालाई बाटो खोल्नुपर्छ भन्ने मात्रै हो,' श्रेष्ठलाई उद्धृत गर्दै नेता पहाडीले भने ।

अर्का नेता जनार्दन शर्माले पार्टी विधिअनुसार चल्नुपर्ने धारणा दुई वर्षदेखि राख्दै आएको उल्लेख गरे । 'मैले अध्यक्षलाई अहिले नै अपदस्त गरेर जाऔं भन्न खोजेको होइन, समयमै रूपान्तरणको विधि बनाएर जान सकियो भने नयाँ पुस्तामा पनि पार्टीप्रति आकर्षण हुन्छ भन्न खोजेको हुँ । छलफल र बहस अघि बढाएर मैले पार्टी र नेतृत्वलाई सहयोग नै गरेको हुँ, असहयोग होइन,' शर्माले बैठकमा भनेका थिए ।

बैठकमा श्रेष्ठ र शर्माबाहेक अधिकांश नेताले अहिले नै प्रचण्डले नेतृत्व छाड्दा माओवादीलाई मात्र नभएर अहिलेको व्यवस्थालाई नै संकट आउन सक्ने बताएका थिए । 'अहिले माओवादीलाई मात्र होइन, सबै पार्टीलाई संकट छ । लोकतान्त्रिक गणतन्त्रमाथि चौतर्फी आक्रमण भएका वेला यसअघि परिवर्तन र दुईपटक निर्वाचनको नेतृत्व गरेका पार्टी नेतृत्वले अहिले पद त्याग गर्नु उपयुक्त हुँदैन, उहाँलाई त्यसरी दबाब दिनु पनि उपयुक्त हुँदैन भन्ने सबैको जोड रह्यो,' माओवादी नेता पौडेलले भने ।

यही भावका आधारमा संयोजक प्रचण्डको प्रस्ताव पारित भएको उनले बताए । 'कार्यवाहक दिएर छाड्ने कुरा भएन । तर, निवर्तमान वरिष्ठ उपाध्यक्ष श्रेष्ठ र उपमहासचिव शर्माको राजनीतिक प्रस्तावलाई पार्टीको सम्पत्ति मानेर महाधिवेशनसम्म छलफल गर्दै जाने भन्नेमा पार्टीमा एक मत कायम रह्यो,' पौडेलले भने ।

पार्टीपंक्ति निर्वाचनकेन्द्रित भएर अघि बढ्नुपर्छ : प्रचण्ड

प्रचण्डले बैठकलाई सम्बोधन गर्दै तोकिएकै समय (२१ फागुन)मा प्रतिनिधिसभा निर्वाचन हुनुपर्नेमा जोड दिएका छन् । अब पार्टीपंक्ति निर्वाचनकेन्द्रित भएर अघि बढ्नुपर्ने पनि उनले उल्लेख गरेका छन् ।

'जेन-जी आन्दोलन र त्यसलगत्तै भएका आगजनी, तोडफोडलगायतका घटनापछि उत्पन्न असहज परिस्थितिमा हाम्रो प्रयासले संविधान र यो राजनीतिक व्यवस्था बचेको छ । संविधानको जगमा यो व्यवस्थाका त्रुटि कमजोरी सच्याएर अघि जानुपर्छ । यसका लागि तोकिएको मितिमा चुनाव हुनुपर्छ । वडादेखि माथिसम्म चुनाव प्रचारप्रसारमा केन्द्रित हुनुपर्छ,' प्रचण्डलाई उद्धृत गर्दै नेता नेता विनोद पहाडीले बताए ।

प्रचण्डले अहिलेको राजनीतिक उपलब्धि खोस्न देशी-विदेशी षड्यन्त्र भइरहेको, संविधान र राजनीतिक व्यवस्था समाप्त पार्न अझै षड्यन्त्र भइरहेको भूमिका बाँधेर चुनावमार्फत परिस्थितिलाई संविधानको ट्र्याकमा ल्याउनुपर्ने बताएका थिए ।

'मैले संविधानमा टेकेर जानुपर्छ, संसद्को हत्या नगरौं, संसद् चल

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ११ असोज ०८२
nayapatrikaofficial @nayapatrika

दसैँ विशेष

दसैँले जोडेको नेपाली मन

दसैँ केवल पर्व मात्र होइन, यो विश्वभर छरिएका नेपाली हृदयलाई एउटै सूत्रमा गाँस्ने सांस्कृतिक सेतु हो



● पर्शुराम काफ्ले

युएईमा कार्यरत सिन्धुलीका केशव हमालले सुनाए- दसैँमा घरको यादले साह्रै सताउँछ।

नेपाली जाति विश्वभर छरिएको छ। योसँगै नेपालीको साझा सांस्कृतिक पर्व दसैँले भूगोल विशेषको चौघेरा नाघिसकेको छ। इतिहासदेखि नै दसैँ नेपालको सरहदभित्र सीमित थिएन, किनभने नेपाली जाति नेपाली सीमामा मात्र सीमित थिएनन्, उनीहरू सुरुदेखि नै धेरैतिर छरिएर बसेका थिए। आज नेपाली जातिको विश्वव्यापीकरणसँगै दसैँ पर्व केवल एक धार्मिक वा सांस्कृतिक चाड मात्र नभई नेपाली सभ्यता, संस्कार र पहिचानका रूपमा स्थापित भएको छ। यो पर्व संसारभरि नेपालीको जीवनपद्धति भएको छ। संसारभरिको नेपाली मनलाई दसैँ पर्वले जोडेको छ। यो वर्ष नेपालसँगै विश्वभरि रहेका नेपाली जातिको घर र मनमा दसैँ पर्वको तरंग सुरु भइसकेको छ।

नेपाली जाति, भाषा र संस्कृतिको दिगो प्रभाव भूमण्डलीकरणको लहरसँगै संसारभर फैलिइसकेको छ। कर्मको यात्रामा नेपाली समुदाय नागरिकताको कागजी सीमाभन्दा धेरै टाढा फैलिएको छ। नेपाली राहदानी बोकेकाहरू, विदेशी नागरिकता ग्रहण गरिसकेकाहरू र पुस्तौँअघि नेपालबाट बाहिर गएकाहरू वा नेपाली सीमाबाहिरै जन्मिएका नेपाली जाति एउटै संस्कृतिको धागोले बाँधिएका छन्, त्यो धागो हो, नेपालीपन, जसको सबैभन्दा जीवन्त अभिव्यक्ति हो दसैँ।

दसैँले विश्वभर छरिएका नेपालीको मनलाई एउटै डोरीले गाँसेजस्तो बनाउँछ। चाहे अमेरिका, अस्ट्रेलिया, युरोप वा खाडी मुलुक किन नहोस्, वा नेपालसँग सिमाना जोडिएका भारत अनि अलिकति पूर्वतिर भुटान, म्यानमार, थाइल्यान्डमा दसैँ रौनकको पर्व हो। त्यहाँका नेपाली दसैँका लागि व्यस्त छन् यतिबेला।

मनाउने तरिका फरक-फरक छ, कतै परदेशी कामको व्यस्तताबिच धोको फेरेर मनाउन कठिन छ, कतै भव्य सामूहिक कार्यक्रम भइरहेको छ, कतै बडादसैँका टीका-जमरा टाढैबाट पठाइन्छ, कतै आफ्नै बगैँचामा उम्रिएको जमराले संस्कार पूरा गरिन्छ। तर, हरेक फरकभित्र एउटै आत्मा हुन्छ, नेपाली जातिको साझा पहिचान र संस्कृतिप्रतिको समर्पण। दसैँ एउटा साझापन हो। दसैँ केवल पर्व मात्र होइन, यो विश्वभर छरिएका नेपाली हृदयलाई एउटै सूत्रमा गाँस्ने सांस्कृतिक सेतु हो।

आज नेपालीहरू रहेको भारतको दार्जिलिङ, सिक्किम, आसामदेखि लिएर चीनको हङकङ, दुबई, कतार, मलेसियाजस्ता खाडी र एसियाली देश हुँदै अमेरिका, क्यानडा, युरोपेली मुलुक, अस्ट्रेलिया, न्युजिल्यान्ड, अफ्रिकासम्म नेपालीसँगै दसैँ पुगेको छ। नेपालीहरू जहाँ बसे पनि आफ्नो संस्कार, संस्कृति, रीतिरिवाजलाई भुल्दैनन्। त्यसैले 'जहाँ नेपाली, त्यहाँ दसैँ' भन्ने भावना फैलिएको छ।

दसैँ केवल टीका, जमरा वा खाने-खुवाउने पर्व मात्र होइन, यो नेपालीका लागि एउटा भावनात्मक, सामाजिक र पारिवारिक सम्बन्ध पुनर्स्थापना गर्ने अवसर हो। परदेशमा दसैँले परिवार, साथी र समुदायलाई जोडेको छ। परदेशमा दसैँ मनाउँदा घरको अनुभूति आउँछ, जसले घरसँगको आत्मीयता जोडेको छ। नेपाली संस्कार र मान्यतालाई संसारभर पुऱ्याउने कार्य दसैँले गरिरहेको छ। यो भविष्यमा सांस्कृतिक कूटनीतिको अस्त्र पनि बन्न सक्छ।

विदेशमा बसेका नेपालीले दसैँको परम्परालाई स्थानीय परिवेशसँग समायोजन गर्दै नयाँ स्वरूपमा मनाउन थालेका छन्। नेपाली खाना, नाचगान, सांस्कृतिक प्रस्तुति र परम्परागत खेलकुद आयोजना भइरहेका छन्। कतिपय देशमा विदेशी मूलका मानिस पनि नेपालीसँगै दसैँ मनाउन थालेका छन्। यी सबैले दसैँलाई केवल नेपाली समुदायको चाड नभई बहुसांस्कृतिक समावेशी पर्वको रूपमा समेत आभास दिलाउन थालेका छन्। यसरी, दसैँको माध्यमबाट नेपाली संस्कृति, खाना, परम्परा विश्वसामु पुगिरहेको छ। विदेशीलाई दसैँमा सहभागी गराउने कार्य नेपाललाई सकारात्मक रूपमा चिनाउने अवसर पनि दिएको छ।

■ कहाँ कसरी दसैँ ?

पूर्वोत्तर भारतमा नेपालीको बाक्लो बसोवास भएका कारण दसैँको रौनक हुँदै आएको छ। सिक्किममा बसोवास गर्दै आएका आसामका पत्रकार प्रकाश अधिकारीका अनुसार भारतमा सबैभन्दा धेरै नेपालीको बसोवास भएको ठाउँ असम हो भने त्यसपछि पश्चिम बंगाल (दार्जिलिङ, दुआर्स), सिक्किम, मणिपुर, मेघालय, अरुणाचल प्रदेश, मिजोरमलगायत भारतका प्रायः सबै राज्यमा नेपालीको बसोवास छ। 'दसैँ नेपालीहरूको मुख्य पर्व भएकाले असमलगायत सबै ठाउँमा रहेका नेपालीले दसैँ मनाउने चलन छ। दसैँमा पारिवारिक भेटघाटका साथै गाउँलेसँग भेटघाट हुने हुँदा धेरै ठाउँमा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने चलन छ। यस्ता कार्यक्रममा नाटक, गीतसंगीतको आयोजना हुन्छ' अधिकारीले भने।

पश्चिम बंगाललगायत ठाउँमा दसैँसँगै दुर्गापूजा गर्ने चलन पनि रहिआएको छ। 'पहिला गाउँघरमा नाटक गर्ने चलन अलिक धेरै थियो, अहिले गीत-नृत्य कार्यक्रम धेरै हुने गर्छ,' अधिकारीले टेलिफोनमा सुनाए। उनका अनुसार असममा दुर्गापूजाको समयमा सप्तमीदेखि विजया दशमीसम्म छुट्टी हुन्छ। सिक्किममा अष्टमीदेखि पूर्णिमासम्म छुट्टी हुन्छ। पश्चिम बंगालमा दुर्गापूजा (सप्तमीदेखि) विजया दशमीसम्म सरकारले छुट्टी दिँदै आएको छ। नेपालमा जस्तै मान्यजनबाट टीका र आशीर्वाद थाप्ने चलन भारतमा रहेका नेपाली समुदायमा रहँदै आएको छ।

म्यानमार (बर्मा)मा नेपाली भाषाका स्थापित शिक्षक एवं नेपाली समुदायका अगुवा व्यक्तित्व लक्ष्मण न्यौपानेका अनुसार दसैँ पर्वको रौनकता त्यहाँ सुरु भइसकेको छ। 'नेपालमा जस्तै घटस्थापनाबाट दसैँ सुरु भयो। मठमन्दिरमा कार्यक्रम अब सुरु हुन्छ,' न्यौपानेले उतैबाट सुनाए, 'म्यानमारी नेपाली समाजले चन्दा उठाएर देशैभरि ३१३ भन्दा बढी मन्दिर बनाएका छन्। मन्दिरलाई साझा घरका रूपमा लिएर दसैँ पर्व आयोजना गर्छौं। अन्य क्षेत्रमा निरंकुश भए पनि धार्मिक चाडपर्वलाई मान्न म्यानमार सरकारले स्वतन्त्रता दिएको छ, यसको उपयोग गरेर दसैँ मनाउँछौं।'

धार्मिक आस्था मात्र नभएर मन्दिर निर्माण गरिसकेपछि धार्मिक आवरण पाएको ठाउँमा कार्यक्रम गर्न मन्दिरमा रोकटोक हुँदैन। नेपाली समुदायले मन्दिरमा नेपाली भाषा पढाइरहेको छ। किनभने, म्यानमारमा विदेशी भाषा पढाउन पाइँदैन, मन्दिरमा पढाउन रोकटोक छैन। 'चन्दाबाट बनाएका मन्दिरमा घटस्थापनामै जुटछौं। जमरा त्यहीं राख्छौं। त्यहाँबाट एक एक मुठी लिएर घरमा पनि राख्छौं,' न्यौपानेले भने, 'नौ दिनसम्म धुमधाम दुर्गापूजा गर्छौं। मन्दिरमा व्रत बस्छन्। अहिले याङ्गुनका हिन्दु मन्दिरमा युवाहरू फलाहार मात्रै गरेर व्रत बसेका छन्। अष्टमीको राति देशभरिका मन्दिरमा सांस्कृतिक कार्यक्रम हुन्छ। देवी, रामायणसम्बन्धी नाटक हुन्छ। नेपाली पोषाकमा, नेपाली लोकगीतमा कार्यक्रम हुन्छ।'

त्यहाँको भित्तेपात्रोमा दसैँको साइत दिएको हुन्छ। त्यही साइतमा टीका लगाउने, जमरा लगाउने गरिन्छ। 'टीकाको दिन आयु द्रोणसुते श्रीयं दशरथे... मन्त्र सबैतिर गुञ्जिन्छ। पढ्न नजान्नेले पनि सिक्छन्,' न्यौपाने भन्छन्।

म्यानमारमा नेपाली समुदायले प्रायः सेतो टीका लगाउँछन्। 'इन्टरनेटका कारण नेपालबाट सिकेर यहाँ पनि रातो टीका लगाउने चलन सुरु भयो। तर, पहिला रातो टीका थिएन, सेतो टीको र कानमा जमरा लगाउने चलन थियो। अहिले पनि धेरैको यही चलन छ,' न्यौपाने भन्छन्। दसैँको टीका विजयादशमीदेखि कोजाग्रत पूर्णिमासम्म लगाउने चलन छ म्यानमारमा पनि। 'दसैँमा खसीको मासु पकाएर खाने चलन छ। अरू बेला खसीको मासुको त्यति चासो हुँदैन। अनि, सेलरोटी पकाउने पनि चलन छ, सेल नखाई म्यानमारमा दसैँ आएजस्तो नै हुँदैन,' उनले सुनाए, 'बर्मेली, चिनियाँ मूलका मानिसलाई पनि नेपालीले पकवान बनाएर वितरण गर्छन्। उनीहरूले पनि कोसेलीका रूपमा हार्दिकतासाथ ग्रहण गर्छन्। नेपालीहरू बाक्लो बस्ती भएका ठाउँमा बर्मिज, चिनियाँ मूलका मानिस पनि आएर टीका लगाउने र खाना खाने गर्छन्।'

विगतमा पिङ हाल्ने चलन भए पनि अहिले त्यो चलन म्यानमारमा हटेको छ। 'हाम्रा हजुरआमाहरूले पिङ हालेको भन्नुहुन्थ्यो, तर यहाँ पिङ हालेर खेल्ने चलन छैन,' न्यौपानेको भनाइ छ।

सांस्कृतिक कार्यक्रममा स्थानीय तहका पदाधिकारीलाई बोलाएर भोजन गराउने चलन छ। बर्माका ३५ वटा नगरमा नेपाली छरिएर बसेका छन्।

भुटानमा दसैँको रौनक विगतमा जस्तो छैन, तर पनि दसैँको माहोल छ। सरकारले विजया दशमीका दिन सार्वजनिक बिदा दिने गरेको छ। 'नौरथा लागेपछि माटो लिन जाने, लुगा धुने, नयाँ लुगा सिलाउने र लगाउने चलन थियो गाउँमा। नेपालमा जस्तै दसैँको पूर्वतयारी हुन्थ्यो। अहिले यो चलन हराउँदै गएको छ,' नेपाली भाषाका साहित्यकार छत्रपति फुँयालले साम्ची भुटानबाट सुनाए, 'विगतमा भुटानको नेपाली समाजमा मांसाहारीले सप्तमी अष्टमीतिर खसी काट्ने/बलि दिने, चण्डी पढ्ने चलन थियो। त्यतिबेला गाउँमा दसैँमा केरा पकाउने चलन थियो, चिउरा कुट्नुपर्थ्यो। नौरथा लागेपछि माटोले घर लिप्ने काम हुन्थ्यो। अहिले सिमेन्टका घर बने, केरा, चिउरा किनेर ल्याउने चलन बढ्यो।'

दसैँको टीका पूर्णिमासम्म लगाउने चलन भुटानमा छ। 'उहिलेजस्तो माटाको घर अलिअलि बाँकी छन्। तर, पहिला गाउँले सबै मिलेर काम गर्दा निकै रमाइलो हुन्थ्यो। अहिले दसैँको रौनक छैन,' फुयाँलले भने।

भुटानमा २०४७ सालसम्म नेपालीको संख्या ठुलो थियो। एक लाख दश हजारभन्दा बढी नेपाली मूलका नागरिक खेदिएपछि परिवार विछोडको अवस्था भयो। 'अहिले जागिरेहरू घर जाने चलन त्यति सारो छैन। नेपाली जातिका मानिस दुई-तीन वर्षमा एकपटक जस्तो बाबुआमाको हातको टीको लगाउन गाउँ जान्छन्,' फुयाँल सुनाउँछन्, 'जम्मा एक दिन त छुट्टी हुन्छ।'

भुटानको राजधानी थिम्पुमा चौथो राजा जिग्मी सिंघी वाङ्चुकका पालादेखि सुरु भएको दुर्गापूजा बर्सेनि हुँदै आएको छ। 'पाचौँ महाराजा (अहिलेका राजा जिग्मी गेसर नाम्ग्याल वाङ्चुक)ले दरबारमा पनि दुर्गापूजा गराउनुभएको थियो। विगतमा थिम्पुमा मन्दिरमा हुन्थ्यो, अहिले दुर्गा पाञ्चायन मन्दिरमा नौ दिनसम्म चण्डी पाठ हुन्छ,' फुयाँल भन्छन्, 'फुर्सद भएका बखत दसौँ दिन महाराज पनि मन्दिर पुग्नुहुन्छ। प्रायः मन्त्रीहरू पुगेर दसैँको प्रसाद लिन्छन्। महाराजाले पनि उहाँको फुर्सदअनुसार दरबारमा बोलाएर टीका लगाइदिनुहुन्छ।'

भुटानबाट नेपाल हुँदै अमेरिका, क्यानडा, बेलायत, निदरल्यान्ड्स, अस्ट्रेलियालगायत देशमा पुगेका नेपाली समुदायले परम्परागत रूपमा नै दसैँ मनाउँदै आएको छ। अमेरिकामा नेपाल, भुटान, भारत, बर्मा, थाइल्यान्डबाट गएका नेपालीले दसैँ मनाउँछन्।

अमेरिकाको मेरिल्यान्ड राज्यले दसैँलाई औपचारिक मान्यता दिएको छ। २०२२ मार्च १७ मा विधायक ह्यारी भण्डारीको पहलमा मेरिल्यान्डले नेपालमा उत्पत्ति भएको दसैँ पर्वलाई असत्यमाथि सत्यको विजयको प्रतीक हो भन्ने विधेयक पारित गरेको थियो।

अमेरिकामा नेपालीहरूले दसैँ दुई तरिकाले मनाउँछन्। नेपालमा परिवार भएका नेपालीले नेपालमा परिवारले टीका लगाएसँगै टीका लगाउँछन् भने धेरैले पञ्चांगका आधारमा मनाउँछन्।

'सूर्यपञ्चांगअनुसारको साइतमा दसैँको टीका लगाइन्छ। कहिलेकाहीं दसैँको टीका अमेरिकामा अघिल्लो दिन, नेपालमा भोलिपल्ट पनि पर्छ। नेपाल र भुटानबाट गएकाहरूले फरक-फरक साइतमा टीका लगाउने चलन छ, यसलाई एउटै कायम गर्ने प्रयास हुनुपर्छ,' अमेरिकाको ह्यारिसबर्गमा रहेका नेपाली समुदायका अगुवा रूपनारायण पोखरेलले भने। पोखरेलका अनुसार दसैँका लागि पहिले नै कम्पनी/कार्यालयमा छुट्टी माग्नुपर्छ। 'नेपाली र भारतीय मूलका मानिसले सञ्चालन गरेका कम्पनी र कार्यालयले सम्भव भएसम्म दसैँ र तिहारमा बिदा दिन्छन्,' पोखरेल भन्छन्।

भुटानबाट नेपालको शरणार्थी शिविर हुँदै अमेरिका पुगेका पोखरेलका अनुसार त्यहाँ बसोवास गर्ने नेपाली समुदायले भव्य रूपमा दसैँ मनाउँछन्। 'दसैँ-तिहारमा सांस्कृतिक कार्यक्रम हुन्छन्। नवरात्रको नौ दिनसम्म दुर्गासप्तशती पाठ हुन्छ। अमेरिकामा पनि दसैँको प्रभाव यतिसम्म छ कि एउटा अमेरिकी परिवारले हरेक वर्ष मेरो आमाको हातबाट टीका लगाउँछ,' पोखरेल सुनाउँछन्।

अस्ट्रेलियादेखि निदरल्यान्ड, बेलायत मात्र नभएर श्रम गन्तव्य मानिने खाडी मुलुकमा पनि नेपालीले सकेसम्म दसैँ मनाउँछन्। खाडी क्षेत्रमा नेपालीहरू नेपालमा परिवारजन र आफन्त सम्झेर मनाउँछन्। 'नजिकका साथी मिलेर खानपिन हुन्छ। दसैँमा घरको यादले सारै सताउँछ,' युएईमा कार्यरत सिन्धुलीका केशव हमालले सुनाए। खाडी देशमा नेपालीले टीकाका दिन छुट्टी लिने र साथीहरूसँगै मिलेर खानपिन गर्ने गरेका छन्।

क्यानडामा सरकारी कार्यालयमा कार्यरत नेपालीले पर्वबिदाका रूपमा दसैँमा बिदा लिन्छन् र आफन्तसँग मनाउने गरेको त्यहाँ रहेका गुल्मीका अनिल थापा बताउँछन्। 'गाउँघरमा मनाएजस्तो त कहाँ हुन्छ, तैपनि नेपालीहरू भएका ठाउँमा दसैँ पर्व मनाउने चलन छ,' थापाले सुनाए।

'नेपाली जातिको विश्वव्यापीकरणसँगै हाम्रो दसैँ पनि अब स्थानीय पर्व रहेन, यो विश्वव्यापी चाड भयो। अझ भनौं, अन्तर्राष्ट्रिय पर्वका रूपमा दसैँ स्थापित भइसकेको छ,' अमेरिकाबाट रूपनारायण पोखरेलले थपे, 'दसैँ पर्वले नेपाली जातिको विश्वव्यापीकरणको भेलमा बगेर संसार फन्को मारिरहेको छ। जहाँ-जहाँ नेपाली छन्, त्यहाँ दसैँ छ। अब के नेपाल, के भारत, के एसिया, के युरोप, के अमेरिका, के अफ्रिका, कहाँ छैन, नेपाली र कहाँ छैन दसैँपर्व ?'


दसैँले विश्वभरिका नेपाली जातिलाई जोडेको छ। यसले नेपालीको मन अझ कसिलो गरी जोड्न सक्यो भने नेपालका लागि यो भविष्यमा नरमशक्ति (सफ्टपावर) बन्नेछ।

दसैँ पर्वले नेपाली जातिको विश्वव्यापीकरणको भेलमा बगेर संसार फन्को मारिरहेको छ। जहाँ-जहाँ नेपाली छन्, त्यहाँ दसैँ छ। अब के नेपाल, के भारत, के एसिया, के युरोप, के अमेरिका, के अफ्रिका, कहाँ छैन नेपाली र कहाँ छैन दसैँपर्व ?'

दसहरा अर्थात् मधेशको दसैं



● तिवारी यादव



मधेशमा हिन्दु धर्मावलम्बीले ठुलो पर्वका रूपमा दसैंलाई पनि लिन्छन् । दसैंमा मधेशका प्रत्येकजसो घरमा नौ दिनसम्म व्रत बस्छन् । पहाडमा भन्दा मधेशमा दसैंको रौनक बेग्लै देखिन्छ । यहाँका महिला नौ दिनसम्म मन्दिरमा पुगेर पूजापाठ गर्छन् । संस्कृतिविद्का अनुसार मधेशमा दसैं धार्मिक मात्र नभई सांस्कृतिक उत्सव पनि हो । यहाँको दसैंमा भारतीय संस्कृति, स्थानीय परम्परा र हिन्दु धर्मको मिश्रण स्पष्ट देखिन्छ ।

जबकि, पहाडी क्षेत्रमा दसैं पारिवारिक पुनर्मिलन, टीका जमरा र दसैं घर केन्द्रित हुन्छ । मधेशमा सार्वजनिक पाण्डाल, रामलीला र रावणदहनजस्ता सामाजिक र सांस्कृतिक गतिविधिले दसैं भरिपूर्ण हुन्छ । दसैंलाई बडादसैं, दशहरा, विजया दशमी, आयुध-पूजा आदि नामले चिनिन्छ । बडादसैं आश्विन शुक्ल पक्षमा प्रतिपदादेखि दशमी र त्यसपछि कोजाग्रत पूर्णिमासम्म पनि मानिने गरिएको छ ।

मधेशमा दसैंको पहिलो दिनदेखि दशमीको दिनसम्म माता नवदुर्गा एवं त्रिशक्तिदेवी माता- महाकाली, महालक्ष्मी र महासरस्वतीको विधिवत् पूजाआजा एवं आराधना गरिन्छ । तसर्थ यस पावन दिनको खुसियालीमा ठुलाबडाबाट सानाले नवदुर्गा भवानीको प्रसादस्वरूप रातो टीका र जमरा लगाउने र आशीर्वाद लिने चलन छ । मधेशमा दसैं मनाउने तरिका नेपालका पहाडी भूभागभन्दा केही भिन्न हुन्छ, यद्यपि मूल रूपले हिन्दू धर्मअनुसार दसैंको धार्मिक महत्त्व एउटै नै हुन्छ ।

मधेशका विभिन्न जातीय, सांस्कृतिक र भाषिक विविधताले गर्दा यहाँ दसैं मनाउने तरिकामा पनि विविधता छ । पूजा कार्यक्रम गर्न स्थानीय बासिन्दाबाट आर्थिक संकलन गरिन्छ । चन्दा पनि उठाइन्छ । वडा समितिले पनि केही सहयोग गर्ने गरेका छन् । पूजा कार्यक्रमलाई अझ व्यवस्थित बनाउन स्थानीय युवा स्वयंसेवकका रूपमा खटिन्छन् । सामुदायिक प्रहरी, तथा नगर प्रहरीसँग पनि समन्वय गरिन्छ । साथै, महिला तथा बालबालिका कलशयात्रामा पनि सहभागी हुन्छन् ।

> मधेशमा लाल टीका मात्र अथवा राम-नाम लेखिएको पट्टी टाँस्ने चलन पनि कतिपय ठाउँमा पाइन्छ । जमरा उमार्ने चलन मधेशका सहरी क्षेत्र वा पहाडबाट प्रभावित परिवारमा मात्र देखिन्छ । ग्रामीण क्षेत्रमा यो चलन कम छ ।

मधेशमा दसैंको समयमा परम्परागत रूपमा विभिन्न मन्दिरमा मेला लाग्ने गर्छ । यो समयमा विशेषगरी दुर्गा, काली, भैरवजस्ता देवी-देवताको पूजा-आराधना गरिन्छ । दसैंको मुख्य दिनमा विशेषगरी अष्टमी, नवमी र दशमीका दिन मन्दिरमा भक्तजनको भिड लाग्ने गर्छ । दसैंको अवसरमा मन्दिरहरूमा मेला लाग्छ, जहाँ धार्मिक कार्यक्रमसँगै लोकसांस्कृतिक कार्यक्रम, व्यापारिक स्टल, झुला, खानापान आदि पनि हुने गर्छ । विशेषगरी महाअष्टमी र महानवमीका दिन बलि चढाउने परम्परा छ । मन्दिरमा राँगा, बोका, परेवा, हाँस आदि जनावरहरूको बलि दिइन्छ । मधेशका स्थानीय मन्दिर, जस्तै- दुर्गा मन्दिर, काली मन्दिर, भैरव मन्दिरमा बलि प्रथा अझै प्रचलनमा रहेको स्थानीय दिलिप उपाध्याय बताउँछन् ।

मेलामा गीत-संगीत, झाँकी, रात्रि जागरण आदिको आयोजना गरिन्छ । तर, पछिल्लो समय जनावरको बलिप्रति आलोचना हुन थालेपछि केही ठाउँमा प्रतीकात्मक बलि, जस्तै- कुम्हारको भाँडो, फलफूल, काँक्रो आदि दिने चलन पनि बढ्दै गएको देखिन्छ ।

मधेशमा दसैं (विजया दशमी) लाई दशहरा भनेर चिनिन्छ । यहाँ दशमीको दिन रामले रावणमाथि विजय गरेको प्रतीकस्वरूप रावणदहन गर्ने प्रथा छ । यो परम्परा पहाडी क्षेत्रमा प्रायः देखिँदैन । दुर्गा पूजामा बंगाली परम्परा (विशेषतः मैथिल, भोजपुरिया, बंगाली समुदाय) अनुसार कलश स्थापना, दुर्गा पण्डाल, र सांस्कृतिक कार्यक्रम गरिन्छ । दसैंमा प्रयोग हुने भजन, गीत र नाच प्रायः मैथिली, भोजपुरी, अवधी भाषामा हुने गर्छन् । मधेशमा लोकगीत (जस्तै, दशहरा गीत), झुमर, सम्हरिया नाच, कजरी, भक्ति गीत आदि दसैंको अवसरमा गाइन्छ । मधेशको दसैंमा विशेषगरी माछा, मासु, चिउरा र भात खाने चलन छ । केही स्थानमा खिरपुरी, तरकारी, तरुआ पनि बनाइन्छ । मिठाईहरू, जस्तै- लड्डु, बालुसाइका परिकार पनि खाइन्छ ।

मधेशमा लाल टीका मात्र अथवा राम-नाम लेखिएको पट्टी टाँस्ने चलन पनि कतिपय ठाउँमा पाइन्छ । जमरा उमार्ने चलन मधेशका सहरी क्षेत्र वा पहाडबाट प्रभावित परिवारमा मात्र देखिन्छ । ग्रामीण क्षेत्रमा यो चलन कम छ ।

भारतको सीमावर्ती क्षेत्र (जस्तै- वीरगन्ज, जनकपुर, भैरहवा, विराटनगर) मा दसैंको दिन रावण, मेघनाथ, कुम्भकर्णको पुत्ला जलाउने परम्परा हुन्छ । यो रामलीला कार्यक्रमअन्तर्गत गरिन्छ । मधेशका धेरै सहरमा रामायणको नाटक (रामलीला) प्रदर्शन गरिन्छ, जुन दसैंभरि चल्ने गर्छ । यो परम्परा नेपालका अन्य भागमा खासै देखिँदैन ।

पछिल्लो समय मधेशमा प्रत्येक गाउँमा दुर्गापूजा गरेर कलश राख्ने चलन पनि बढ्दै गएको छ । मधेशमा दसैंमा हुँदै आएका पूजापाठमा जनप्रतिनिधिलाई पनि आर्थिक भार बढ्ने गरेको वीरगन्ज महानगरपालिकाका वडाध्यक्ष रामकिशोर सिंह परागले बताए । उनका अनुसार अहिले मधेशमा प्रत्येक गाउँमा मात्र नभई टोलटोलमा पनि दुर्गापूजा गरेर कलश राख्ने गरेकाले आर्थिक सहयोग माग्ने गरिन्छ । कलशयात्रामा पालिका प्रमुखदेखि वडाध्यक्षसम्म सहभागी हुने गरेका छन् । वडाध्यक्ष सिंहका अनुसार दुईवटा टोल रहेको २० नम्बर वडामा दुवै टोलमा कलश स्थापना, दुर्गा पण्डाल र सांस्कृतिक कार्यक्रम गरिन्छ । दुवै टोलमा भइरहेको पूजापाठमा आर्थिक सहयोग गर्नुपरेकाले अन्य समयमा भन्दा बढी आर्थिक भार हुने गरेको छ ।

लैंगिक तथा यौनिक अल्पसंख्यक

जसलाई छुँदैन दसैंको खुसियालीले





● पवन बराइली

टौंडा स्थायी घर भएकी सुहना थापामगर ट्रान्सजेन्डर महिला हुन् । हाल उनी काठमाडौंमा बस्छिन् । आफू जन्मिएको घर उनका लागि बिरानो बनिसकेको छ । दसैंमा घर नगएको धेरै वर्ष भइसक्यो । सुहना आफ्नै समुदायका साथीहरूसँगै दसैंजस्ता चाडपर्व मनाउने गर्छिन् । लैंगिक तथा यौनिक अल्पसंख्यक भएकै कारणले आफूलाई परिवारले अस्वीकार गरेको उनी सुनाउँछिन् ।

'दसैंमा घर नगएको चार वर्ष भइसक्यो । आफू जन्मिएको घर नै पराई घरजस्तो बनेको छ,' उनी भन्छिन्,'मलाई घरपरिवारले स्विकारेन । अझै पनि मलाई अर्कै ग्रहको मान्छेजस्तो ठान्छन् । त्यसैले घर जानै मन लाग्दैन ।'

सुहना आफ्नो साथीहरूसँगै चाडपर्व मनाउने गर्छिन् । 'जसलाई घरपरिवारले सहजै स्वीकार गरेका छन्, उनीहरूको घरमा जान्छु । उनीहरूका बुबाआमाको हातबाट टीका लगाउँछु । साथीको बुबाआमालाई आफ्नै सम्झेर आशीर्वाद थाप्छु,' उनले सुनाइन् ।

बाल्यकालमा दसैंको वेलामा उनी परिवारसँगै रमाउँथिन् । घर जान नपाउँदा नरमाइलो लाग्छ उनलाई । सबैजना परिवारसँग बसेर दसैं मनाएको फोटो देख्दा उनको मन खल्लो हुन्छ । एक्लै काठमाडौंमा बसेर दसैं मनाउनुपर्दा नमिठो लाग्छ उनलाई । परिवारसँग बसेर मनाएको दसैं उनका लागि केवल सम्झनामा सीमित भयो । 'पहिले केटाकै रूपमा हुर्किएँ, त्यो वेला परिवारसँग बसेर चाडपर्व मनाउँथें । तर, अहिले घरबाट फोन पनि आउँदैन । घरमा बसेर चाडपर्व मनाउने सहज वातावरण छैन । दसैंको वेलामा घरमा पाहुना आउने गर्छन् । त्यस्तो वेला आफैंलाई अप्ठ्यारो लाग्छ । परिवारले राम्रो मान्दैनन् ।'

जन्मँदा बुबाआमाले उनलाई छोराको रूपमा हेर्थे । समयक्रमसँगै उनी छोरीको रूपमा परिणत भइन् । जुन दिनबाट उनी छोरी बनिन्, त्यसदिनदेखि उनका लागि घरको ढोका बन्द भयो । 'जन्मँदा छोराकै रूपमा जन्मिएँ । तर, बिस्तारै मेरो फिलिंग्स चेन्ज भयो । त्यसपछि म ट्रान्सजेन्डर महिला भएँ । त्यस दिनदेखि घरमा मलाई अर्कै दृष्टिकोणले हेरियो । घरमा नआइदिएहुन्थ्योजस्तो गरियो,' उनले भनिन् ।

परिवार र समाजका लागि अझै संघर्ष नै गरिरहेको उनी सुनाउँछिन् । 'म मेरो पहिचानका लागि अझै संघर्ष गरिरहेको छु । मेरो कर्ममै यस्तै लेखेको रहेछ भन्ने लाग्छ । यो मैले गरेर पनि भएको होइन । बुबाआमाले यस्तै रूपमा जन्मदिनुभयो । कसलाई दोष दिने ?,' उनी भन्छिन् ।

दाङकी सिम्पल विष्टको पनि कथा त्यस्तै छ । विष्टले परिवारसँग दसैं नमाएको नौ वर्ष भइसक्यो । घर जाँदा उनलाई अप्ठ्यारो महसुस हुन्थ्यो । परिवारका मान्छेले घरमा नआइदिएहुन्थ्योजस्तो गरे । उनी भन्छिन्,'परिवारले मलाई अझै छोरीको रूपमा स्विकारेको छैन । उहाँहरूले मलाई चासो दिनुहुन्न । त्यसैले मलाई जबर्जस्ती घर जान मन लाग्दैन । मैले गर्दा परिवारलाई नराम्रो लाग्छ भने किन घर जानु ?'

उनलाई घरका बुबा, दाजुभाइले कहिल्यै सम्झेनन् । उनीहरूले आफूलाई बुझ्ने प्रयास नगरेको उनको गुनासो छ । उनी भन्छिन्,'मैले पनि उनीहरूलाई बुझाउन सकेको छैन, उनीहरूले पनि बुझ्ने प्रयास गरेनन् । मलाई घरको अरू मान्छेले कहिल्यै फोन गर्दैनन् । तर, आमाले चाहिँ सम्झनुहुन्छ । आमाले मिल्छ भने आइज भन्नुहुन्छ ।'

सिम्पल दसैंका लागि आफ्नै कोठामा जमरा राखेर पूजा गर्छिन् । टीकाको दिन आफ्नै कोठामा घर नगएका साथीभाइलाई बोलाएर टीका लगाइदिन्छिन् । 'परिवारबाट स्विकारेका साथीहरू घर जान्छन् । हामी घरबाट अस्वीकृत भएका मान्छेहरू घर जाँदैनौं । घरमा गएर टीका लगाउन नपाए पनि कोठामा जमरा राख्छु, पूजा गर्छु, आफैं टीका लगाउँछु । घरपरिवारले अस्वीकार गरेका हामी एकअर्कामा आशिर्वाद लिन्छौं, रमाइलो गर्छौं', उनी सुनाउँछिन् ।

सिम्पल जन्मँदा छोरा थिए । परिवारले छोराकै रूपमा उनलाई हुर्कायो, बढायो र पढायो । परिवारले छोराकै व्यवहार गरिरहे पनि उमेर बढेसँगै उनले आफूलाई फरक महसुस गर्न थाले । मनमा जे चाहना थियो, त्यो घरपरिवारलाई मान्य भएन । त्यस दिनपछि उनी घरबाट निष्कासित हुनुपऱ्यो । 'मलाई डिप्रेसन भइसकेको थियो । घरीघरी मलाई आत्महत्या गर्ने सोच आउँथ्यो,' उनी भन्छिन्,'आफ्नो भावना मनभित्र लुकाएर बाँच्न सकिनँ ।'

दाङकी करिना घर्तीको पनि दसैंजस्ता चाडपर्व आउँदा मन खिन्न हुन्छ । चाडपर्वमा उनका लागि न घरपरिवार छ, न आफन्त नै । 'कसरी मनाऊँ दसैं ? कहाँ मनाउनु ?' उनका साथीहरूसँग भेट हुँदा मन केही हल्का हुन्छ, तर घरको यादले सताउँछ । 'रुन पनि सक्दिनँ, हाँस्न पनि सक्दिनँ', उनी भन्छिन् ।

अहिले २० वर्ष पुगेकी करिनाले बाल्यकालदेखि नै सामाजिक अन्याय र पारिवारिक अस्वीकारको सामना गर्नुपऱ्यो । समाज र परिवारको व्यवहार असह्य बन्न थाल्यो । आफ्नै घरमा घृणा, गाली र कुटपिट व्यहोर्नुपऱ्यो । बुबाको सानैमा निधन भयो, आमा अर्कोसँग विवाह गरेर बेपत्ता भइन् । दिदीले पनि उनको साथ छोडिन् । आफन्तहरूले अस्वीकार गरेपछि करिनाले बाध्य भएर घर छाडिन् ।

भारत गएर केही वर्ष काम गरिन् । अनि केही आत्मबल पनि बनाइन् । त्यसपछि नेपाल फर्किन् । तर गाउँ-समाजको उनलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छैन । गाउँमा अपमान व्यहोर्छिन् । 'ट्रान्सजेन्डर भएकै कारण मलाई गाउँमा पाइला टेक्न दिँदैनन्,' उनी भन्छिन्,'मेरो पीडा राज्यले समेत सुन्न चाहँदैन । पहिचान खुलाउँदा घरबाट निकालिदिए । अहिले म घरबारविहीन भएर बाँच्नुपरेको छ । नेपालमा मजस्ता थुप्रै ट्रान्सजेन्डर यस्तै पीडा भोगिरहेका छन् । परिवारबाट अस्वीकार, सामाजिक बहिष्कार, राज्यको उदासीनताले हामीजस्ताको जीवन कठिन बनेको छ ।'

पाल्पाको टीकाराम भुसाल दसैंलाई उत्सवको रूपमा लिन्छन् । 'ब्लु डाइमन्ड सोसाइटी'मा कार्यरत उनको यस वर्ष परिवारसँगै बसेर दसैं मनाउने योजना छ । 'म लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्ति हुँ । मैले अरू समुदायले जस्तै सहजै दसैं मनाइरहेको छु । पारिवारिक परम्परा अनुसार दसैं मनाउन सक्छु । मेरा लागि घरपरिवारबाट कुनै बाधा छैन । मेरा लागि दसैंलगायत चाडपर्व रमाइलो नै हुन्छ,' उनले भने ।

टीकारामलाई आफ्नो लैंगिक पहिचान खुलाउँदा परिवारले सहजै स्वीकार गऱ्यो । मलाई अरू साथीहरूको जस्तो अप्ठ्यारो भएन । सहज वातावरणमा हुर्किने अवसर पाएँ । प्रत्येक दसैं पारिवारिक रूपमा मनाउने गर्छु । परिवारले स्वीकार नगर्ला कि भन्ने डर छैन,' उनको अनुभव छ ।

तर, कतिपय लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायलाई दसैं मनाउन सजिलो नभएको उनको बुझाइ छ । 'अरू साथीहरूलाई सजिलो छैन । परिवारबाट

साप्ताहिक राशिफल

११ असोज (शनिबार)
१७ असोज (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

प्रेममा सफलता प्राप्त हुनेछ । छोटो दूरीको लाभदायी यात्रा पनि हुन सक्छ । सहयोगीहरूबाट कार्यमा सहयोग मिल्नेछ । आयमा हल्का बाधा छ । पारिवारिक भ्रमण गरेमा मन प्रशन्न रहनेछ । बुधबारदेखि कानसम्बन्धी समस्या देखा परी स्वास्थ्यमा केही बाधा हुने देखिन्छ । वैदेशिक रोजगारीका लागि अवसर मिल्नेछ । आर्थिक समस्याको सामना गर्नुपर्नेछ । दाम्पत्य जीवन सफल रहनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

वैदेशिक यात्रा हुने योग रहेको छ ।। मनमा उल्लास, हर्ष र आनन्दको वातावरण प्राप्त हुनेछ । इष्टमित्र साथीभाइसँगको भेटघाट रमणीय हुनेछ । नयाँ कार्य गर्दा विचारपूर्वक गर्नुपर्नेछ । जग्गासम्बन्धी काममा फलप्राप्तिको योग छ । आध्यात्मिक क्षेत्रमा रुचि बढ्नेछ । विद्यार्थीहरूका लागि अध्ययन कार्यमा अवरोध हुने संकेत देखिएको छ । साताको अन्त्यमा सामाजिक कार्यमा रुचि बढ्नेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

सुरुमा आफन्तसँग असमझदारी बढ्नेछ । अस्वस्थता र कमजोरी अनुभव हुनेछ । महत्त्वाकांक्षी योजना गोप्य राख्नुमै बुद्धिमानी होला । नजिकका व्यक्तिबाट काममा अवरोध हुने देखिन्छ । शुक्रबारदेखि स्थिति अनुकूल बन्नेछ । व्यापार-व्यवसायमा फाइदा हुनेछ । पढाइलेखाइमा प्रगति होला । गुरुजनको साथ मिल्नेछ । प्रतिस्पर्धीहरू पराजित होलान् ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

लगानी र खर्च वृद्धिको योग छ । पारिवारिक झमेला व्यहोर्नुपर्ने देखिन्छ । सल्लाह लिएर कार्य गरेमा सफलता मिल्नेछ । आर्थिक लाभसमेत मिल्ने देखिन्छ । विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ । कार्यमा केही व्यक्तिहरूसँग केही मतमतान्तर हुने समय छ । सामाजिक कार्यमा सफलता मिल्नेछ । तत्काललाई केही नोक्सानी देखिए पनि दीर्घकालीन काममा लगानी गर्ने समय छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

अरूका जिम्मेवारीसमेत बहन गर्नुपर्ने योग छ । पारिवारिक भेटघाटको परिस्थिति सिर्जना हुनेछ । नयाँ सवारीसाधन खरिदबिक्रीको योग रहेको छ । सामाजिक सेवाका कार्य गर्नुपर्नेछ । पारिवारिक माया-प्रेम बढेर जानेछ । आध्यात्मिक क्षेत्रमा रुचि बढ्नेछ । वैदेशिक रोजगारमा राम्रो फल मिल्नेछ । सोचेअनुसारको फल पुरानो काममा नै मिल्नेछ । ठुला कार्यमा निर्णय लिनु ठिक हुनेछैन ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

मानप्रतिष्ठा र सामाजिक मर्यादाप्रति सचेत रहनुहोला, बोलीमा खासै प्रभाव रहनेछैन । विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ, तर केही व्यक्तिहरूसँग मतमतान्तरसमेत हुनेछ । सामाजिक पद, प्रतिष्ठा मिल्नेछ । कार्यसिद्धिको योग रहेकाले राजकीय सम्मान मिल्नेछ । पारिवारिक मायाप्रेममा कमी हुनेछैन । विद्यार्थीहरूका लागि अध्ययन, लेखन, कार्यमा सफलता मिल्नेछ । धनप्राप्तिको योग रहेको छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

स्वादिष्ट भोजनको अनुकूलता प्राप्त हुनेछ । पछाडि बसेर तपाईंका कुरा काट्नेहरू चुप लाग्नेछन् । स्थानान्तरणमा केही ढिलासुस्ती हुने देखिन्छ । पहिले गरिरहेकै कार्यलाई केही दिन यथावत् राख्नुहोला । राजनीतिमा सफलता मिल्नेछ । सवारीसाधनलाई परिवर्तन नगरी चलाउनु भएमा राम्रो हुन्छ । राम्रो कार्यसम्पादन, लेखन गरेबापत सम्मान, पदोन्नति हुने समय छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो या, यि, यु)

मनमा उत्साह र उमंग देखिनेछ । सामाजिक काममा त्यति धेरै मन लाग्नेछैन । जग्गासम्बन्धी कारोबारमा सोचेअनुसार लाभ मिल्नेछ । पहिलेका प्रियजनहरूसँग भेट हुनेछ । प्रेमसम्बन्धमा सामान्य नराम्रो देखिन सक्छ । साझेदारी काममा सावधानी अपनाउनुपर्नेछ । साताको अन्त्यमा साझेदारी कामबाट बाधा अड्चन आई केही दुःख मानसिक कष्ट भोग्नुपर्नेछ । वैदेशिक यात्राको योग पनि देखिएको छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

घरपरिवार र सन्ततिप्रतिको जिम्मेवारी बढ्नेछ । पठनपाठन र प्राज्ञिक क्षेत्रबाट लाभ लिन सकिनेछ । ठुला र महत्त्वपूर्ण कार्यमा रुचि बढ्नेछ । पारिवारिक सम्बन्धमा मेलमिलापको बातावरण बन्ने योग रहेको छ । प्रेमी-प्रेमिकाहरूका लागि कार्यसिद्धि हुने योग रहेको छ । विचारपूर्वक काम गर्नुहोला नत्र केही दुःख भोग्नुपर्ने हुन सक्छ । साताको अन्त्यमा मित्रहरूबाट आर्थिक लाभ मिल्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

रोजगारीका नयाँ विकल्पका बारेमा चिन्तन हुनेछ । अहिले नयाँ ठाउँमा लगानी गर्नु मुनासिब छैन । जग्गा-जमिनको कार्य गरेमा लाभ मिल्ने योग रहेको छ । अध्ययन-अध्यापन कार्यमा सफलता मिल्नेछ । ठुला जलक्षेत्रमा लगानी गर्नु राम्रो देखिन्छ । खानपानको अनुकूल नमिल्ने योग छ । उन्नति-प्रगतिका लागि धातु व्यवसाय सुरुवात गर्ने योग देखिन्छ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

लाभमूलक काम हुनेछन् । परोपकारी काममा आकर्षण बढ्ने छ । सामाजिक कार्यमा प्रतिष्ठा मिल्नेछ । घरमा शुभ, राम्रो वस्तुको क्रय हुने समय छ । साथीहरूसँग भ्रमण गरी खुसीपूर्वक समययापन हुनेछ । दाजुभाइ इष्टमित्रबाट सहयोग मिल्नेछ । नयाँ जागिर प्राप्त हुने योग रहेको छ । वैदेशिक रोजगारीबाट राम्रो फल मिल्ने देखिन्छ । प्रगतिले परिवारमा समृद्धि ल्याउनेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

मानप्रतिष्ठा र ख्याति बढ्ने समय आएको छ । सामाजिक काममा संलग्न हुनुपर्ला । घुमघाम र भेटघाटको समय छ, छरछिमेकी, कुटुम्ब वा नातागोताको कामधन्दामा सरसहयोग गर्दा सन्तुष्टि प्राप्त हुनेछ । प्रेमको बन्धन कसिनेछ । रमाइलो यात्रा र मनोरञ्जनमा सहभागी भइएला । व्यवसायको सिलसिलामा भ्रमण गर्ने मौका आउला । आतिथ्यपूर्ण सम्मान पनि पाइनेछ ।

कविता



● विमला तुम्खेवा



चाडपर्व अरूका लागि खुसीको समय हो, तर जसलाई परिवारले अस्वीकार गरेको छ उनीहरूका लागि बहिष्कार र एकान्तवासको समय हो। यो विभेद हटाउने जिम्मेवारी केवल लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको मात्रै होइन, सम्पूर्ण समाजको हो।

दसैं केवल धार्मिक पर्व होइन, पारिवारिक पुनर्मिलन र सामूहिक हर्षोल्लासको पल पनि हो। तर, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका धेरै व्यक्तिका लागि दसैं पुनर्मिलन होइन, बहिष्कार, तिरस्कार र एकान्तको समय बनेको छ।

अस्वीकृत साथीहरूलाई दसैं दशाजस्तै बनेको छ,' उनी भन्छन्,'दसैं पर्वको भावना मिलन, क्षमा र खुसी साटासाट हो भने हामी सबैले आफूभन्दा फरकलाई पनि यथार्थमा स्वीकार गर्न सक्नुपर्छ। हामीलाई समाजले मात्रै होइन, परिवारले पनि स्वीकार गर्नुपर्छ।'

विद्यालय जीवनमा उनले मानसिक यातना खेप्नुपऱ्यो। तर, परिवारको सहयोगले उनलाई सम्हाल्न सहयोग पुग्यो। 'परिवारले साथ नदिँदा, चाडपर्व मात्रै होइन, अरू वेला पनि मानसिक समस्या निम्तिन सक्छ,' उनी भन्छन्। यो व्यक्तिगत समस्या मात्र नभएर समग्र लैंगिक र यौनिक अल्पसंख्यक समुदायको समस्या रहेको उनको भनाइ छ। उनी भन्छन्,'हामीमध्ये कतिपयका लागि दसैं टीका लगाउने, मिष्ठान्न खाने र आफन्तसँग रमाइलो गर्ने अवसर बनेको छ। तर, धेरै साथीहरूलाई घरपरिवारले स्विकारेका छैनन्, उनीहरूका लागि चुपचाप कोठामा बसेर घरपरिवार सम्झिएर बस्नुपर्ने बाध्यता छ। यो केवल व्यक्तिगत समस्या होइन, समग्र लैंगिक र यौनिक अल्पसंख्यक समुदायको समस्या हो।'

कैलालीकी जुनु चौधरी लुम्बिनी प्रदेशको 'ब्लु डाइमन्ड सोसाइटी'मा कार्यरत छिन्। उनी हरेक वर्ष दसैंमा घर जान्छिन्। यो वर्ष पनि परिवारसँगै बसेर आमाबुबाबाट आशिर्वाद थाप्ने उनी सुनाउँछिन्। उनको पनि आममानिसजस्तै दसैं खुसीको समय हो। 'मेरोजस्तो अनुभव धेरैको छैन। कतिपय साथीहरू अझै परिवारबाट अस्वीकृत भएका छन्। चाडपर्वको वेला मलाईभन्दा उनीहरूलाई अझ गाह्रो हुन्छ।' उनका अनुसार अहिले समुदायभित्र मिलेर चाड मनाउने अभ्यास बढ्दै गएको छ। साथीहरू जमघट गर्छन्, टीका लगाउँछन्। यसरी नयाँ परिवारको अनुभूति हुन्छ।

जुनुको आफ्नो पहिचान परिवारलाई स्वीकार गराउने यात्रा पनि सजिलो थिएन। परिवारलाई बुझाउन, सहमत गराउन धेरै समय लाग्यो। अहिले परिवारको साथ छ, तर बाह्य समाजसँग अझै उनी खुल्न सक्दिनन्। 'त्यसैले पनि चाडपर्व परिवारसँगै हुन्छु। परिवारले मलाई बोलाउनुहुन्छ। पारिवारिक माहोलमा बसिन्छ। तर, घरबाहिर निस्कन मन लाग्दैन,' उनी भन्छिन्,'मलाई अर्कै नजरले हेर्छन्। छरछिमेकमा, अरू समुदायसँग रमाउन सक्दिनँ।'

समाजको सोच अझै परिवर्तन नभएको उनको बुझाइ छ। घरपरिवारमा मात्रै सीमित भए पनि उनी आफूलाई भाग्यमानी ठान्छिन्। परिवारको साथ भएर मात्रै आफूले पहिचानसहित बाँच्न सकेको उनको भनाइ छ। 'घरमा सीमित भए पनि म आफैंलाई भाग्यमानी ठान्छु। तर, चाडपर्वमा घर जान नपाएका साथीहरूको पीडाले मलाई बिझाइरहन्छ,' उनले भनिन्।

खोटाडका रोजन परियार दसैंमा परिवारसँग सहभागी हुन्छन्। उनी दसैंमा टीका भने लगाउँदैनन्। दसैंजस्ता पर्वहरूले जातीय र लैंगिक विभेदलाई बढावा दिएको उनको बुझाइ छ। लैंगिक तथा यौनिक अल्पसंख्यक मात्रै नभएर जातीय विभेद पनि खेप्नुपरेको उनको अनुभव छ। भन्छन् 'मेरो जेन्डर पहिचान हुनुअघि नै नामसँग जात जोडिएको थियो। जसले गर्दा मैले समाजबाट विभेद भोग्दै आएको थिएँ।'

परम्परा र धर्मको नाममा समाजमा असमानता जीवित रहेको रोजनको ठम्याइ छ। उनी भन्छन्,'वेदमा नै दलितलाई सुद्रको दर्जामा राखिएको छ। यसले लैंगिक र यौनिक अल्पसंख्यक समुदायभित्र पनि असर पारिरहेको छ।'

उनका लागि दसैं केवल चाड होइन, 'सांस्कृतिक परम्पराले हामीलाई समान हैसियतमा देख्दैन। त्यही भएर म टीका लगाउँदिनँ, तर परिवार र आफन्तसँगको आत्मीयता भने साटिरहेको हुन्छु,' उनी भन्छन्,'म कसैलाई पनि दसैं मनाउनुहुन्न भन्दिनँ, त्यो आफ्नो इच्छाको कुरा हो। मैले धर्म, परम्परा वा संस्कृति बहिष्कार गर्नुपर्छ भनेको पनि होइन। मेरो परिवार पनि हिन्दु धर्म नै मान्नुहुन्छ। दसैंलगायत चाडपर्व मेरो परिवारले पनि मनाउनुहुन्छ। हामीले समानतामा आधारित चाडपर्व मनाउन सिक्नुपर्छ।'

जुनु, टीकाराम र रोजनजस्ता व्यक्तिहरूले लामो संघर्षपछि घरपरिवारको साथ पाएका छन्। समाजको साथ अझै पाइरहेका छैनन्। उता सुहना र सिम्पलजस्ता धेरै घरपरिवारबाट अस्वीकृत भएका छन्, उनीहरूको लागि चार्डमा आफ्नै घरको ढोका पनि बन्द छ।

दसैं केवल धार्मिक पर्व होइन, पारिवारिक पुनर्मिलन र सामूहिक हर्षोल्लासको पल पनि हो। तर, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका धेरै व्यक्तिहरूका लागि दसैं पुनर्मिलन होइन, बहिष्कार, तिरस्कार र एकान्तको समय बनेको छ।

परिवारले अस्वीकार गर्दा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई गहिरो मानसिक समस्या निम्त्याउने टीकाराम भुसालको भनाइ छ। 'चाडपर्व अरूका लागि खुसीको समय हो, तर जसलाई परिवारले अस्वीकार गरेको छ उनीहरूका लागि बहिष्कार र एकान्तवासको समय हो,'भुसाल भन्छन्,'यो विभेद हटाउने जिम्मेवारी केवल यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको मात्रै होइन, सम्पूर्ण समाजको हो।'

कर्णालीमा गोर्खाली फौजले भित्र्याएको दसैं





● मानदत्त रावल

वर्षमा एकपटक आउने नेपाली विशेष गरी हिन्दु धर्मावलम्बीको महान् पर्वको रूपमा दसैं-तिहारलाई लिने गरिन्छ। यो पर्व परापूर्वकालदेखि नै मनाउने गरिन्छ। वर्षमा एकपटक आउने विशेष पर्व दसैं मनाउनका लागि मानिसहरू देश-विदेशबाट थातथलो अर्थात् मूल घरमा आइपुग्ने गर्दछन्।

कर्णालीमा दसैं मनाउने प्रचलन कहिलेबाट सुरु भयो भन्नेबारे कुनै लिखित दस्तावेज भेटिँदैन। डा. सूर्यमणि अधिकारीको 'खसराज्यको इतिहास' नामक पुस्तकमा १८४६ को असोज महिनामा शिवनारायण खत्री नेतृत्वको गोर्खाली फौज डोल्पा जिल्लाको त्रिपुरासुन्दरीआसपास तैनाथ थियो। असोज महिनामा जुम्लामा घाँस र धान काट्ने समय भएकाले तत्कालीन जुम्ली राजा शोभान शाहीका झरालै सैनिकहरूलाई घरमा बिदा दिएको र दसैंको मौका छोपी गोर्खाली फौजले लडाइँ नै नगरी जुम्ला राज्य कब्जा गरेको उल्लेख छ।

यसबाट दसैं खस राज्यका अन्तिम राजा शोभान शाहीको पालामा समेत मनाइने गरेको पुष्टि हुन्छ। अधिकारीको पुस्तकलाई आधार मान्ने हो भने कर्णाली क्षेत्रमा दसैं मनाउने चलन सिँजा राज्यको मध्यतिरबाट सुरु भएको अनुमान गर्न सकिन्छ।

तर, दसैंमा लगाउने टीकामा भने हालको जस्तो चामल प्रयोग हुँदैनथ्यो। त्यसवेला सिँजा राज्यमा धानको उत्पादन हुँदैनथ्यो। धानको उत्पादन सिँजा राज्यको उत्तरार्द्धतिर भएको अनुमान छ। सिँजा क्षेत्रमा धान उत्पादन नहुने हुँदा चामलको सट्टा निघारमा पिठो लगाउने चलन रहेको जुम्लाका संस्कृतिविद् रमानन्द आचार्य बताउँछन्।

नेपाल एकीकरणको क्रममा सिँजा राज्य बलियो भएपछि गोर्खालीहरूको निसानामा थियो। दुईपटकको आक्रमण असफल भयो। तेस्रो प्रयासमा सिँजा राज्य समाप्त पार्ने गरी गोर्खाली फौज रणनीतिक योजनामा थियो। सोही योजना मुताबिक असोज महिनाको दसैंको वरपर पारेर दुईवटा गोर्खाली सेनाको फौज सिँजा क्षेत्रमा प्रवेश गरेको थियो। एकातिर धान काट्ने र भित्र्याउने कामको चटारो। अर्कोतर्फ दसैं बिदामा सिँजा राज्यका सेनाहरू घर गएको। यही मौका पारी गोखाली फौज सिँजा राज्यमा कब्जा जमाउन सफल भयो।

संस्कृतिविद् आचार्यका अनुसार जुम्लाको उत्तर र दक्षिणबाट आएको गोर्खाली फौज ३ असोज १८४६ मा कर्णाली क्षेत्रमा प्रवेश गरेको थियो। आचार्यका अनुसार सिँजा राज्यभन्दा अगाडि कर्णालीमा दसैं मनाउने प्रचलन थिएन। अहिले लामो बिदा, आफन्तहरूसँगको भेटघाट, टाढा गएका आफन्तहरू घर फर्किने र जमघटका कारणले दसैं प्रमुख पर्वको रूपमा स्थापित छ। तर, सिँजा राज्य स्थापना हुनुभन्दा अघि कर्णाली क्षेत्रमा मष्टो संस्कृति पुजिन्थ्यो। मष्टो मान्नेहरूका लागि सबैभन्दा ठुलो पर्व पुनि (पूर्णिमा) हो। वर्षभरिका १२ वटा पुनिमध्ये वैशाख, साउन, कात्तिक र माघे पुनि विशेष मानिन्छन्। मष्टोबाहेक महादेउता, वनदेउताका लागि कोजाग्रत पूर्णिमा र भदौ पूर्णिमामा पनि पूजा हुन्छ। मष्टो पूजकका लागि पुनि आज पनि महत्त्वपूर्ण छ।

भोट मधेश गएका, रोजगारीका लागि बाहिर गएकाहरू पुनिमा घर पुग्ने भनी भाकल गर्छन् र पुग्छन् पनि। यदि पुग्न नसके जरिवाना तिर्नुपर्थ्यो। बाहिर हुँदा चिताएको पुग्यो भने खुसीले जस दिने चलन छ। वर्षभरिका १२ वटै पुनिमा चोखोनितो गर्ने, बाह्रभाइ मष्टो र नौ दुर्गन भवानीलाई सम्झिने गरिएको 'लामा-विष्णु सांस्कृतिक समन्वयका प्रतीक' पुस्तकका लेखक वासु उपाध्यायले उल्लेख गरेका छन्। मष्टो परम्परामा पुनि नै सबैभन्दा ठुलो पर्व हुनाले दसैं मनाउने चलन नदेखिएको उपाध्यायले लेखेका छन्। खस इतिहासका जानकार रमानन्द आचार्यका अनुसार ११औं शताब्दीको मध्यतिर नागराजले सिँजामा साम्राज्य खडा गर्दाताकाका खसहरू बौद्ध धर्मावलम्बी हुन्।

कर्णालीमा बैदिक हिन्दु प्रभाव पर्नुअघि बौद्ध परम्पराको प्रभाव थियो। खस राजाहरू तिब्बतसँगको सम्पर्कले बौद्ध धर्मबाट दीक्षित थिए। त्यसैले कर्णालीमा प्राप्त मूर्ति र वास्तुकलामा बौद्ध मूर्तिकलाको प्रभाव छ।

तिब्बतमा दलाई लामाको शासनव्यवस्था सुरु भइसकेको थिएन। कर्णालीमा हिमालपारिबाट बौद्ध र दक्षिणबाट हिन्दु परम्पराको समिश्रण भई सहिष्णु समाजको निर्माण भएको संस्कृतिविद्हरू बताउँछन्। यो अवधिमा कर्णालीले तिब्बतसँग सम्भवतः नेपालको इतिहासमै सबैभन्दा मजबुत सम्बन्ध कायम गरेको थियो। हुम्ला क्षेत्र र तिब्बतका गुम्बाहरूमा त्यस्ता दस्तावेज भेटिएको इतिहासकारहरूले बताएका छन्। खस राज्यका पृथ्वी मल्लअघिका राजाहरू सबै बुद्ध धर्मावलम्बी थिए। सिँजा राज्यका सम्राट् नागराज आफैं खारी प्रदेश (ताक्लाखार, तिब्बत)बाट आएकाले उनीसँगै बौद्ध परम्परा भित्रिएको देखिन्छ।

> जुम्लाको उत्तर र दक्षिणबाट आएको गोर्खाली फौज ३ असोज १८४६ मा कर्णाली क्षेत्रमा प्रवेश गरेको थियो। गोर्खालीले कब्जा गर्नुअघि कर्णालीमा दसैं मनाउने प्रचलन थिएन। सिँजा राज्य स्थापना हुनुभन्दा अघि कर्णाली क्षेत्रमा मष्टो संस्कृति पुजिन्थ्यो। मष्टो मान्नेहरूका लागि सबैभन्दा ठुलो पर्व पुनि (पूर्णिमा) हो।

त्यतिवेला भारत वर्षमा पनि बौद्ध परम्परा उत्कर्षमा थियो। दैलेखमा भएको पृथ्वी मल्लका पालाको विसं १४१४ तिर कुँदिएका विजय स्तम्भमा लेखिएको 'ॐ मणिपद्मे हुँ' ले पनि कर्णालीमा वैदिक हिन्दु प्रभाव पर्नुअघि बौद्ध परम्परा थियो भन्ने तथ्य पुष्टि हुन्छ।

थुप्रै अध्येताका अनुसार उनी तिब्बतातिरबाट आएका थिए। खसहरू बौद्ध धर्मावलम्बी भएको प्रमाण हालसम्म पनि अस्तित्वमा रहेका अधिकांश देवलहरूको निर्माण शैली हो। जो बौद्ध धर्मको कलासँग मेल खान्छ। जुम्ला मिचा र त्यसआसपास तथा सिँजामा रहेका पञ्चदेवल, दैलेखको भुर्तिमा रहेका पञ्चदेवल, सुर्खेत काँक्रेबिहार मन्दिरको निर्माण शैली बौद्ध धर्मसँग जोडिएको संस्कृतिविद् आचार्य बताउँछन्। सिँजा सभ्यतामा प्राप्त शिलालेखमा ओम मणि पद्मे हुँ, ओम नमो बुद्धाय लेखिएको पाइनुले यसको पुष्टि गर्ने आचार्यले बताए। बौद्धमार्गीहरू दसैं नमान्ने भएकाले खसहरूले कब्जा गर्नुअघि कर्णालीमा दसैं मान्ने चलन नरहेको उनले बताए।

पछि सिँजा सभ्यताको सीमा विस्तार भएपछि खसहरू विभिन्न धर्मका संस्कृतिसँग पनि नजिक भए। त्यसैक्रममा खसहरूले मष्टो संस्कृतिलाई अँगालेको उनले बताए। जसको प्रमाणस्वरूप यस क्षेत्रका ठुला तीर्थस्थलहरू छायानाथ, मुक्तिनाथ आदिमा पुनि (पूर्णिमा)को दिनसम्म मष्टो पूजकहरू पूजा गर्छन् भने पडेवाको दिनबाट बुद्धमार्गीहरू पूजा गर्छन्। यसरी खस साम्राज्यले सांस्कृतिक समन्वय गरेर अघि बढेको देखिन्छ।

०००

मौलिक परम्पराको रूपमा रहेको दसैं कर्णाली क्षेत्रमा ठाउँअनुसार फरक-फरक रहेको छ। सुरुदेखि दसैंको दिनदेखि कोजाग्रत पूर्णिमासम्म जवारे पुनिको प्रचलन रहेको छ। यस अवधिमा जमरा लगाउने चलन पहिलेदेखि नै रहेको छ।

मान्छेहरू काममा एकदमै व्यस्त हुने भएकाले दिनभन्दा रातभर पिठोको टीइका लगाउँथे। त्यसमा साइत हेरेर नभई दिनभर काममा जाने र साँझ आफन्त तथा ठुलाबडासँग भेट्ने, टीका जमरा लगाउने हुन्थ्यो। राति प्रायः घरघरमा पुगेर टीका, जमरा लगाउने चलन थियो, तर अहिले त्यो चलन भने लोप भइसकेको छ।

अहिले बिस्तारै रेडियो तथा विभिन्न माध्ययमबाट टीका र जमरा लगाउन पनि साइत हुने रहेछ भन्ने बुझेर त्यो परम्परा फेरिएको छ। पहिले दिन शुभ मानिन्थ्यो, तर साइत हेरिँदैनथ्यो। पहिले हरेकको घरमा भेडा काट्ने प्रचलन थियो। दसैं आयो भने मासु खान पाइन्छ भन्ने चलन पनि थियो। जौका जमरा राखिन्थ्यो। पिङ खेल्ने प्रचलन थिएन। अहिले अनिवार्यजस्तै भएको छ।

दसैंमा फूलपाती चढाउने, बडा दसैंको बढाइँ गर्ने प्रचलन शक्तिसँग जोडिएको छ। फूलपातीको दिन जुम्ला विमानस्थलमा घोडादौड प्रतियोगिता नै हुने गरेको थियो। त्यतिवेला जुम्ला विमानस्थल पक्की पिच गरिएको थिएन। पछि विमानस्थल पिच पनि भयो। जुम्ला सडक सञ्जालमा जोडिएपछि घोडा पाल्ने चलन हट्दै गयो। ५-६ वर्षअघिदेखि कर्णाली खेलकुद क्लबले पुनः फूलपातीकै दिन घोडादौड प्रतियोगितालाई स्थापित गर्दै परम्पराको सुरुवात गरेको थियो। गोर्खाली फौजले सिँजा राज्य कब्जा गरेपछि यो परम्परा अनिवार्य भएको हो। डोला लिएर घरघरमा जाने, फूलपाती उठाएर ल्याउने, मन्दिरमा चढाउने, पूजा गर्ने प्रचलन अहिले पनि छ। बुढापाकाका अनुसार गोर्खाली सैनिक प्रवेश गरेपछि सदरमुकाममा यो प्रचलन सुरु भयो। अध्येयताका अनुसार गोर्खाली सैनिकले सिँजा सामाज्यमा जित हासिल गरेपछि टीका लगाउँदा विभिन्न रङ प्रयोग गर्ने प्रचलन भित्रिएको हो।

जंगलजस्तो घर र टपटेनकी आमा

हरेक बिहान-
धुवाँजस्तो हल्का कुहिरोमा बेरिएर नगरकोट उदाउँछ
सँगै उदाउँछे हस्याङफस्याङ गर्दै
टपटेनकी आमा सपनाहरूको साथ
यही जंगल त हो, उसले आफ्ना बैंसका पलहरू बिताएको
यही जंगल हो, उसलाई बाँच्न सिकाउने महान् शिक्षक
पारि देखिने जरासिडपौवाले
कतिपटक लुकामारी खेल्यो उसको बैंससँग...
कतिपटक तोडियो उसको विश्वास...
र त
आफ्नै अनुभवहरूको निचोडबाट उसले बुझेकी छे
कुनै दिन म पनि जानेछु एक शून्य यात्रामा
सब तानाबानालाई बिर्सिएर ...
जुन माटोलाई आफ्नो भनेर चुमिरहेछु
जुन सन्तान, आफन्त र इष्टमित्रलाई
आफ्नो भनेर चुमिरहेछु ।
उसले रोपेका धानका बिरुवाहरू
उसले रोपेका यी बाँसका झ्याङहरू
उसले रोपेका यी नासपातीका बोटहरू
कोदोका नालहरूलाई छुँदै
उदाएर अस्ताउने हरेक दिनको घाम
यही त रहेछ आखिरमा जीवन
जसरी रातको अँध्यारोमा शीतको प्रहारबाट
आफूलाई जोगाउँदै उभिन्छ यो कोदोको बोट
फूलको चक्रलाई मौरीले बुझेझैं बुझेकी छ उसले
यी ऐंसेलुका बोटहरूले पनि उसलाई नजिकबाट चिनेका छन्।

यी सब तानाबानालाई थाती राखेर
कुनै दिन
कुनै समय
सिमसिम झरीमा रुझिरहेको
पुरानो लुङ्दारको सरसराहटको फेदमा उभिएर
धेरैपल्ट आफ्नो दुःखलाई भुलेकी छे
र त
लोग्ने र सन्तानकै मायाले बाँची यो जंगलजस्तो घरमा
सम्झन्छे कुन साहसले बाँची ?
संघर्ष र त्यागको एक जिउँदो इतिहास हो ऊ
साहसले भरिएको कथा हो ऊ
यी खुट्टाले कयौं वर्षदेखि बोकेर हिँडेकी छे
चार सन्तान हुर्काउनुको कथा
घरलाई घरजस्तै बनाइरहनुको कथा।

यहाँको उकाली-ओराली बाटाहरूलाई
कुल्चेर आएकी छे आफ्नै दुःखलाई झैं
जब पर हिमाल घामको किरणसँगै लुक्छ
उसैबाट त हो, उसले दुःखलाई
कसरी लुकाउनुपर्छ भन्ने जानेकी
लजालु झारको पातझैं
मुस्कानभित्र कयौं दर्शनहरू छन्
तपटेनकी आमा
तिम्रो स्वरूपले मलाई
कसैसँग गुनासो नलिई
जीवन बाँच्ने कला सिकाएको छ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



दसैं टीका : रंगको अर्थ

दसैंमा किन लगाइन्छ सेतो, कालो र रातो टीका ?



● शान्ति तामाङ



सेतो टीकामा जनजाति महिला



रातो टीकामुनि कालो टिका लगाएका नेवाः समुदायका युवा



रातो टिका लगाएका हिन्दु महिला

हिन्दु धर्मावलम्बीहरूको पर्व दसैं मनाउने शैली समुदायअनुसार फरक-फरक छ। दसैंमा लगाइने टीकाको रङ पनि फरक-फरक छ। विविधतायुक्त समुदाय भएको नेपालमा समुदायअनुसार सेतो, कालो र रातो टीका लगाइन्छ। सुरुवाती दिनहरूमा अक्षताविनाको टीका, पिठोको टीका लगाउने चलन रहेको जानकार बताउँछन्। संस्कृतिविद् रमानन्द आचार्यका अनुसार जुम्लाको सिँजा राज्य क्षेत्रमा धान उत्पादन नहुने हुँदा चामलको सट्टा निधारमा पिठो लगाइन्थ्यो। 'दसैंमा लगाउने टीकामा चामल प्रयोग हुँदैनथ्यो। त्यसवेला जुम्लाको सिँजा राज्यमा धानको उत्पादन हुँदैनथ्यो। धानको उत्पादन सिँजा राज्यको उत्तरार्द्धतिर भएको अनुमान छ। त्यसैले त्यतिवेला पिठोको टीका लगाइन्थ्यो,' आचार्यले भने। उनका अनुसार सिँजा राज्यभन्दा अगाडि कर्णालीमा दसैं मनाउने प्रचलन पनि थिएन। अहिले लामो बिदा, आफन्तहरूसँगको भेटघाट, टाढा गएका आफन्तहरू घर फर्किने र जमघटका कारणले दसैं प्रमुख पर्वको रूपमा स्थापित छ। तर, सिँजा राज्य स्थापना हुनुभन्दा अघि कर्णाली क्षेत्रमा मष्टो संस्कृति पुजिन्थ्यो। मष्टो मान्नेहरूका लागि सबैभन्दा ठुलो पर्व पुनि (पूर्णिमा) हो।

किराँत समुदायमा सेतो टीका

दसैं मनाउने विभिन्न समुदायमध्ये किराँती पनि हुन्। इतिहासकारहरूका अनुसार किराँत समुदायले दसैं मनाउन थालेको दुई सय वर्ष पूरा भएको तथ्यांक भेटिन्छ। किराँतभित्रका राईहरूले विसं १८७७ देखि दसैं मनाउन थालेको तथ्य भेटिएको छ। इतिहास अध्येता भोगिराज चाम्लिङका अनुसार १८७७ मा राजेन्द्रविक्रम शाहले पूर्वको किराँतीले दसैं मनाउने विषयमा लालमोहर नै जारी गरेका थिए। 'किराँतीहरूले २०५ वर्षअघिदेखि मात्रै दसैं मनाउन थालेका रहेछन्। त्यतिवेला सरकारको स्थानीय प्रतिनिधि भनेको तालुकदार हुन्थे। ती तालुकदारहरूको माध्यमबाट किराँतीहरूलाई दसैं मनाउन लगाइएको रहेछ। ती कुरा अभिलेखमै भेटिन्छ,' अध्येता चाम्लिङले अर्को पनि उदाहरण दिँदै भने,'शाहकालमा खोटाङको हलेसी गढीमा मौलो (काठको खम्बा) गाड्ने चलन थियो। त्यो मौलोमा फूलपातीको दिन राँगाको बली दिइन्थ्यो। त्यतिवेलाको प्रशासनले गढी क्षेत्रका सबैलाई बोलाएर राँगाको मासु प्रसादको रूपमा घरमा लगेर दसैं मान्नु भनेर अराउँथ्यो। यसले किराँतीको मौलिक पर्व दसैं होइनरहेछ, राज्यले शक्ति प्रयोग गरेर प्रशासनिक रूपमा दसैं मनाउन सिकाएको रहेछ भन्ने कुरा प्रस्ट हुन्छ।'

किराँती राईको मौलिक पर्व दसैं नभए पनि राज्यले मनाउनैपर्ने अवस्था सिर्जना गरेपछि मनाउन थालेका हुन्। किराँती राईहरूमा सेतो रङको प्रयोग जन्म-मृत्युसम्मको संस्कारमा प्रयोग हुन्छ। पितृ र प्रकृतिको पूजामा पहेँलो रङको समेत प्रयोग गर्छन्। सुरुवाती दिनमा पहेँलो रङको रूपमा बेसार खनेर कुटी त्यसको रङलाई चामलसँग मिसाएर लगाउने प्रचलन थियो। जीवित मान्छेको शुभकार्यमा चाहिँ सेतो रङ प्रयोग हुँदै आएको पाइन्छ। त्यसैले बाध्यात्मक रूपमा मनाउन थालिएको दसैं जीवित मानिसहरूले मनाउने पर्व भएकाले सेतो रङको टीका लगाउन थालिएको हो। 'दसैं हाम्रो मौलिक पर्व होइन, किनभने दसैंमा मौलिक अनुष्ठान गरिँदैन। किराँतीको मौलिक अनुष्ठानको स्रोत मुन्धुम हुन्छ। तर, दसैंबारे मुन्धुममा उल्लेख छैन,' अध्येता चाम्लिङले भने,'शुभकार्यमा सेतो रङ प्रयोग गरिने भएकाले दसैं मनाउन अभ्यस्त हुँदै गएपछि सेतो रङको टीका लगाउन थालिएको हो कि भन्ने लाग्छ।' उनका अनुसार दसैं मनाउन बाध्य भएर सिकेपछि शुभकार्यमा प्रयोग गरिने सेतो रङ नै प्रयोगमा आइरहेको भेटिन्छ।

■ इतिहासकार दिनेशराज पन्त भन्छन्-

रातो टीका कहिलेदेखि प्रयोगको रूपमा आयो भन्ने यकिन छैन। रातो टीका समृद्धि, विजय र आयु वृद्धिको प्रतीक हो। रातो सौभाग्यको प्रतीक पनि हो। त्यसैले पनि रातो टीकालाई प्रयोगमा ल्याइयो होला भन्न सकिन्छ।



नेवाः समुदायमा कालो टीका

सामान्य रूपमा भन्दा मोहनी भन्नाले मोहनी लगाउनु, मन्त्रमुग्ध बनाउनु वा आफ्नो बनाउनु हो। नेवाः समुदायमा दसैंकै वेला मोहनी मनाइन्छ। दसैं र मोहनी एकै भने होइन। संस्कृतिविद्हरू मोहनीलाई नेवाःहरूले आफूलाई सहयोग गर्ने सामग्रीको पूजा, सम्मान गर्ने गर्छन्। सोहीअनुसार मोहनीमा शरीरको पूजा गरेर जगाउने वा स्फूर्ति ल्याउने भएको बताउँछन्। संस्कृतिविद् डा. बज्रमुनि बज्राचार्यका अनुसार वातावरण नबिग्रियोस् भनेर इन्द्रजात्राको वेला नालामा रुख ढालेर ल्याउने क्षमा पूजा गर्ने चलन छ। पूजा गरेपछि कोत लिएर गई जुन रुखमा काटिन्छ, त्यसमा क्षमा पूजा गरिन्छ। यसको अर्थ हो, एउटा रुख काट्न पनि क्षमा पूजा गर्ने चलन छ। करुणामय देवताको मूर्ति बनाउन म्हेपीमा माटो लिन जानुपर्छ। घर बनाउने वेला नागको पूजा गरेर घर बनाइन्छ। 'जुन-जुन तत्त्वले नेवाःको जीवनमा सहयोग गर्छ, त्यसलाई पूजा गर्ने नेवाःको विशेषता हो। कुनै पनि प्रकृतिका तत्त्वहरू बिगार्दा पनि क्षमा पूजा गरेर मात्र बिगार्ने चलन छ,' उनले भने, 'दसैंमा पनि हामीलाई जीवनमा साथ दिने विभिन्न औजार पूजा गर्छौं। नवमीको दिन हामीले प्रयोग गर्ने सामग्री ठिक छ-छैन भने पूजा गर्ने चलन छ। त्यो पूजा गरेसँगै मान्छेको शरीर पनि पूजा गर्छौं। मान्छेको शारीरिक र आत्मीय पाटो हुन्छ। आत्मीय पाटोलाई कुलदेवताको स्थानमा बसेर पूजा गरेर त्यहाँ स्थापना गर्छौं। स्थापना गरेपछि देवताको शक्ति आफ्नो शरीरको आत्मामा प्रवेश गर्छ।'

'स्याक्वत्याक्व' अर्थात् नवमीका दिन नेवाःहरू आँगन, घर वा जमरा राखिएको कुलदेवता भएको घरमा जम्मा हुन्छन्। हिन्दु समुदायले दुर्गाको आराधना गर्ने यो दिन नेवाःहरू तान्त्रिक विधिअनुसार साधना गर्छन्। सोही दिन जाँडरक्सी राखिएका भाँडाहरूको पनि 'थापिंचा' (पूजा) गर्नुका साथै विधिपूर्वक 'मोहनी सिन्हः' थाप्ने भनेर ध्वाँसो जम्मा गरिन्छ। सोही ध्वाँसोलाई कालो टीकाको रूपमा दशमीको दिन लगाउँछन्। 'यो मान्छेको जीवनलाई पनि रिचार्ज गर्नुपर्छ भनेर पुर्खाहरूले बनाएको विधि हो। अब मेरो शरीरमा ईश्वरको वास भयो। शक्ति प्राप्त भयो भनेर दशमीको दिन कालो टीका लगाउँछौं,' उनले भने, 'ठुलाबढाकहाँ गएर टीका थाप्ने, दक्षिणा दिने हाम्रो चलन होइन। कालो टीका सामान्य प्रसादकै रूपमा लगाइन्छ।' नेवाः समुदायमा दुर्गा, भगवती, रावणलाई मारेको भन्ने कथाहरू पछि मात्र जोडिएका हुन्। उनका अनुसार नेवाः समुदायमा रातो टीकाको साथै कालो टीका पनि लगाइन्छ। कुनै वेला सुवर्णचुर्ण अर्थात् सुनको पनि टीका लगाउने प्रचलन भए पनि सबैले प्रयोग गर्न नसक्ने भएपछि रातो, सेतोमा रूपान्तरण हुँदै गएको हो।

हिन्दु समुदायमा रातो टीका

अधिकांश हिन्दु समुदायले मनाउने दसैं कहिलेदेखि सुरु भयो भन्ने यकिन तथ्यांक भेटिँदैन। इतिहासकार दिनेशराज पन्तका अनुसार लिच्छविकालदेखि दसैं मनाउन थालियो भन्ने प्रामाणिक इतिहास भेटिन्छ। त्यसपछि शाहकालमा दसैं भव्यताका साथ मनाउने प्रचलन सुरु भयो। लिच्छविकालमा भेटिएको एक अभिलेखमा दशमी गोष्टी भनेर उल्लेख पाइने हुनाले लिच्छविकालमा कुनै न कुनै रूपमा दसैं मनाइन्थ्यो भन्ने मान्न सकिन्छ। 'दसैं कहिलेदेखि मनाउन थालियो यकिन छैन। हामीले भन्न सक्ने प्रामाणिक कुरा भनेको लिच्छविकालदेखिको हो। लिच्छविकालपछि नेपाल टुक्रिँदै पृथ्वीनारायण शाहको पालामा पुग्दा ५२ वटाभन्दा धेरै राज्य भएको थियो। त्यो वेलामा सबै राज्यमा भव्य रूपमा दसैं मनाइन्थ्यो। तोकैरे भन्दा पूर्वमध्यकालदेखि दसैं भव्य रूपमा मनाउन थालियो,' पन्तले भने। विसं १७३५ सालमा गोरखाका राजा पृथ्वीपति शाहले काठमाडौंमै आएर दसैं मनाएको अभिलेख भेटिन्छ। पन्तले दसैंमा प्रयोग गरिने रातो टीकाबारे पनि यकिन तथ्यांक नभएको उल्लेख गरे। पन्तले भने,'रातो टीका कहिलेदेखि प्रयोगको रूपमा आयो भन्ने यकिन छैन। रातो टीका समृद्धि, विजय र आयुवृद्धिको प्रतीक हो। रातो सौभाग्यको प्रतीक पनि हो। त्यसैले पनि रातो टीकालाई प्रयोगमा ल्याइयो होला भन्न सकिन्छ।'

सुदूरपश्चिमको पहाडमा रामलीला

सवा एक करोड जनसंख्या भएको उत्तराखण्डको दसहरा र सुदूरपश्चिमको दसैं एकआपसमा मिल्दोजुल्दो छ

सुदूरपश्चिमको आफ्नै विभिन्न मौलिक पर्व छन्। देशको पश्चिमी किनारामा रहेको यो क्षेत्रका चाडपर्वहरू मौलिक नेपाली संस्कृतिभन्दा भारत उत्तराखण्डसँग बढी मेल खान्छन्। मध्यकालीन डोटी राज्यको दबदबाका कारण सुदूरपश्चिमका पर्वहरू सवा करोड जनसंख्या भएको उत्तराखण्डको कुमाउ, गढवालसँग बढी मेल खान्छ। अझ हिमाञ्चलको कुल्लु, मनाली, सिमलासम्म फैलिएका छन्।

यतिखेर नेपालीहरूको महान् पर्व दसैंको रमझम नेपाली बस्तीहरूसम्म फैलिएको छ। एकआपसमा खुसियाली साटफेर गर्ने, मिठोमसिनो खाने, नयाँ लुगा लगाउने, आफन्तसँग जमघट हुने पर्वको रूपमा दसैंलाई लिने गरिन्छ। टीका, जमरा लगाउने र आशिर्वाद थाप्ने पर्वको रूपमा दसैं मनाइँदै गर्दा सुदूरपश्चिमको दसैंमा भने केही भिन्न दृश्य देख्न पाइन्छ।





सुदूरपश्चिममा दसैं नमनाउने गाउँ पनि थुप्रै छन्। यहाँ गौरा, विशुजस्ता पर्व प्राथमिकतामा पर्छन्। चलनचल्तीको तडक-भडकवाला दसैंभन्दा सुदूरपश्चिममा आफ्नै खालको मौलिक दसैं मनाइन्छ। सुदूरपश्चिमको दसैं वैदिक संस्कृति र संस्कारमा आधारित छ। यहाँको दसैंलाई पूजाप्रधान दसैंको रूपमा लिइन्छ। यसको मुख्य आधार कैलाश मानसरोवर र यहाँबाट बग्ने दुई नदीमा आधारित सभ्यता रहेको जानकारहरू बताउँछन्।



● लोकेश साउद

महाकाली र कर्णालीको मुहान कैलाश मानसरोवर हो। यी दुवै नदी भिन्नाभिन्नै भूगोलबाट बग्दै गएर अन्ततः गंगा नदीमा मिल्छन्। यी दुवै नदीको बिचको क्षेत्र नै सुदूरपश्चिम हो। पूर्व सिँजा सभ्यता बोकेको क्षेत्र कर्णाली प्रदेश र महाकालीको पश्चिममा भारतको कुमाउ उत्तराखण्ड पर्छ। यी दुई नदीको जलाधार क्षेत्रलाई सांस्कृतिक अगुवाहरू मानसखण्ड भन्ने गर्दछन्।

मानसखण्ड क्षेत्रका धार्मिक तथा सांस्कृतिक अभियन्ता आचार्य घनश्याम लेखकका अनुसार काली र कर्णालीबिचको मानसखण्ड क्षेत्रलाई कैलाश मानसरोवरको आँगन मान्ने गरिन्छ। यो क्षेत्र देवी भगवतीको मूल स्थल हो। यहाँको मुख्य पर्व गौरा भए पनि नेपालको महान् पर्व दसैं मनाउने तरिका पनि मौलिक छ। 'मानसरोवर अहिले तिब्बत(चीन)मा भए पनि कुनै समय शक्तिशाली डोटी र सिँजा राज्यको भूभागमा पर्थ्यो। त्यसैले यो भूमि मानसरोवरको आँगन हो।' आचार्य लेखक भन्छन्।

चलनअनुसार बैतडी त्रिपुरासुन्दरी मन्दिरका मुखिया हिम्मत चन्द घटस्थापनाको दिन मन्दिरमा जमरा राख्ने र नवमीसम्म माछामासु नखाई शुद्ध शाकाहारीको रूपमा व्रत बस्ने गरेको बताउँछन्। 'घटस्थापनाका दिन दे-नोला(देवताको कुवा)बाट शुद्ध जल ल्याउने र रातो माटोले मन्दिर पोत्ने काम हुन्छ। मन्दिरमा विधिवत् रूपमा जमरा छर्ने गरिन्छ,' चन्द भन्छन्,'नौ दिनसम्म नवरात्रि बस्ने(नौरतिया)हरूले कपाल मुण्डन गरी धोतीकुर्ता लगाएर दिनमा एक छाक शुद्ध शाकाहारी भोजन गरेर बस्नुपर्छ।' त्यसपछि दसैंसम्म घरबाट पोखल (चामलसहितको पूजा सामग्री) ल्याउने, मन्दिरमा स्थानीय बाजा बजाउने, हुलोचौलौ (बाजा बजाएर हल्ला गर्दै मन्दिर परिक्रमा) गर्ने, जागर (राति गाइने संगीत) गाउने काम हुने उनको भनाइ छ।

चन्दका अनुसार त्रिपुरासुन्दरीमा पञ्चमीको दिन अरू दिनभन्दा छिटो पूजा सुरु हुन्छ। त्यसपछि मूल पुजारीले नजिकैको कैलपाल मन्दिरमा पूजा सम्पन्न गर्छन्। पञ्चमीको दिन स्थानीय रियासी टोलबाट राति मन्दिरमा स्थानीय बाजागाजासहित जात्रा र हुलोचौलो जान्छ। अष्टमीको दिन जमरा काटिन्छ। त्यसै दिन मन्दिरको अटक(मन्दिरको कोष)बाट राँगा र बोका किनेर बली दिइन्छ। चल्तीको रीतअनुसार बोकाको मासु प्रसादको रूपमा गाउँघरमा बाँड्ने गरिन्छ।

आचार्य लेखकका अनुसार अधिकांश ठाउँमा अष्टमीमा दसैं पूर्ण हुन्छ। तर, त्रिपुरासुन्दरीमा दसैंसम्म पूजा लाग्छ। दसैंको दिन जमरा र टीका थापेर सम्पन्न हुन्छ। पछिल्लो समय घरघरमै टीका र जमरा थाप्ने चलन सुरु भए पनि यहाँको मौलिक संस्कृतिअनुसार मन्दिरको पुजारी वा गाउँको मुख्य व्यक्तिबाट टीका र जमरा लगाउने गरिन्छ। 'भगवती मन्दिरमा मात्र होइन, शिव मन्दिरमा पनि जमरा राख्ने गरिन्छ। जहाँ जुन देवी-देवताहरू छन् त्यहीँ जमरा राख्ने र दशमीको दिन गाउँभरि जमरा, टीका लगाउने पुरानो चलन हो,' लेखक भन्छन्।

आमाबुबा वा घरको जेठो सदस्यबाट टीका, जमरा लगाउने चलन सुदूरपश्चिमको रैथाने चलन होइन। 'दसैंमा मन्दिरको पुजारीबाट जमरा र टीका लगाउने चलन सुदूरपश्चिमको मौलिक चलन हो, जमरामा मन्दिरको दैवीय शक्ति प्राप्त हुन्छ भन्ने मान्यता छ,' लेखक भन्छन्। सबैले मन्दिरमा जान सम्भव नभए घरको जुन सदस्यले मन्दिरमा टीका लगाउँछ, उसैले बोकेर ल्याउँछ र परिवारलाई लगाइदिन्छ।

बलिप्रथा सुदूरपश्चिमको दसैंसँगै जोडिएर आउँछ। दसैंको अवसर पारेर भगवती मन्दिरमा हजारौं पशुबली दिइन्छ। घटस्थापनादेखि शुद्ध शाकाहारी बसेका व्रतालु आठ दिनसम्म मन्दिरमा पूजाआजा गर्छन्। अष्टमी, नवमी र दशमीमा भने त्यही मन्दिरमा पशुबली सुरु हुन्छ। भगवती मन्दिरहरूमा प्रायः राँगा र बोकाको बली दिइन्छ। हरेक गाउँ, टोलमा बोकाको बली हुने गर्दछ। पशुवली दिँदा मनोकांक्षा पूरा हुने र देवी, देवता खुसी हुने मान्यता छ।

> सुदूरपश्चिममा जब दसैं आउँछ, सँगै रामलीलाको तयारी पनि सुरु हुन्छ। सुदूरपश्चिमका कैयौं ठाउँमा भगवान् रामको चरित्रमा आधारित रामलीला महायज्ञको आयोजना गरिन्छ। यहाँको रामलीला मञ्चन शास्त्रीय संगीतमा आधारित हुन्छ। जसमा दसौं हजार मानिस सहभागी हुन्छन्।

■ सीमा वारिपारिको एउटै संस्कृति

सुदूरपश्चिममा दसैं मनाउने चलन भारतको उत्तराखण्डसँग मिल्छ। सवा एक करोड जनसंख्या भएको उत्तराखण्डको दसहरा र सुदूरपश्चिमको दसैं एकआपसमा मिल्दोजुल्दो छ। सीमा वारिपारि साझा संस्कृति र साझा परम्परा छ।

सुदूरपश्चिमका विभिन्न शक्तिपीठहरूमा लाग्ने मेला, जात्राका लागि उत्तराखण्डका विभिन्न क्षेत्रबाट भक्तजन आउने गर्दछन्। नेपाल-भारत सीमाभन्दा ४० किलोमिटर पश्चिममा रहेको पिथौरागढका नारायण सोराडी लोक सांस्कृतिक गायक हुन्। दसैंका लागि उनी सधैं त्रिपुरासुन्दरीमा पुजाआजाका लागि आउने गर्छन्।

दसैंलाई सीमापारि भारतमा दसहरा भन्ने गरिन्छ। दसहरामा टीका र जमरा लगाउने चलन भने कम छ। कतिपय दसैंको जमरा लगाउन नेपालतर्फ आउने गर्दछन्। झुलाघाट नाका भएर हजारौं भारतीय नागरिक दसैंलगायतका नेपाली पर्वहरूमा सहभागी हुन त्रिपुरासुन्दरी आउने गरेको स्थानीय बासिन्दा तथा दशरथचन्द नगरपालिकाका पूर्वमेयर नरेन्द्र थापा बताउँछन्।

दशमीको दिन असत्यमाथि सत्यको विजय भन्दै रावणको पुतला दहन गर्ने चलन उत्तराखण्डमा प्रचलित रहेको भारतीय नागरिक सोराडी बताउँछन्। यता सुदूरपश्चिमका प्रायः मानिसहरू धार्मिक कार्यका लागि गंगानदीसम्म पुग्छन्। जुन उत्तराखण्ड भएर बग्दछ। नेपालका प्रसिद्ध धार्मिकस्थलहरूमा तीर्थाटन गर्नैपर्ने अनिवार्य नियम छैन सुदूरपश्चिमेलीहरूलाई। तर, गंगानदीको उद्गम देवप्रयागदेखि बनारससम्मका हरेक तीर्थमा प्रायः हरेकले पुग्नैपर्छ। आचार्य घनश्याम लेखक गंगोत्री, देवप्रयाग, ऋषिकेश, हरिद्वार, काशीबनारस र प्रयागराजसम्म जीवनमा एकपटक जानैपर्ने निमय सुदूरपश्चिममा रहेको बताउँछन्।

■ बुलाकीराम र रामलीला

सुदूरपश्चिममा जब दसैं आउँछ, सँगै रामलीलाको तयारी पनि सुरु हुन्छ। सुदूरपश्चिमका कैयौं ठाउँमा भगवान् रामको चरित्रमा आधारित रामलीला महायज्ञको आयोजना गरिन्छ। यहाँको रामलीला मञ्चन शास्त्रीय संगीतमा आधारित हुन्छ। जसमा दसौं हजार मानिस सहभागी हुन्छन्।

यो क्षेत्रमा रामलीलाको सुरुवात करिब एक शताब्दीअगाडि भारतीय पण्डित बुलाकीरामले गरेका थिए। शास्त्रीय संगीतमा भारतका प्रसिद्ध विद्वान् ओमकारनाथ ठाकुरका शिष्य बुलाकीरामले भारतको कुमाउ, गढवाल, देहरादुन, पिथौरागढ हुँदै बैतडीको पिपलकोट, नकतडी, गोकुलेश्वरलगायतका ठाउँमा रामलीलाको अभ्यास गराएको अगुवाहरू बताउँछन्। विगत साढे तीन दसकदेखि रामलीलाका अगुवाइ गरिरहनुभएका सुदूरपश्चिम विश्वविद्यालयका सहप्राध्यापक डा. भूपेन्द्र विष्टका अनुसार बुलाकीरामबाट अघिल्लो पुस्ताले रामलीला र यसमा गाइने संगीतको ज्ञान हासिल गरेको थियो। वर्षौंसम्म रामलीलाको अभ्यास हुँदै जाँदा सुदूरपश्चिमका विभिन्न ठाउँमा रामलीला फैलियो।

प्रसिद्ध गलज संगीतकार तिलकसिंह पेला आफू रामलीलाको प्रभावले सांगीतिक क्षेत्रमा आइपुगेको बताउँछन्। 'रामलीलामा शास्त्रीय संगीतको माहोल हुन्छ, बैतडी, दार्चुला, महेन्द्रनगरमा रामलीलाको सांगीतिक माहोलले मलाई संगीतमा लाग्न प्रेरित गरेको हो,' उनी भन्छन्। उता उत्तराखण्डका हजारौं गाउँमा अहिले दसहरा (दसैं)को मौका पारेर राललीला मञ्चन हुन्छ। विगत दुई दसकदेखि रामलीलाको अगुवाइ गरिरहनुभएका उत्तराखण्ड पिथौरागढका विप्लव भट्ट 'बुराइ पर अच्छाइ कि जितका प्रतीक' (असत्य माथि सत्यको विजय)का रूपमा हरेक वर्ष रामलीला मञ्चन हुने बताउँछन्। यो वर्ष उत्तराखण्डको राजधानी देहरादुनमा ७० फिटको रावणको पुत्ला दहन हुने बताइएको छ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ११ असोज ०८२

अदालतको आदेशविपरीत बिमा प्राधिकरणमा अध्यक्ष नियुक्ति



नवनियुक्त अध्यक्ष
जनकराज शर्मा

शरद ओझालाई पदमुक्त गर्ने निर्णयमा सर्वोच्चको अल्पकालिन अन्तरिम आदेश छ-

निवेदकलाई पदमुक्त गर्ने गरी नेपाल सरकारबाट मिति ०८२/०५/०२ मा भएको निर्णय, सो निर्णयको जानकारी दिइएको ०८२/०५/०४ को पत्र मिति ०८२/०५/०९ को बिमा प्राधिकरणको अध्यक्ष पदको पदपूर्तिक लागि दरखास्त माग गर्ने निर्णय र सो निर्णयबमोजिम मिति ०८२/०५/१४ मा प्रकाशित सूचना तत्काल कार्यान्वयन नगरी तत्कालका लागि यथास्थितिमा राख्ने र अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि मिति ०८२/०६/२६ सम्मका लागि अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ।'



अर्थमन्त्री रामेश्वर खनाल भन्छन्-
अदालतको आदेशाबारे थाहा छैन

आदेश अर्थ मन्त्रालयमा प्राप्त भएको छैन। फेरि बर्खास्त अर्थले होइन, क्याबिनेटले गरेको हो। क्याबिनेटमा पनि आदेश प्राप्त नभएकाले नयाँ नियुक्ति गरेको होला। समाचारमा आएको आधार लिएर बहाली गराउन मिल्ने हो भने मन्त्रिपरिषद्मै कुरा गर्नू।

पवन तिमिल्सिना/नयाँ पत्रिका

बिमा प्राधिकरणको अध्यक्ष बर्खास्ती र नयाँ नियुक्तिसम्बन्धी कुनै निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले जारी गरेको अल्पकालीन अन्तरिम आदेशलाई बेवास्ता गर्दै बिहीबारको मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयका सहसचिव जनकराज शर्मालाई अध्यक्ष नियुक्ति गरेको छ। यसअघिका अध्यक्ष शरद ओझालाई प्राधिकरणमा हाजिर हुन रोकेका अर्थमन्त्री रामेश्वर खनालको प्रस्तावमा शर्मालाई नयाँ अध्यक्षको जिम्मेवारी दिइएको हो।

मन्त्रिपरिषद्बाट नियुक्ति भएको भोलिपल्टै शुक्रबार शर्मालाई अर्थमन्त्री खनालले शपथसमेत दिलाएर प्राधिकरण पठाइसकेका छन्। जबकि, सर्वोच्च अदालतका न्यायाधीश शारंगा सुवेदीको एकल इजलासले अध्यक्षबाट शरद ओझालाई पदमुक्त गर्ने निर्णय र प्राधिकरणको अध्यक्ष पदपूर्तिका लागि दरखास्त माग गर्ने निर्णय कार्यान्वयन नगर्न २३ भदौमा अल्पकालीन आदेश जारी गरेको थियो। तर, उक्त आदेश अहिलेसम्म मन्त्रिपरिषद् नपुगेको अर्थमन्त्री खनालको तर्क छ। १८ दिनअघि अदालतले जारी गरेको आदेशको अनदेखा गर्दै खनालले भने, 'आदेश अर्थ मन्त्रालयमा प्राप्त भएको छैन। फेरि बर्खास्त अर्थले होइन, क्याबिनेटले गरेको हो। क्याबिनेटमा पनि आदेश प्राप्त नभएकाले नयाँ नियुक्ति गरेको होला। समाचारमा आएको आधार लिएर बहाली गराउन मिल्ने हो भने मन्त्रिपरिषद्मै कुरा गर्नू।'

> ओझालाई बर्खास्ती गर्दा सोधिएको स्पष्टीकरण सन्तोषजनक नभएको, सम्बन्धित क्षेत्रको पाँच वर्षको उच्च व्यवस्थापकीय अनुभवसमेतको अभाव भएका कारण कार्यसम्पादन सन्तोषजनक नरहेको, पदीय जिम्मेवारी बहन गर्ने कार्यक्षमताको अभाव रहेकोलगायतको आरोप लगाएको थियो।

खनालले अनभिज्ञता प्रकट गरे पनि सर्वोच्च अदालतले जारी गरेको अल्पकालीन आदेशको लिखित जानकारी गत ५ असोजमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा गराइसकेको छ। 'निवेदक शरद ओझा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत भएको उत्प्रेषण (०८२-डब्लुओ-०२५७) समेतको रिट निवेदनमा यस अदालतबाट मिति ०८२/०५/२३ गते सुनुवाइ हुँदा अन्तरिम आदेश माग भएतर्फ मिति ०८२/०६/२६ सम्मका लागि विपक्षीका नाममा अल्पकालीन अन्तरिम आदेश जारी भएको जानकारीका लागि यो पत्राचार गरिएको छ। साथै, मिति ०८२/०५/२३ गतेको आदेशको प्रतिलिपिसमेत यसै पत्रसाथ संलग्न राखिएको छ,' सर्वोच्चले प्रधानमन्त्री कार्यालयलाई पठाएको पत्रमा भनिएको छ। सो पत्रमा छाप र हस्ताक्षर गरेर प्रधानमन्त्री कार्यालयले ५ असोजमै बुझेको प्रमाणितसमेत गरेको छ।

अदालतले यसअघिका निर्णय लागू नगरी २६ असोजमा दुवै पक्षलाई छलफलका लागि बोलाएकामा मन्त्रिपरिषद्ले हतारमा त्यसअघि नै सहसचिव शर्मालाई नियुक्ति दिएको हो।

आफूलाई नियुक्ति दिलाएकै मन्त्रिपरिषद्ले अचानक बर्खास्ती गर्ने निर्णय गरेपछि ओझा सर्वोच्च पुगेका थिए। त्यसपछि सर्वोच्चले अल्पकालिन आदेश जारी गर्दै भनेको छ, 'निवेदकले अन्तरिम आदेश जारी हुन माग गरेतर्फ हेर्दा निवेदकको सुविधा सन्तुलन तथा प्रस्तुत रिट निवेदनको औचित्यसमेत दृष्टिगत गर्दा दुवै पक्षको सुनुवाइ गरी अन्तरिम आदेश जारी हुने-नहुनेतर्फ आदेश हुनु उपयुक्त हुने देखिँदा निवेदकलाई पदमुक्त गर्ने गरी नेपाल सरकारबाट मिति ०८२/०५/०२ मा भएको निर्णय, सो निर्णयको जानकारी दिइएको ०८२/०५/०४ को पत्र मिति ०८२/०५/०९ को बिमा प्राधिकरणको अध्यक्ष पदको पदपूर्तिक लागि दरखास्त माग गर्ने निर्णय र सो निर्णयबमोजिम मिति ०८२/०५/१४ मा प्रकाशित सूचना तत्काल कार्यान्वयन नगरी तत्कालका लागि यथास्थितिमा राख्ने र अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि मिति ०८२/०६/२६ सम्मका लागि अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ।'

सर्वोच्चबाट बर्खास्तीको निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्न स्पष्ट आदेश भएको सन्दर्भमा रिट निवेदकलाई हाजिर गर्न नदिई अर्को व्यक्ति नियुक्त गर्नु अदालतमाथिको अवहेलना हुने अधिवक्ता दीपकराज जोशीको टिप्पणी छ। अदालतभन्दा माथि अर्थ मन्त्रालय वा मन्त्रिपरिषद् नहुने भएकाले सरकारको यो निर्णय उचित नभएको उनको भनाइ छ। 'अदालतले ओझालाई बरखास्त गर्ने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिइसकेको छ। यति हुँदा-हुँदै पनि उनलाई हाजिर गर्न नदिई अर्को अध्यक्ष नियुक्त गर्नु अदालतको आदेशको अवहेलना हो,' उनले भने, 'पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा पूर्वन्यायाधीश अनीलकुमार सिन्हा मन्त्री भएको मन्त्रिपरिषद्बाट सर्वोच्चको आदेशको अवहेलना हुने निर्णय आउनु न्याय क्षेत्रमै दुर्भाग्यपूर्ण देखिएको छ। सरकारले अदालतले छलफलका लागि बोलाएको अवधिसम्म पर्खिनुपर्थ्यो।'

मुख्य सिजनमै घट्यो पर्यटक आगमन

असोजमा सुरु भएर चार महिनासम्म आन्तरिक तथा बाह्य पर्यटकले भरिभराउ हुने गन्तव्यमा छैन चहलपहल, जेन-जी आन्दोलनले परिस्थिति असामान्य भएको सन्देश फैलिएकाले नेपाल घुम्न आउने पर्यटकको संख्यामा पनि कमी



पर्यटकीय सहर पोखरा। जेन-जी आन्दोजनपश्चात् पोखराको पर्यटकीय क्षेत्र सुस्ताएको छ। होटेलको अकुपेन्सी करिब २५% मात्रै रहेको व्यवसायीले बताएका छन्।

कास्कीमा **रोहितराज पराजुली**

सेप्टेम्बर महिनालाई पर्यटकीय सिजन सुरुवातको ढोका मानिन्छ। तर, यही समयमा पर्यटकीय मुलुकको पहिचान बनाएको नेपाल घुम्न आउने विदेशीको संख्या भने घटेको छ। अध्यागमन विभागले अद्यावधिक गरेको सेप्टेम्बर १-१८ सम्मको तथ्यांकअनुसार गत वर्षको तुलनामा नेपाल घुम्न आउने विदेशीको संख्या करिब आठ हजारले घटेको छ। अघिल्लो वर्ष उक्त अवधिमा ३५ हजार एक सय ९६ पर्यटक आएकोमा यो वर्ष २७ हजार दुई सय ८७ आएको अध्यागमन विभागको तथ्यांक छ।

पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले पनि सेप्टेम्बर महिनादेखि पर्यटक आगमन बढ्ने ट्रेन्ड रहे पनि यसपालि खस्किएको बताए। 'विगतमा सेप्टेम्बरदेखि विदेशी पर्यटक आगमन बढ्ने गरेको थियो, यसटक घट्यो,' उनले भने। २३ र २४ भदौको जेन-जी आन्दोलनलगत्तै रोकिएको आगमनमा केही सुधार भए पनि सन्तोषजनक नभएको उनले बताए। 'अहिले पनि विदेशी पर्यटक आउने क्रम ४० प्रतिशतले घटेको छ,' उनले भने। जेन-जी आन्दोलनका क्रममा २४ होटेल, दुई केबलकार र केही रेस्टुराँमा आक्रमण भएको प्रारम्भिक तथ्यांक छ।

नेपाल घुम्न आउने विदेशीको संख्या घट्दा सबैभन्दा बढी असर पर्यटकीय राजधानी पोखरालाई परेको छ। विगतका वर्षमा असोज महिनामा पोखरा र आसपासका क्षेत्रमा सञ्चालनमा रहेका होटेलहरूको अकुपेन्सी ८० प्रतिशत हुन्थ्यो। तर, यसपालि जेन-जी प्रदर्शनपछि सिर्जना भएको विषम परिस्थितिका कारण २५ देखि ३० प्रतिशतको हाराहारीमा होटेल अकुपेन्सी सीमित भएको छ।

पोखरा घुम्न आउने मुख्य सिजनमै आन्तरिक तथा बाह्य पर्यटकले यसअघि गरेको बुकिङ रद्द गरेको छन्। पर्यटकले बुकिङ रद्द गरेपछि होटेलसँगै पदयात्रा, प्याराग्लाइडिङ, रेस्टुरेन्टलगायतका पर्यटकलक्षित सेवा क्षेत्र प्रभावित बनेका छन्। होटेल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले दसैंको मुखमा होटेलको अकुपेन्सी ९५ प्रतिशतसम्म पुग्ने विगतको इतिहासमा यसपटक ब्रेक लागेको बताए। 'हालको समय पर्यटन क्षेत्रका लागि सबैभन्दा राम्रो सिजनको समय हो। विशेष गरी अंग्रेजी महिना अक्टोबर, नोभेम्बर र डिसेम्भर तीन महिना पर्यटन क्षेत्रका लागि उपयुक्त समय मानिन्छ,' उनले भने, 'तर, यसपालि मुस्किलले २५ प्रतिशत मात्र होटेल अकुपेन्सी छ।'

निर्माणाधीन पोखरा-मुग्लिन सडकखण्डको बाटो राम्रो भएकाले काठमाडौंबाट धेरै आन्तरिक पर्यटक यस वर्ष पोखरा आउने अपेक्षा व्यवसायीको थियो। तर, आन्तरिक पर्यटकसमेत नआएको सुवेदीले बताए। 'अघिल्ला वर्ष हिलाम्य सडक हुँदासमेत काठमाडौंबाट आउने पर्यटकको संख्या धेरै थियो, अहिले बाटो राम्रो हुँदा पनि पर्यटक आएका छैनन्,' उनले भने।

वार्षिक २० लाख आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने लक्ष्यसहित पोखरा भ्रमण वर्ष २०२५ जारी छ। पर्यटक आगमनमा आएको कमीका कारण त्यसको प्रभाव भ्रमण वर्षलाई समेत परेको भ्रमण वर्ष सफल पार्न गठित कार्यसम्पादन समितिका संयोजक गोपीबहादुर भट्टराईले बताए।

पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले 'पिक सिजन'मा पर्यटन क्षेत्रमा हुनुपर्ने उत्साह घटेको बताए।

पोखरा घुम्न इच्छुक ४० प्रतिशत विदेशी पर्यटकले गरे बुकिङ रद्द



जेन-जी प्रदर्शनपछि अन्तर्राष्ट्रिय जगत्मा नकारात्मक सन्देश प्रवाह भएकाले अक्टोबर महिनाका लागि बुकिङ गरेका ४० प्रतिशतभन्दा बढी विदेशी पर्यटकले बुकिङ रद्द गरिसकेको होटेल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। 'अहिले नयाँ बुकिङ गर्ने होइन, पहिलेको बुकिङ रद्द गर्नेको संख्या बढिरहेको छ,' उनले भने। पोखरा र आसपासका क्षेत्रमा पर्यटकीय पूर्वाधारका लागि आठ अर्ब रुपैयाँभन्दा बढी लगानी भएको उनले बताए। सबैभन्दा धेरै होटेलमा ६ अर्ब र त्यसपछि टुर एन्ड ट्राभल्समा लगानी रहेको छ। पर्यटकलक्षित कम्तीमा एक हजार दुई सय होटेल पोखरा र आसपासमा खुलेका छन्। एउटा पाँचतारे र ६ वटा चारतारेसहित २५ वटा ठुला होटेल छन्। ती सबै होटेलमा एक रातमा ४० हजार पर्यटक राख्न सक्ने क्षमता छ।

● **दीपकराज जोशी**,
सिइओ, पर्यटन बोर्ड



कोभिडयताको तथ्यांक हेर्ने हो भने बास्तवमा सेप्टेम्बर महिनादेखी पर्यटक बढ्न शुरु भएको अवस्था थियो। तर, यसपाली भने घटेको छ। जेनजी आन्दोलन पश्चात् उत्पन्न परिस्थितिका कारण बिदेशी पर्यटक आगमन शुरुवातमा ४० प्रतिशतसम्म घटेको थियो। अहिले बिस्तारै रिकभरी भई २०-२५ प्रतिशतमा आइपुगेको छ। हामीले नेपाल सुरक्षित छ भन्ने सन्देश फैलाउने प्रयत्न गरिरहेका छौं।

● **लक्ष्मण सुवेदी**
अध्यक्ष होटेल संघ पोखरा



हालको समय पर्यटन क्षेत्रका लागि सबैभन्दा राम्रो सिजनको सुरुवाती समय हो। विशेष गरी अंग्रेजी महिना अक्टोबर, नोभेम्बर र डिसेम्बर तीन महिना पर्यटन क्षेत्रका लागि उपयुक्त समय मानिन्छ। अघिल्ला वर्षमा यसै समयमा आएको पर्यटकको संख्या हेर्ने हो भने ७० देखि ८० प्रतिशत होटेल अकुपेन्सी हुन्थ्यो। यसपालि मुस्किलले २५ प्रतिशत मात्र रहेको छ। निर्माणाधीन पोखरा-मुग्लिन सडकखण्डको बाटो राम्रो भएकाले काठमाडौंबाट धेरै आन्तरिक पर्यटक यस वर्ष पोखरा आउने अपेक्षा थियो।

निजी क्षेत्रलाई फेरि अर्को राहत प्याकेज

नयाँ पत्रिका

अर्थ मन्त्रालयले विभिन्न सहुलियत कार्यक्रम जारी राखेका बेला राष्ट्र बैंकले जेन-जी आन्दोलनबाट प्रभावित उद्योग-व्यवसाय तथा प्रतिष्ठानलाई अर्को राहत कार्यक्रम ल्याएको छ। आन्दोलनका कारण ऋण तिर्न नसक्ने र क्षति व्यहोरेका निजी क्षेत्रका कम्पनी एवं संस्थाहरूलाई केन्द्रीय बैंकले साँवा-ब्याज तिर्ने भाका अवधि र ब्याजदरमा सहुलियत दिएको हो।

ऋणीको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले कर्जाको पुनर्तालिकीकरण तथा पुनर्संरचना पुस मसान्तभित्र गर्न सक्ने केन्द्रीय बैंकको परिपत्रमा उल्लेख छ।

बैंक तथा वित्तीय संस्थाले प्रभावको यकिन गरी पुनर्तालिकीकरण तथा पुनर्संरचना गर्दा गत असार मसान्तमा कर्जा जुन वर्गमा छ, त्यसमै वर्गीकरण र कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने सर्त छ।

जेन-जी आन्दोलनका क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट प्रत्यक्ष प्रभावित ऋणी संस्थासँग फर्वाड तथा ब्याकवार्ड लिंकेज भएका ऋणीलाई प्रवाहित कर्जा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले प्रभावको यकिन गरी पुनर्तालिकीकरण तथा पुनर्संरचना गर्न सकिने भएको छ। यसका लागि ऋणीले बुझाउनुपर्ने ब्याजको न्यूनतम ५ प्रतिशत रकम असुलउपर भने गर्नुपर्ने सर्त केन्द्रीय बैंकको छ।

रसुवा र तातोपानी भन्सार नाकामा प्राकृतिक प्रकोपबाट प्रभावित व्यवसायीलाई पनि सोही अनुपातमा कर्जाको पुनर्तालिकीकरण तथा पुनर्संरचना गर्न पाइने केन्द्रीय बैंकले जनाएको छ। जेन-जी आन्दोलनबाट प्रभावित उद्योग-व्यवसायलाई पुनर्स्थापना गर्न कर्जा प्रवाह गर्दा व्यवसाय सञ्चालन आउने अवधिसम्मका लागि ब्याजदरमा सहुलियत दिने भएको छ। अर्थात्, यस्ता व्यवसायीलाई आधार दरमा बढीमा ०.५ प्रतिशत विन्दु मात्रै प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्नुपर्ने उल्लेख छ।

राष्ट्र बैंकले जारी गरेका सहुलियत

- आन्दोलन प्रभावित उद्योग-व्यवसायले कर्जाको पुनर्तालिकीकरण तथा पुनर्संरचना गर्न पाउने अवधि पुस मसान्तसम्मलाई थपियो, रसुवा र तातोपानी भन्सार नाकामा प्राकृतिक प्रकोपबाट प्रभावित व्यवसायीले पनि यस्तो सुविधा पाउने
- क्षति व्यहोरेका उद्योग-प्रतिष्ठानले कर्मचारीलाई तलब-भत्ता खुवाउन ऋण लिएमा सरकारले २ प्रतिशत ब्याज अनुदान दिने
- व्यवसाय पुनर्स्थापना गर्न प्रवाह भएको कर्जामा उद्योग सञ्चालनमा नआउन्जेलसम्म ब्याजदरमा सहुलियत
- नयाँ सवारीसाधन खरिद गर्न २०% डाउनपेमेन्टको सुविधा



एमसिसी प्रसारणलाइनको अर्को ठेक्का पनि नेपाली कम्पनीलाई

प्रसारणलाइनअन्तर्गतको अन्तिम ठेक्का आशिष-बोज्लर जेभीलाई



नयाँ पत्रिका

मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अनुदान र नेपालको लगानीअन्तर्गत बन्ने एक सय १७ किमि लामो चार सय केभी क्षमताको लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा प्रसारणलाइन निर्माणका लागि पनि ठेक्का सम्झौता भएको छ। मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए नेपाल)ले शुक्रबार आशिष-बोज्लर संयुक्त उपक्रमसँग ठेक्का सम्झौता गरेको हो।

आशिष नेपाली र बोज्लर भारतीय कम्पनी हो। नेपाली कम्पनी संलग्न भएको कम्पनीले एमसिसी परियोजनामा हात पारेको यो दोस्रो ठेक्का हो। यसअघि ९० किमि लामो चार सय केभीको नयाँ दमौली-नयाँ बुटवल प्रसारणलाइन निर्माणमा पनि नेपाली संलग्न कम्पनीले ठेक्का पाएको छ। उक्त परियोजनामा वाइवा-सलार जेभीले ठेक्का पाएको थियो। त्यसमा वाइवा नेपाली र सलार भारतीय कम्पनी थियो।

शुक्रबार ठेक्का सम्झौता भएको परियोजनाअन्तर्गत चार सय केभीका ठुला प्रसारणलाइन छन्। सात करोड ६६ लाख ५० हजार अमेरिकी डलरमा ठेक्का सम्झौता गरिएको हो। कम्पनीले ४२ महिनाभित्र प्रसारणलाइनको डिजाइन, स्थापना, परीक्षण तथा सञ्चालन गर्नुपर्छ।

एमसिए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले एमसिसी परियोजनामा सहभागी हुँदा नेपाली कम्पनीको क्षमता विस्तारमा सहयोग पुग्ने बताए। 'चार सय केभीका प्रसारणलाइन परियोजना विदेशी कम्पनीको जेभीमा नेपाली कम्पनीले नै बनाउँदै छन्। यसले नेपाली कम्पनीलाई चार सय केभीका अन्य ठुला प्रसारणलाइन बनाउन सक्ने गरी क्षमता अभिवृद्धि गर्न सहयोग पुग्नेछ,' उनले बताए।

यससँगै एमसिसी अनुदानमा बन्ने सबै प्रसारणलाइनको ठेक्का सम्झौता सम्पन्न भएको छ।

दसैंलाई ५० हजार खसी-बोका र १२ हजार च्यांग्राको धमाधम बिक्री

च्यांग्रा आइसके भने दैनिक १०-१० वटा गाडीमा खसी-बोका भित्र्याइँदै, उपत्यकामा ल्याएको खसी-बोका बिक्री गर्न समस्या नभएको व्यवसायीको भनाइ

अजित अधिकारी/नयाँ पत्रिका

व्यवसायीले दसैंका लागि काठमाडौं उपत्यकामा ५० हजार खसी-बोका र च्यांग्रा आपूर्तिको व्यवस्था मिलाएका छन्। त्यस्तै, १२ हजार च्यांग्रा उपत्यका भित्रिसकेका छन् भने खसी-बोका दैनिक रूपमा आपूर्ति भइरहेको व्यावसायिक बाख्रापालक महासंघका अध्यक्ष गोविन्द सुवेदीले जानकारी दिए।

उनका अनुसार प्युठान, सल्यान, जाजरकोट, रुकुम, रोल्पा, दाङ, बर्दिया, मधेशका आठै जिल्ला हुँदै पूर्वी पहाडी क्षेत्रबाट खसी-बोका काठमाडौं आपूर्ति भइरहेको छ। दैनिक १०-१२ गाडी खसी-बोका आयातको प्रबन्ध मिलाइएको उनले जानकारी दिए। 'यहाँको मागअनुसार करिब ५० हजारको संख्यामा खसी-बोका आपूर्ति हुने गरी व्यवस्थापन मिलाइएको छ,' उनले भने। काठमाडौंमा तराई र पहाडी क्षेत्रका खसी-बोकाको उच्च माग भएकाले किसानको खोरबाटै खरिद गरेर ल्याइरहेको उनले बताए।

'गाउँमा किसानले घर-घरमा खसी-बोका पालेका छन्, किसानबाटै संकलन गरेर काठमाडौंसम्म ल्याउने व्यवस्था मिलाइएको छ,' उनले भने। त्यस्तै, किसानले सदरमुकामसम्म ल्याएर बिक्री नभएका खसी-बोका पनि काठमाडौंका लागि ल्याउने गरेको उनले बताए। कलंकी खसी बजारमा अहिले जिउँदो खसी-बोकाको मूल्य प्रतिकिलो सात सय रुपैयाँ छ।



उपत्यकामा खसी-बोका र च्यांग्राको मूल्य

जिउँदो खसी : प्रतिकिलो ६७०-७३०
जिउँदो बोका : प्रतिकिलो ६५०-७२०
मुस्ताङको च्यांग्रा : प्रतिकिलो १२५०-१३००
दार्चुलाको च्यांग्रा : प्रतिकिलो ९६०
दार्चुलाको भेडा : प्रतिकिलो ७४०

दसैंका लागि च्यांग्रा भने आइसकेका छन्। कलंकी खसी बजारसँगै केही च्यांग्रा भक्तपुरको सल्लाघारीस्थित खुला चौरमा बिक्रीका लागि राखिएको छ। व्यवसायीले मनाङ, मुस्ताङ, दार्चुलालगायतका जिल्लाबाट काठमाडौंका उपभोक्तालाई च्यांग्रा बिक्री गर्न ल्याएका हुन्। मुस्ताङबाट ल्याइएको जिउँदो च्यांग्रा प्रतिकिलो १२ सयदेखि १२ सय ५० रुपैयाँसम्मका दरले बिक्री भइरहेका छन्। दार्चुलाबाट ल्याइएको जिउँदो भेडा प्रतिकिलो सात सय ४० र जिउँदो च्यांग्रा नौ सय ६० रुपैयाँ प्रतिकिलो निर्धारण गरिएको छ।

यो वर्ष १२ हजारको संख्यामा च्यांग्रा बिक्री हुने अनुमानअनुसार अधिकांश च्यांग्रा भित्रिसकेको व्यवसायीले जनाएका छन्। सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले पाँच सय च्यांग्रा ल्याएर बिक्री गर्ने योजना बनाए पनि यसपालि नल्याउने निर्णय गरेको छ।

सडक अवरुद्ध हुँदा काठमाडौंसम्म ल्याउन कठिन

महासंघ अध्यक्ष गोविन्द सुवेदीले काठमाडौं प्रवेश गर्ने सडक अवरुद्ध हुँदा समयमै खसी-बोका ल्याउन कठिन भइरहेको जानकारी दिए। पूर्वी पहाडी जिल्ला तेह्रथुम, धनकुटा, पाँचथर, संखुवासभालगायत जिल्लाका किसानको बारीमा चरन गरेका खसी-बोकाको उपत्यकामा उच्च माग छ।

व्यवसायीले पनि पूर्वी पहाडी जिल्लाबाटै खसी-बोका ल्याउन थाले पनि मुग्लिन-नारायणगढ र धादिङमा पहिरो जाँदा बाटो अवरुद्ध भइरहेको छ। जसकारण खसी-बोका ढुवानीमा पनि समस्या भइरहेको उनले बताए।

'दसैंमा धेरै खसी-बोका ल्याउने भएकाले सरकारले ढुवानीमा केही सहजीकरण गरे हुन्थ्यो भन्ने लाग्छ,' उनले भने, 'तर, सरकारी निकायले कुनै समन्वय गरेका छैनन्। बाटो अवरुद्ध हुँदा समयमै खसी-बोका ल्याउन गाह्रो भइरहेको छ।' काठमाडौंको बजारमा ल्याएको खसी-बोका बिक्री गर्न भने समस्या नरहेको उनले बताए। 'काठमाडौंको बजारमा ल्याइसकेपछि बिक्री गर्न चिन्ता छैन, सबै बिक्री भइरहेको छ,' उनले भने।

स्वदेशी खसी-बोका नै माग धान्न सक्षम

महासंघले खसी-बोकाको मासुको माग धान्न स्वदेशी उत्पादन नै सक्षम भइसकेको बताए। तर, भारतबाट लुकिछिपी आयात भइरहेकाले सरकारले नियन्त्रण गर्नुपर्ने महासंघ अध्यक्ष गोविन्द सुवेदीको भनाइ छ। 'सरकारले भारतीय खसी-बोका आयातमा कडाइ गरेन, हामी आफैंले नियन्त्रणमा लिन्छौं', उनले भने। भारतको उत्तर प्रदेश, राजस्थान र बिहारलगायतबाट अस्वस्थकर खसी-बोका आयात हुने उच्च जोखिमसमेत रहेको उनले जानकारी दिए।

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार ११ असोज ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

नेपाल र वेस्ट इन्डिजबिचको सिरिज आजदेखि

यस्ता छन् नेपाली टोलीका क्रिकेटर

नेपालले विश्वचर्चित रंगशाला सारजहाँमा २७ देखि ३० सेप्टेम्बरसम्म टेस्ट राष्ट्र वेस्ट इन्डिजसँग तीनवटा टी-२० आई सिरिज खेल्दै छ। जसअन्तर्गत शनिबार पहिलो खेल राति आठ बजे हुनेछ। यसअघि टेस्ट राष्ट्रविरुद्ध प्रतिस्पर्धा गरे पनि नेपालले पूरै सिरिज खेलेको थिएन। नेपालले अहिलेसम्म १०३ टी-२० आई खेलमा ५७ जित र ४० हार सामना गरेको छ। वेस्ट इन्डिजले २२८ टी-२० आईमा भने ९५ जित र ११९ खेलमा हारको नतिजा निकालेको छ। सन् २०१२ र ०१६ को टी-२० आई विश्वकप विजेता वेस्ट इन्डिजको कप्तानी होसेन र नेपालको नेतृत्व रोहितकुमार पौडेलले गरिरहेका छन्। वेस्ट इन्डिज टोलीमा सबैभन्दा सिनियर खेलाडी नै ज्यासन होल्डर हुन्। खराब फर्ममा रहेका वेस्ट इन्डिजविरुद्ध नेपालले ऐतिहासिक प्रदर्शन गर्ने कप्तान पौडेलको भनाइ छ। ऐतिहासिक सिरिजमा भिड्ने नेपाली खेलाडी यस्ता छन्। **श्रीलोचन राजोपाध्याय**को रिपोर्ट :

रोहितकुमार पौडेल (कप्तान) : कोडिभको महामारी चलिरहेका वेलामा रोहितले राष्ट्रिय टोलीबाट डेब्यु अवसर पाए। त्यसवेला उनी १६ वर्षका मात्र थिए।



एकदिवसीय फर्म्याटमा कम उमेरमा अर्धशतकीय इनिङ्स खेल्ने उनी कान्छा खेलाडी पनि हुन्। यो केवल तेस्रो खेलमै उनले प्राप्त गरेका थिए। एकदिवसीय इतिहासमा उनको नाममा एक रेकर्ड छ। विश्व क्रिकेटमा कम उमेरमा कप्तानी गर्ने उनी दोस्रो युवा खेलाडी हुन्। नेपाली टोलीको कप्तानी जिम्मेवारी सम्हाल्दा उनी २० वर्ष ७३ दिनका थिए। सन् २०२३ मा उनले कप्तानी गर्दै नेपाललाई एकदिवसीय विश्वकप ग्लोबल छनोटमा मात्र पुऱ्याए। यसका साथै नेपाले पहिलोपटक एसिया कपसँगै दोस्रोपटक आइसिसी टी-२० विश्वकपमा स्थान सुरक्षित गऱ्यो। टी-२० आईमा भन्दा उनी एकदिवसीय खेलमा बढी केन्द्रित छन्। नेपालका लागि ५० ओभरको खेलमा एक हजार रन पूरा गर्ने उनी पहिलो ब्याट्सम्यान हुन्। ब्याटिङको अलराउन्डर भूमिका निर्वाह गर्न सक्ने रोहितले ६७ टी-२० आईमा सात अर्धशतकीय इनिङ्सको सहयोगमा एक हजार चार सय ४५ रन जोडेका छन्। सन् २०१९ मा युएईविरुद्ध टी-२० मा डेब्यु गरेका उनले यस फर्म्याटमा नौ विकेट हात पारेका छन्।

सन्दीप लामिछाने : अन्तर्राष्ट्रिय क्रिकेटमा नेपाली खेलाडीमध्ये ब्रान्ड बनाएका सन्दीप मात्र एक्लो क्रिकेटर हुन्। सन्दीप विश्वका सबैजसो चर्चित टी-२० फ्रेन्चाइज लिगमा आबद्ध भइसकेका छन्। इन्डियन प्रिमियर लिग खेल्ने उनी एक मात्र नेपाली क्रिकेटर हुन्। दिल्ली क्यापिटल्सले उनलाई औसत २० लाख भारुमा अनुबन्ध गरेको थियो। तीन सिजन उनले आइपिएल खेले।



यसका साथै उनीसँग बिगवास, सिपिएल र बिपिएलजस्ता फ्रेन्चाइज लिगको अनुबन्ध छ। विवादमा मुछिँदा सन्दीप नेपाली राष्ट्रिय टोलीमा एक वर्षजति बाहिर रहे। उत्कृष्ट पुनरागमन गरेका उनले नेपाललाई एसिया कप तथा टी-२० विश्वकपमा स्थान बनाउन महत्त्वपूर्ण योगदान दिए। लेग ब्रेक स्पिनर सन्दीपले ६२ टी-२० आईमा एक सय १७ विकेट लिएका छन्। उनले तीनपटक चारभन्दा बढी विकेट हात पारेका छन्। उनले एकपटक पाँच विकेट लिए। सन् २०१८ मा सन्दीपले आइसिसी विश्व ११ बाट प्रतिनिधित्व गर्दै वेस्ट इन्डिजविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए। सन्दीपले आइपिएलमा १३, बिगवासमा ४८, सिपिएलमा २७ तथा पिएसएलमा १३ विकेट लिएका छन्।

दीपेन्द्रसिंह ऐरी : आइसिसी टी-२० अलराउन्डर वरीयतामा दीपेन्द्रसिंह अहिले चौथो स्थानमा छन्। लामो समय उनी दोस्रो स्थानमा रहेका थिए। वेस्ट इन्डिजसँगको सिरिजपछि उनको वरीयतामा सुधार हुने अपेक्षा गरिएको छ। टी-२० फर्म्याटमा दीपेन्द्रसिंह असाध्यै राम्रा खेलाडीमा पर्छन्। १९औँ एसियाडमा मंगोलियाविरुद्ध नौ बलमै अर्धशतकीय इनिङ्स खेलेको विश्वकीर्तिमान उनको नाममा छ। यो रेकर्ड तोड्न असम्भवभर्नै छ। उनले कतारविरुद्ध ६ बलमै ६ प्रहार गरी अर्को रकेर्ड राखेका छन्।



नेपाली खेलाडीमध्ये टी-२० आईमा ६ बलमै ६ प्रहार गर्ने उनी मात्र एक्लो ब्याट्सम्यान हुन्। बलिङ, ब्याटिङ र फिल्डिङमा एकनासको प्रदर्शन गर्न सक्ने दीपेन्द्रसिंह नेपाली टोलीकै भरपर्दा खेलाडी हुन्। मध्यक्रममा पावर हिटिङ ब्याट्सम्यान दीपेन्द्रसिंह टी-२० आईमा एक हजार रन पूरा गर्ने पहिलो नेपाली खेलाडीसमेत हुन्। ८२ टी-२० आईमा उनले एकशतक तथा नौ अर्धशतकको सहयोगमा एक हजार आठ सय २३ रन जोडेका छन्। उनले यसै विधामा ५२ विकेट लिएका छन्। सन् २०१८ मा उनले नेदरल्यान्ड्सविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए।

कुशल भुर्तेल : एकदिवसीय र टी-२० फर्म्याटमा कुशल नेपालका लागि ओपनिङ गर्छन्। पहिलो बलदेखि नै बाउन्ड्री लगाउने प्रयास गर्ने कुशल आक्रामक रूपमा खेल्न रुचाउँछन्। उत्कृष्ट फर्ममा रहँदा उनले नेपाललाई यी दुवै फर्म्याटमा उत्कृष्ट सुरुवात दिलाउने गर्छन् पनि। पछिल्लो ६-७ वर्षयता उनी नेपालकै प्रमुख ओपनिङ ब्याट्सम्यानका रूपमा रहेका छन्। आवश्यक परेका वेलमा स्पिन बलिङ गर्ने कुशलले टी-२० आईमा ६१ खेलबाट २४ विकेट लिएका छन्। यसैगरी, ब्याटिङमा उनले ६१ खेलमा एकशतक तथा ११ अर्धशतकको सहयोगमा एक हजार पाँच सय ५३ रन जोडेका छन्। नेपालको सबै फर्म्याटमा उनले शतक तथा अर्धशतकीय इनिङ्स खेलेका छन्। सन् २०२३ मा जिम्बाबेविरुद्धको एकदिवसीय विश्वकप ग्लोबल छनोटमा उनी ९९ रनमा आउट भएका थिए। उनले फिलिपिन्सविरुद्ध ६१ बलमा एक सय चार रनको शतकीय इनिङ्स खेलेका थिए। गत वर्ष टी-२० विश्वकपमा उनले दक्षिण अफ्रिकाविरुद्ध १९ रन खर्चेर चार विकेट लिएका थिए।



सोमपाल कामी : सोमपाल एक दशकदेखि टोलीमा अनवरत रूपमा छन्। सन् २०१४ मा हङकङविरुद्ध टी-२० आईमा डेब्यु गरेका सोमपाल प्रमुख बलरका रूपमा छन्। नयाँ बलमा विपक्षी ब्याट्सम्यानलाई सहजै झुक्याउँदै विकेट लिने उनको प्रमुख विशेषता हो। नेपालले पछिल्लो समय एसिया कप तथा टी-२० विश्वकप खेल्दा उनको भूमिमा पनि महत्त्वपूर्ण मानिन्थ्यो। ७८ टी-२० आईमा उनले ७६ विकेट लिएका छन्। उनको उत्कृष्ट प्रदर्शन नै २०/३ रहेको छ। टी-२० आईमा उनको इकोनोमी ७.१६ र २३.२६ को औसतमा उनी बलिङ गर्छन्।



ब्याटिङमा उनले ७८ टी-२० आईमा तीन सय ३३ रन जोडेका छन्। यस क्रममा उनले २५ चौका र १६ छक्का प्रहार गरेका छन्। समग्रमा टी-२० सिरिजमा उनले ९१ खेलमा ८९ विकेट हात पारेका छन्।

करण केसी : सोमपालसँगै करण ओपनिङ बलिङ गर्छन्। नेपाललाई सुरुवाती सफलता र ब्रेक थ्रु दिलाउनमा करण माहिर छन्। नेपाली टोलीमा उनी टी-२० र एकदिवसीय फर्म्याटमा अलराउन्डर भूमिकामा रहने गर्छन्। पुछारमा रहेर पनि उनको ब्याटिङ लोभलाग्दो छ। कतिपय महत्त्वपूर्ण खेलमा शीर्ष र मध्यक्रमका ब्याट्सम्यान चुकेको अवस्थामा करणले म्याच विनिङ प्रदर्शन गरेका उदाहरण छन्। सन् २०१५ मा नेदरल्यान्ड्सविरुद्ध टी-२० आईमा डेब्यु गरेका करण निरन्तर रूपमा टोलीका प्रमुख खेलाडीका रूपमा रहँदै आएका छन्। टी-२० आईमा उनले ८१ खेलमा एक सय तीन विकेट लिनुका साथै चार सय ६८ रन जोडेका छन्। उनले टी-२० आईमा तीनपटक चार विकेटभन्दा बढी तथा एकपटक पाँच विकेटको प्रदर्शन गरेका छन्।



ललितनारायण राजवंशी : दुई महिनाअघि स्कटल्यान्डमा भएको आइसिसी विश्वकप डिभिजन लिग-२ मा ललित चोटग्रस्त भएका थिए। चोटमुक्त हुँदै टोलीमा स्थान बनाएका ललितले अस्ट्रेलियाको भ्रमण गुमाएका थिए। तर, वेस्ट इन्डिजसँगको ऐतिहासिक सिरिजमा उनी उत्कृष्ट पुनरागमन गर्न चाहन्छन्। सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध डेब्यु गरेका ललितले ३१ टी-२० आईमा २९ विकेट लिएका छन्। उनले २४.१३ को औसतमा बलिङ गर्छन्। यस फर्म्याटमा उनको उत्कृष्ट प्रदर्शन ६ रन खर्चेर तीन विकेट लिनु हो। घरेलु फ्रेन्चाइज लिगमा सक्रिय रहेका ललितले टी-२० सिरिजमा ३४ खेलमा ३१ विकेट हात पारका छन्।




कुशल मल्ल : अहिले कुशल खासै फर्ममा छैनन्। तर, महत्त्वपूर्ण प्रतियोगितामा उनको ब्याटिङ चल्ने गर्छ। ब्याटिङ अलराउन्डर भूमिका निर्वाह गर्ने कुशल लामो स्ट्रोक लगाउन सिपालु छन्। बायाँ हातले बलिङ गर्ने उनले टी-२० आईमा १५ वर्षको उमेरमा डेब्यु गरेका थिए। एकदिवसीय खेलमा उनी सबैभन्दा कम उमेरमा अर्धशतक लगाउने ब्याट्सम्यान हुन्। उनले १५ वर्ष ३४० दिनमा अर्धशतक बनाएका थिए। सन् २०२३ मा १९औँ एसियाडमा कुशलले टी-२० आईमा मंगोलियाविरुद्ध ३४ बलमै शतकको विश्व रेकर्ड राखेका थिए। त्यसको एक वर्षपछि नामिबियाका ब्याट्सम्यानले उनको रेकर्ड तोडे। सन् २०१९ मा जिम्बाबेविरुद्ध टी-२० आईमा डेब्यु गरेका उनले अन्तिमपटक गत १३ अप्रिलमा कुवेतविरुद्ध खेलेका थिए। कुशलले ५१ टी-२० आईमा एकशतक तथा चार अर्धशतकको सहयोगमा नौ सय २१ रन जोडेका छन्। यस फर्म्याटमा उनले १९ विकेट लिएका छन्।



आसिफ शेख : नेपाली टोलीमा प्रमुख विकेटकिपर ब्याट्सम्यानमा सेख जमेका छन्। एकदिवसीय र टी-२० आईमा सेख ओपनिङमै क्रिजमा आउँछन्। विकेटपछाडि उनको चलाखीपूर्ण क्रियाकलापले विपक्षी ब्याट्सम्यान सहजै स्टम्पिङ र रनआउट हुन्छन्। टी-२० आईमा उनले सात अर्धशतकको सहयोगमा एक हजार तीन सय ७३ रन जोडेका छन्। सन् २०२१ मा नेदरल्यान्ड्सविरुद्ध टी-२० आईमा डेब्यु गरेका उनले ५२ चौका र ३४ छक्का प्रहार गरेका छन्। यसैगरी, टी-२० सिरिजमा ६७ खेलबाट उनले नौ अर्धशतकको महतमा एक हजार पाँच सय ४७ रन जोडेका छन्।

सन्दीप जोरा : सन्दीपले यसै सिरिजबाट टी-२० आईमा पुनरागमन गर्दै छन्। सन् २०१९ मा युएईविरुद्ध डेब्यु गरेका जोराले अन्तिमपटक गत वर्ष बंगलादेशविरुद्ध विश्वकपमा प्रतिस्पर्धा गरेका थिए। एक वर्षपछि अवसर पाएका जोराले नेपालबाट ३१ टी-२० आईमा तीन सय ८८ रन जोडेका छन्। उनले तीन अर्धशतक प्रहार गर्ने क्रममा २३ चौका र १५ छक्का प्रहार गरेका छन्। प्रशिक्षक र कप्तानले आवश्यक परेका वेलामा उनलाई पिन्च हिटरका रूपमा क्रिजमा पठाउने गरेका छन्।



मोहमद आदिल अन्सारी : नेपाल क्रिकेट संघले आयोजना गरेको नेपाल टी-२० लिगमा म्याच फिक्सिङ काण्डमा परेपछि अन्सारी दुई वर्ष राष्ट्रिय टोलीबाट बाहिर रहे। प्रतिबन्ध फुकुवा भएपछि अन्सारीले टोलीमा अवसर पाएका हुन्। दायाँहाते मध्यम गतिका बलर अन्सारीले अहिलेसम्म नेपालबाट आठ टी-२० आईमा प्रतिस्पर्धा गरेका छन्। यस क्रममा उनले एक सय १० रन बनाएका छन्। बलिङमा उनले पाँच विकेट हात पारेका छन्। सन् २०२२ मा उनले पपुवा न्युगिनीविरुद्ध डेब्यु गरेका थिए। वेस्ट इन्डिजविरुद्धको सिरिजमा उनी आफूलाई उत्कृष्ट पुनरागमन गर्न चाहन्छन्।

गुल्सन झा : नेपाली राष्ट्रिय टोलीमा गुल्सन अलराउन्डर भूमिकामा छन्। बायाँहाते ब्याट्सम्यान गुल्सन दायाँ हातले बलिङ गर्छन्। सन् २०२२ मा उनले फिलिपिन्सविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए। उनले अन्तिमपटक कुवेतविरुद्ध गत अप्रिलमा प्रतिस्पर्धा गरेका थिए। अहिलेसम्म उनले ४२ खेलमा ३० इनिङ्समा बलिङ गर्दै नेपालका लागि २३ विकेट लिएका छन्। उनले ब्याटिङका क्रममा ३२ इनिङ्समा एक अर्धशतकको सहयोगमा चार सय ९५ रन जोडेका छन्। एकदिवसीय खेलमा उनले चार अर्धशतकको सहयोगमा सात सय १८ रन बनाएका छन्।



आरिफ शेख : शीर्ष अर्डरका ब्याट्सम्यान आरिफले अहिलेसम्म नेपालका लागि ४३ टी-२० आईमा ३४ इनिङ्समा ब्याटिङ अवसर पाएका छन्। उनले ३४ इनिङ्समा सातपटक नटआउट रहँदै पाँच सय ३८ रन जोडेका छन्। सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध टी-२० आईमा डेब्यु गरेका उनले गत जुनमा स्कटल्यान्डसँगको खेल अन्तिमपटक खेलेका थिए। आरिफले ब्याटिङका क्रममा ५१ चौका र १२ छक्का प्रहार गरेका छन्। टी-२० आईमा उनले नौ इनिङ्समा चार विकेट लिएका छन्।



नन्दन यादव : सन् २०२५ को अप्रिलमा यादवले टी-२० आईमा डेब्यु गरेका थिए। उनले अन्तिमपटक गत जुनमा नेपालबाट नेदरल्यान्ड्सविरुद्ध प्रतिस्पर्धा गरेका हुन्। दायाँहाते फास्ट बलर यादवले अहिलेसम्म नेपालबाट पाँच खेलमा पाँचै इनिङ्स बलिङ गरी आठ विकेट लिएका छन्। उनले १६.६२ औसतमा बलिङ गरेका छन्। ब्याटिङका क्रममा उनले दुई इनिङ्समा ४९ रन जोडेका छन्।



साहाव आलम : आलमले तीन वर्षपछि राष्ट्रिय टोलीमा पुनरागमन गरेका हुन्। सन् २०२१ मा उनले नेदरल्यान्ड्सविरुद्ध डेब्यु गरेका थिए। सन् २०२२ मा केन्यासँगको प्रतिस्पर्धा पछि उनी कहिले पनि टोलीमा परेनन्। नेपालको 'ए' टोलीबाट उत्कृष्ट प्रदर्शन गरेपछि आलमले वेस्ट इन्डिजसँगको सिरिजमा मौका पाउन लागेका हुन्। उनले ६ टी-२० आईमा चार विकेट लिएका छन्। उनले एकपटक मात्र टी-२० आईमा ब्याटिङ गरेका छन्। लिस्ट 'ए' मा उनले तीन खेलमा ४४ रन बटुलेका छन्।



११ वर्षमा नेपालले खेल्यो टेस्ट राष्ट्रविरुद्ध आठ खेल



वेस्ट इन्डिजबाहेक नेपालले अहिलेसम्म टी-२० आईमा भारत, बंगलादेश, जिम्बाबे, दक्षिण अफ्रिका र आयरल्यान्डसँग प्रतिस्पर्धा गरेको छ।

नयाँ पत्रिका

सन् २०१४ मा नेपालले टी-२० आईको मान्यता पाएको थियो। बंगलादेशमा भएको आइसिसी टी-२० आई विश्वकप क्रिकेटमा नेपालले हङकङसँग प्रतिस्पर्धा गरेको थियो। हङकङसँगको खेल नै नेपालको पहिलो अन्तर्राष्ट्रिय टी-२० खेल रह्यो। नेपालले डेब्यु टी-२० खेलमै जित निकालेको थियो। यो ११ वर्षमा नेपालले दुईपटक टी-२० विश्वकप खेलेको छ। यसैगरी, एसिया कपमा एकपटक नेपालले प्रतिस्पर्धा गरेको थियो।

नेपालले टी-२० आई मान्यता पाएपछि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा आइसिसीका पूर्णकालीन सदस्यहरूसँग प्रतिस्पर्धा गर्न अवसर पाएको छ। तथ्यांकअनुसार नेपालले बंगलादेश, जिम्बाबे, आयरल्यान्ड, भारत र दक्षिण अफ्रिकासँग अन्तर्राष्ट्रिय टी-२० आई खेलेको छ। अहिले नेपालको छैटौँ टेस्ट राष्ट्रका रूपमा वेस्ट इन्डिजसँग शनिबार सारजहाँमा प्रतिस्पर्धा हुँदै छ। यसअघि टेस्ट राष्ट्रसँग टी-२० आई प्रतिस्पर्धा गरे पनि नेपालले पहिलोपटक सिरिज खेल्न लागेको हो। समग्रमा नेपालले टेस्ट राष्ट्रसँग आठवटा टी-२० आई खेल खेलेको छ।

सन् २०१४ को टी-२० विश्वकपमा नेपालले समूह चरणमै आयोजक बंगलादेशसँग प्रतिस्पर्धा गर्ने अवसर पायो। जसमा पारस खड्काको कप्तानीमा रहेको नेपाल बंगलादेशसँग आठ विकेटले पराजित भएको थियो। सन् २०१९ मा त्रिकोणात्मक टी-२० आई सिरिजमा नेपालले जिम्बाबे र सिंगापुरसँग खेल्यो। सो सिरिजमा नेपालले दुईपटक जिम्बाबेविरुद्ध भिडेको थियो। जिम्बाबेले पहिलो खेलमा नेपाललाई पाँच विकेट तथा दोस्रो खेलमा ४० रनले हराएको थियो।

सन् २०१९ मै ओमानमा पेन्टागुलर टी-२० आई सिरिज भएको थियो। यस सिरिजमा आयरल्यान्डले पनि भाग लिएको थियो। आयरल्यान्डसँगको पहिलो भेटमै नेपाल १३ रनले पराजित भयो। सन् २०२२ मा ओमानमै आइसिसीको आयोजनामा क्वाड्रानगुलर टी-२० आई सिरिज भयो, जसमा आयरल्यान्ड पनि सहभागी थियो। रोमाञ्चक तथा प्रतिस्पर्धात्मक खेलमा सन्दीप लामिछानेको कप्तानीमा रहेको नेपाल आयरल्यान्डसँग केवल १६ रनले निराश भयो। आयरल्यान्डविरुद्धको खेलमा नेपालका दीपेन्द्रसिंह ऐरीले अलराउन्डर प्रदर्शन गरेका थिए। उनले ब्याटिङमा २८ रन बनाउनुका साथै बलिङमा चार विकेट लिए। फिल्डिङ क्रममा उनले दुई क्याचसमेत हात पारे।

सन् २०२३ मा चीनको हाङझाउमा भएको १९औँ एसियन खेलकुदअन्तर्गत क्रिकेटमा नेपालले भारतसँग प्रतिस्पर्धा गरेको थियो। नेपालको पूरै राष्ट्रिय टोली भए पनि भारतले 'ए' टोली एसियाडमा पठाएको थियो। अझ भारतीय टोलीमा इन्डियन प्रिमियर लिगमा चलेका खेलाडी थिए। भारतसँग नेपाल २३ रनले हारेको थियो। सो खेलमा भारतका लागि यशस्वी जैसवालले शतक प्रहार गरेका थिए।

गत वर्ष वेस्ट इन्डिज र अमेरिकाले आयोजना गरेको टी-२० विश्वकपमा नेपालले आफ्नो समूहमा दक्षिण अफ्रिका र बंगलादेशविरुद्ध खेलेको थियो। नेपालले दक्षिण अफ्रिकाविरुद्ध उत्कृष्ट बलिङ गरेको थियो। दक्षिण अफ्रिका एक सय १५ रनमा समेटिएको थियो। नेपालले सबै विकेट गुमाएर एक सय १४ रन मात्र बनाउँदा दक्षिण अफ्रिका एक रनले विजयी भयो। सो खेलमा नेपालका गुल्सन झा रनआउट भएका थिए।

सोही समूहमा नेपालले बंगलादेशसँग प्रतिस्पर्धा गऱ्यो। नेपाल र बंगलादेशबिच १० वर्षपछि भिडन्त भएको थियो। यसै खेलमा सन्दीप लामिछानेले टी-२० आईमा सय विकेट पूरा गरे। नेपालले पुनः एकपटक टेस्ट राष्ट्रविरुद्ध धारिलो बलिङ गर्दै बंगलादेशलाई एक सय ६ रनमा सीमित बनाएको थियो।

सहज एक सय सात रनको लक्ष्य पछ्याएको नेपाल २१ रनले पराजित भयो।

पूर्वविश्व च्याम्पियन वेस्ट इन्डिजविरुद्ध खेल्न तयार नेपाल



हाम्रो तयारी निकै राम्रो छ

● **रोहित पौडेल**, कप्तान, नेपाल

सिरिजलाई लिएर सबैजनाको मनोबल उच्च रहेको छ। नेपालको तयारी पनि धेरै राम्रो भएको छ। हाम्रा लागि ऐतिहासिक अवसर हो। नेपालीलाई कसरी खुसी बनाउन सकिन्छ भन्ने अवसर पनि रहेको छ। सबैजना धेरै उत्साहित छन्। वेस्ट इन्डिजलाई हराउन सक्यौँ भने त्यसले एकदम राम्रो छाप विश्व क्रिकेटमा राख्नेछ। यो सिरिजपछि नेपाललाई अर्को महत्त्वपूर्ण सिरिज खेल्ने बाटो खुल्नेछ। हामीले वेस्ट इन्डिजसँगको प्रतिस्पर्धालाई विश्वकपको तयारीका रूपमा पनि लिएका छौँ। सबै खेलाडीले शतप्रतिशत दिने विश्वास छ। यो सिरिजपछि हामी ओमानमा हुने विश्वकप छनोटमा सहभागी हुन्छौँ। त्यसका लागि राम्रो नतिजा निकाल्नुपर्छ।



नेपालको क्रिकेट फलो गरेको छु

● **अकिल होसेन**, कप्तान, वेस्ट इन्डिज

वेस्ट इन्डिज 'ए' टोलीले दुई वर्षअघि नेपालमा प्रतिस्पर्धा गरेको थियो। त्यस सिरिजमा म सहभागी हुन सकिनँ। तर, मैले नेपालको क्रिकेटबारे राम्रो बुझेको छु। अर्को अर्थमा मैले केही समययता नेपालको क्रिकेट र उनीहरूका खेलाडीबारे अध्ययन गरेको छु। नेपाल राम्रो टोली हो। उनीहरूका खेलाडी राम्रा र मिहिनेती छन्। अहिले टोलीमा युवा खेलाडी छन्। वेस्ट इन्डिजले युवा तथा सिनियर खेलाडी मिश्रण गरी टोली तयार गरेको छ। मैदानमा जसले राम्रो खेल्छ, जित उसैको हुनेछ। सिपिएल खेलेर आएका खेलाडी फर्ममा छन्। उनीहरूले नेपालविरुद्ध राम्रो गर्ने विश्वास लिएको छु।

नयाँ पत्रिका

नेपालले पहिलोपटक शनिबार समान दुईपटकको आइसिसी टी-२० र एकदिवसीय विश्वकप विजेता वेस्ट इन्डिजसँग सिरिज खेल्दै छ। आइसिसीको टेस्ट राष्ट्रसँग नेपालले पहिलोपटक टी-२० आइ सिरिज खेल्न लागेको हो। नेपालले यस सिरिजको नाम युनिटी कप दिइएको छ। युएईको विश्व चर्चित क्रिकेट मैदान सारजहाँमा नेपाल र वेस्ट इन्डिजका कप्तानहरूले एक आपसमा कमजोर रुपमा नलिने बताएका छन्।



सारजहाँ रंगशालामा शुक्रबार भएको प्रि पोस्टम्याचमा नेपालका कप्तान रोहितकुमार पौडेलले वेस्ट इन्डिजविरुद्ध खेलाडी सबै तयार भएको बताएका छन्। 'हामी आइसिसीको टेस्ट राष्ट्र वेस्ट इन्डिजसँग खेल्न पूर्ण रुपले तयार छौँ,' पौडेलले भने, 'हामीले यसका लागि राम्रो तयारी गरेका छौँ।' वेस्ट इन्डिजका कप्तान अकिल होसेनले नेपाल नयाँ प्रतिद्वन्द्वी भए पनि बलियो भएको बताए। 'नेपालको क्रिकेट बारे मैले फलो गर्दैआइरहेको छु। उनीहरूको खेल राम्रो छ,' कप्तान अकिलले भने, 'यूवा र सिनियर खेलाडीका साथ हामी खेल्न आइरहेका छौँ।'

नेपाललाई यस सिरिजमा इतिहास बनाउने अवसर छ। नेपालले हालसम्म आईसीसीको पूर्ण सदस्यलाई टी-२०आईमा हराउन सकेको छैन। नेपालले ओमानमा हुने आइसिसी टी-२० विश्वकपअन्तर्गत एसियन छनोटको अन्तिम तयारीका रुपमा यो सिरिजलाई लिएको छ। नेपालले यसक्रममा अस्ट्रेलिया तथा बेलायतमा मैत्रीपूर्ण खेलमा सहभागी भएको थियो। खेलाडीहरू अहिले फिममा रहेको कप्तान पौडेलको भनाई छ। 'अहिले सबै खेलाडी फर्ममा छन्,' उनले भने, 'यसै सिरिजबाट विश्वकप छनोटको अन्तिम तयारीसमेत हुने छ।' वेस्ट इन्डिज भने पछिल्लो समय खराब फर्ममा छ।

सन् २०२५ मा वेस्ट इन्डिजले १२ टी-२०आईमा २ वटा मात्र जित निकालेको छ। पछिल्लो आठ खेलमा वेस्ट इन्डिजले एक जितमात्र हात पारेको थियो। गत जुनमा इंग्ल्यान्डसँगको तीन टी-२० आई सिरिज वेस्ट इन्डिजले गुमाएको थियो। वेस्ट इन्डिजले अस्ट्रेलिया र पाकिस्तानसँगको सिरिज पनि गुमाएको थियो। यस कारण वेस्ट इन्डिज नेपालसँगको प्रतिस्पर्धाबाट फर्ममा आउन चाहन्छ। नेपालविरुद्ध वेस्ट इन्डिजले ६ यूवा खेलाडीलाई अवसर दिन सक्छ।

शारजाह क्रिकेट रंगशालाको पिच बलरलाई सधै राम्रो मानिन्छ। यहाँको बाउन्ड्रीमा सहजै चौका वा छक्का प्रहार गर्न सकिन्छ। नेपाल र वेस्ट इन्डिजबिचको खेल डे नाइटमा हुने छ। यस्तो अवस्थामा दोस्रो इनिङ्समा बलिङ गर्ने बलरलाई सहज मानिन्छ। यस रंगशालामा कप्तानले टस जितेर पहिले ब्याटिङ गर्न रुचाउँछन्। दोस्रो इनिङ्समा डियू पनि आउने भएकाले लक्ष्य पछ्याउने टोलीलाई गाह्रो हुने देखिन्छ।

यस सिजनमा नेपालको मिश्रिम प्रदर्शन

सन् २०२५ को सिजनमा नेपालले अहिलेसम्म आठ वटा टी-२० आई खेलेको छ। जसमा चार जित र दुई हारको सामना नेपालले गरेको छ। दुई खेल नतिजाविहिन भएको थियो। गत अप्रिलमा हङकङमा भएको चारदेशीय सिरिजमा नेपालले समूह चरणमा कतार र कुवेतलाई पाखा लगाएको थियो। नेपाल र हङकङबिचको खेल वर्षाले रद्द भयो। सोही सिरिजको फाइनलमा नेपाल कुवेतसँग ३ रनले पराजित भएको थियो। दुई महिनाधि स्कटल्यान्डमा भएको त्रिकोणात्मक सिरिजमा नेपालले दुई खेल जित्दा एकमा हार सामना गऱ्यो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com